चाहिएको मानवीकरण तर भइरहेछ दानवीकरण र देवत्वकरण : प्रा चैतन्य मिश्र

आइतबार • २८ जेठ २०७४ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.co

'राजनीतिक तह सबैभन्दा भ्रष्ट'

सुशीला कार्की, प्रधानन्यायाधीश

SHIKHAR SHOE
Style with Excellence
Never Before Offer
SHIKHAR SHOE
Style with Excellence
CRAZY SALE
१५- ८५% छुट
सर्तहरु लागु हुनेछ*
प्रवेश नि:शुल्क
अविश्वसनिय (१५% - ८५%) छुट
रु. १०० मा, पनि जुत्ता चप्पल छानि छानि
यो योजना शिखर शुजका उपत्यका का सबै Showroom हरुमा पनि लागु हुनेछ ।
स्थान: भृकुटिमण्डप, काठमाडौं
१४ गते देखि

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
बेहतर फॉर्मुला
९ असरदार जडी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

भित्र

आइतबार, २८ जेठ २०७४ (वर्ष १७, अंक ४३)
NEPAL National Weekly, 11 June 2017 (Vol. 17, No.43)

नेपाल
www.nepal.ekantipur.com

'भ्रष्टाचार मुद्दामा धेरै अवरोध'

सुशीला कार्की, प्रधानन्यायाधीश

आवरण २८

१५ सन्दर्भ
कहाँ छन् गिर्वाणी-सुरंगना ?

२४ बेथिति
विभूषणको बदनामी

२६ अर्थ
जेलिँदै जहाज खरिद प्रक्रिया

३८ समाज
वैदिक साम्यवाद

५४ झल्याकझुलुक

न हिट, न फुर्सद

४४ रंगमञ्च
नाटक कि नाटकघर ?

विमर्श : अच्युत वाग्ले १८
दृष्टिकोण : प्रा चैतन्य मिश्र २०
फरक मत : उज्ज्वल प्रसाईं ३६

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने

कपी डेस्क : ईश्वरी ज्ञवाली, विमल आचार्य, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २१ जेठ २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

छाडा छाड्नुको परिणाम

छोराछोरीकै लागि भनेर दिनरात पसिना बगाउँदैमा सन्तानप्रतिको जिम्मेवारी पूरा हुँदो रहेनछ *(कच्चा उमेर, जघन्य अपराध, २१ जेठ)*। कुनै पनि अभिभावक आफ्ना छोराछोरीले दुःख पाऊन् भन्ने चाहँदैनन् र सकेसम्म सुख नै दिन्छन्। तर, बुझ्नुपर्ने कुरा के भने सन्तानलाई सुखभन्दा उचित महत्वपूर्ण संस्कार रहेछ। त्यो पनि सकारात्मक कार्य गर्न अभिप्रेरित गर्ने र समाजप्रति उत्तरदायी बनाउने। तर, आधुनिकतालाई पूरापूर अवलम्बन गर्न दिएर छाडा छोडिदिँदा सन्तान आपराधिक कार्यमा अग्रसर भएको पत्तै हुन्न। सन्तानप्रतिको अनावश्यक विश्वास र उचित अन्तर्क्रियाको अभावको परिणाम हो यो। त्यसैले सन्तानको उचित रेखदेख गर्नु अहिलेका अभिभावकको सबभन्दा ठूलो चुनौती हो।

● **मिलन चौलागाईं**
सुकेधारा, काठमाडौं

थप संकट निश्चित

राजनीतिक आवरणमा जघन्य अपराधमा संलग्नलाई पनि उन्मुक्ति दिँदै जाने हो भने कानुनी-राज समाप्त हुन बेर लाग्नेछैन *(अपराधीलाई उन्मुक्ति, २१ जेठ)*। ०४६ को परिवर्तनपछि प्रत्येकजसो सरकारले विभिन्न अपराधमा मुछिएका आफूनिकटका व्यक्तिलाई यसै गरी उन्मुक्ति दिँदै जाँदा आजको भद्रगोल स्थिति आएको हो। अब पनि नचेत्ने हो भने यसबाट थप संकट निम्तिने निश्चित छ।

● **पुरन बज्राचार्य**
कुलेश्वर, काठमाडौं

जनतासँग निकट

जनताको मन जितेकैले नेपाल मजदुर किसान पार्टीले भक्तपुरमा आफ्नो वर्चस्व कायम गरेकामा दुईमत छैन *(भक्तपुरमा रोहित राज, २१ जेठ)*। स्थानीय जनतासँग उक्त पार्टीले कायम गरेको निकटताले पनि यो सम्भव भएको हो। पार्टी अध्यक्ष नारायणमान बिजुक्छेको सरल जीवनशैलीले पनि भक्तपुरका जनतालाई उत्तिकै प्रभावित गरेको छ।

● **रश्मि आचार्य**
कौशलटार, भक्तपुर

साझा सन्देश

गुणराज लोहनीको क्रान्तिका लागि सही विचार र त्यस अनुसारको संगठनको आवश्यकतामा जोड दिँदै लेखिएको अनुभूति पठनीय लाग्यो *(साम्यवादको सपना, २१ जेठ)*। गणतन्त्रपछि क्रमशः साम्यवाद लागू हुँदै जाने सपना पनि उनले देखेका छन्, जसका लागि संगठनको नेतृत्व गर्ने योग्यता, क्षमता र दक्षता भएको एउटा प्रमुख व्यक्ति चाहिन्छ। लेखकले मार्क्सवाद त्याग्ने, शास्त्रीय मार्क्सवादको व्याख्या गर्नेजस्ता विचारका थुप्रै नेता युगसापेक्ष हुन नसकेको प्रसंग उठाएका छन्, जो पूरापूर सही हो। सर्वहारा वर्गको नेतृत्व गर्न सबै पक्षलाई दिइएको साझा सन्देश पनि हो यो।

● **यज्ञ कार्की**
मन्थली, रामेछाप

अब्बल विधान

गीतलाई आत्माको आवाज ठान्ने विधान श्रेष्ठ साँच्चिकै अग्ला रहेछन् *(अलग विधान, २१ जेठ)*। भीडभन्दा अलग उनको पहिचान वास्तवमै अब्बल रहेछ। लहड र लहरको पछि नदौडने उनको आफ्नोपनप्रतिको आत्मविश्वास तारिफयोग्य छ। संगीतलाई साधना मान्ने अब्बल साधक विधानको सोचबाट आजको पुस्ता कायल नै छ।

● **गोकर्ण पण्डित**
पाटन, ललितपुर

जगेर्ना जरुरी

स्थानीय तहको पहिलो चरणको निर्वाचनमा देखिएको उत्साहजनक सहभागिताले यो सफल भएकामा अब शंका रहेन *(स्थानीय निर्वाचन : गाउँ-सहर, निर्माणको अवसर, ७ जेठ)*। झन्डै २० वर्षपछि जनताले सक्षम र राम्रा उम्मेदवार चुन्ने अवसर पाएका छन्। गाउँ तहसम्म विकास आयोजनाका लागि ठूलो बजेट पुग्ने भएको छ। ठूलो बलिदानीपूर्ण आन्दोलनपछि मात्रै जनताले यो उपलब्धि प्राप्त गरेका हुन्। तसर्थ, यसको जगेर्ना गर्नु जरुरी छ।

● **कृष्ण मगर**
कमलामाई नगरपालिका, सिन्धुली

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।

गुनासो, जानकारी, परामर्श सुझाव...

नि:शुल्क टोल फ्रि नम्बर

1660 01 22222	NTC
9801 57 2222	Ncell

अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन।

KANTIPUR PUBLICATIONS PVT. LTD. | Radio Kantipur | KANTIPUR TELEVISION NETWORK (P) LTD. | KANTIPUR DIGITAL CORP | KANTIPUR FOUNDATION | कान्तिपुर | kathmandupost | साप्ताहिक | नेपाल | नारी | ekantipur

सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।

www.kmg.com.np

विदेशबाट

सगरमाथा दिवसमा सुरक्षा चिन्ता

१५ जेठमा सगरमाथा आरोहणको ६४ वर्ष पूरा भएको छ । यसबीच २०१६ डिसेम्बरसम्म ४ हजार ४ सय ५९ जनाले ७ हजार ६ सय ४६ पटक सगरमाथाको सफल आरोहण गरिसकेका छन् । तर, यही अवधिसम्म आरोहणकै क्रममा ६३ शेर्पा र १ सय ११ अन्य आरोहीले ज्यान गुमाएका छन् ।

दुई वर्षअघि आएको विनाशकारी भूकम्पका कारण १९ जनाले सगरमाथामा ज्यान गुमाएका थिए । र, गत वर्ष आरोहणका क्रममा यहाँ ज्यान गुमाउनेको संख्या ६ थियो । आरोहणकै क्रममा सगरमाथामा ज्यान गुमाउनेको संख्या बढ्दै जानुले आरोहीहरूको सुरक्षालाई गम्भीरतापूर्वक लिनुपर्ने जरूरी देखिएको छ । तर, यसबारे नेपाल र चीनको ध्यान त्यति पुगेको देखिँदैन । उनीहरूसँग त अहिलेसम्म आरोहणका क्रममा कतिको ज्यान गयो भन्ने आधिकारिक तथ्यांक पनि छैन । जबकि, सगरमाथा नेपाल र चीनको सिमानामा पर्छ ।

पर्वतारोही एड्रियान बालिन्जरले *सीएनएनसँग* भनेका छन्, 'पश्चिमा कम्पनीहरूले पनि पवर्तारोहीलाई सुरक्षाको प्रत्याभूति गराउनुपर्छ । त्यहाँ हाम्रो हैसियत एउटा पर्यटकको जस्तै मात्रै हुन्छ । यस मामिलामा यदि पश्चिमा कम्पनीहरूले उच्च स्तर कायम गर्न सक्दैनन् भने हामी पनि चुप बस्न सक्दैनौं ।' बालिन्जरले ६ पटक सगरमाथाको सफल आरोहण गरिसकेका छन् । ♦

सुर-बेसुर

"कुनै मान्छे एकदमै ठूलो विद्वान् वा एकदमै लोकप्रिय छ भने उसप्रति सबैको अनुराग पैदा त हुन्छ । तर, चुनावमा उठ्यो भने उसले कुनै पनि हालतमा जित्दैन । चुनावमा जित्न समर्थन र अनुराग होइन, संगठन चाहिन्छ । अहिले माओवादीले जहाँजहाँ जितेको छ, त्यो लोडसेडिङ अन्त्य गरेर जितेको होइन ।"

विश्वभक्त दुलाल 'आहुति'
नेता, नेकपा माओवादी केन्द्र
नेपालखबर डटकम

तस्बिरमा इतिहास

राज दम्पती : युवराज वीरेन्द्र ऐश्वर्यसँगको विवाहपछि नारायणहिटी दरबार फर्कंदै, १६ फागुन २०२६ ।

सोझै

तथ्यचित्र

२०१६ को दक्षिण एसियामा किशोरकिशोरीको जनसंख्या



(अंकहरू १० लाखमा)

स्रोत : युनिसेफ साउथ एसिया
इन्फोग्राफिक्स : यमन मानन्धर

साताका चर्चित

निकिता चन्दक
मिस नेपाल
मिस नेपाल २०१७ को उपाधि प्राप्त गरेकाले ।

नवीन्द्रराज जोशी
उद्योगमन्त्री
रामोन म्यागासेसे पुरस्कारप्राप्त अभियन्ता वैज्ञानिक महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रसँग सहकार्य गर्दै उक्त केन्द्रको क्षमता विस्तार गर्न १ करोड ५० लाख रुपियाँ अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरेकाले ।

बल्ले ! बल्ले !!

नवसंगठित राष्ट्रिय जनता पार्टी (राजपा)का नेताहरूले 'हुनेवाला प्रधानमन्त्री' शेरबहादुर देउवाको आमन्त्रण लत्याए । भारतीय राजदूत मन्जिवसिंह पुरीको 'हाजिर हुने आदेश' शिरोपर गरे । संविधान संशोधन नगरे दोस्रो चरणको निर्वाचन हुन नदिने घोषणा गरेका राजपाका नेताहरू लैनचौर के पुगेका थिए, यसअघि तोकिएको निर्वाचनको मिति नै सर्‍यो । राजपाले पनि आमहडताललगायतका कार्यक्रम फिर्ता लियो ।

वाटरगेटको घैंटोमा घाम नलागेको तर घामको उज्यालो रहेसम्म आशा पनि त्यागिनसकेको एउटा कुरा छ । त्यो के भने दूतावासबाट प्राप्त सल्लाह, सुझाव अनुसारकै राजनीति गर्ने हो भने मधेसकेन्द्रित दल राजपाले आफ्नो विधानमा दूतावासको सल्लाह नै निर्णायक हुनेछ भनेर लेखे भइजान्थ्यो । अनि, सल्लाहकारलाई पनि हुन्थ्यो, बल्ले ! बल्ले !!

■ **वाटरगेट उपाध्याय**

बाठो बल्ड्याङ

मतगणकको माग

२० वर्षसम्म चुनाव नहुँदा केही नबोल्नेहरू आज एकै रातमा मतपरिणाम थाहा पाउन खोज्छन् । दलका प्रतिनिधिहरू कोही मुसाजस्ता मतपत्रै लिएर गायब हुने, कोही बाँदरजस्ता मतपत्र च्यातेर मस्ती/रमाइलो गर्ने । प्रहरी टुलुटुलु हेरी बस्ने । यी प्रवृत्ति रोकथामका लागि मतगणकका निम्न मागहरू तुरुन्त पूरा गरियोस् :

- दिनको उज्यालोमा मात्र मत गनौँ । बिजुलीको भर नपरौँ ।
- मतगणनाका बेला शौचालय बन्द गरौँ । बरू, मतगणस्थलसम्मै पाइपलाइनको व्यवस्था गरौँ ।
- मत गणना बिहान १० देखि साँझ ४ बजेसम्म मात्र गरौँ । कम्तीमा डेढ घन्टा खाजा खाने र आराम गर्ने समय दिऊँ ।
- हरेक शनिबार र सार्वजनिक बिदाका दिन गणना बन्द गरौँ ।
- गणकलाई थकाइ मार्न मध्यान्तरतिर कम्तीमा एक साताको विदेश भ्रमणको अवसर दिऊँ ।
- मतपत्र च्यात्ने बानी परेकाहरूलाई अलग्गै मतपत्रको व्यवस्था गरिदिऊँ । ताकि, तिनका नङ्ग्रा चिलाउँदा सहज होस् ।

■ **रून्चे राइँलो**

सरकारी मास्तर प्लान

एकाबिहानै प्रहरीको फन्दामा पर्‍यो छुल्याहा । कसुर थियो, जथाभावी बाटो काटेको । जेब्राक्रसिङबाट बाटो नकाटेकामा जरिवाना दुई सय रुपियाँ तिर्नुपर्ने भयो तर गोजीमा थियो, जम्मा डेढ सय । पुग्दो रकम नभएपछि प्रहरी भ्यानमा दुई घन्टा बिताउनुपर्‍यो । अनि, प्रहरीसितै बात मारेर टाइमपास गरियो ।

'जेब्राक्रसिङ नै छैन, कहाँबाट बाटो काट्नू ?' (प्रहरी मौन) ।

'पहिले जेब्राक्रसिङ बनाएर मात्र यस्तो नियम बनाउनुपर्ने नि !'

एकोहोरो बोलिरहेपछि प्रहरीलाई पनि वाक्क लागेछ क्यार, धाराप्रवाह दिन थाले, 'पिर नगर्नूस् । अब छिट्टै पुरातत्त्व विभाग, भूगर्भ विभाग र जासुसी संयन्त्रसित सहकार्य गरेर धूलोमैलोले छोपिएका, खुइलिएका, चोइटिएका, हराएका, पुरिएका जेब्राक्रसिङहरू एवं तिनका अवशेषको खोजी र उत्खनन गर्दै छ सरकारले । अझ चुनाव भर्खरै सकिएको र निकट भविष्यमै मेट्रो, मोनो रेल, केबल कार सञ्चालन हुने भएकाले बाटोमा हिंड्नुपर्ने आवश्यकता नै रहने छैन ।'

बटुवाका लागि सरकारी मास्तर प्लान गजबको छैन त ?

■ **छुल्याहा गुरू**

'आउट गोइङ' मन्त्रीलाई पियनले पानीसमेत पत्याउँदैन । कर्मचारीले टेरपुच्छर लगाउने त चान्सै छैन । मन्त्रीमा लोकसेवा पास भइसकेका अर्थमन्त्री कृष्णबहादुर महरालाई यस्तो ज्ञान नहुने कुरा होइन । उनले समयमै सबैखाले कर्मचारीको मनोभाव बुझे र सरकार परिवर्तन भए पनि अर्थमन्त्रीमा आफू दोहोरिने प्रचार गराए । कर्मचारीलाई के चाहियो ? कानेखुसी सुरु गरे । एक कान, दुई कान, मैदान भइहाल्यो । नजरिया बदलियो । हो न हो, महरा फेरि अर्थ मन्त्रालयमै विराजमान हुन्छन् झैं भयो । त्यसैले तल्लो तहदेखि उपल्लो तहका कर्मचारी पनि मन्त्री महराको सेवाका लागि आतुर छन् अहिले । धन्न, माओवादी केन्द्रका मुख्य रणनीतिकारको चतुऱ्याइँका सामु कर्मचारीहरूले योग्यता प्रदर्शन गर्न सकेनन् । चालू कर्मचारीलाई चालू मन्त्रीले उल्लु बनाइदिए । यसलाई भन्छन्, बाठोले पनि बल्ड्याङ खाएको ।

■ **अनर्थविद्**

म्यादीलाई अग्रिम बधाई

पहिलो चरणको चुनावको मोज कसलाई भयो ? तपाईं भन्नुहोला, जित्नेलाई ! तिनलाई पनि टेन्सनै छ । म्यादी पुलिस भाइबहिनीको हंसमुख देख्नुभएको छैन ? तिनलाई टिकटको चिन्ता छैन । टिकटै पाए पनि जुनसुकै बेला दिनेश कोइराला हुने सन्त्रास छ । म्यादीलाई जित-हारको टन्टा छैन । बस्, हुलमुलमा आफ्नो ज्यान जोगाए पुग्यो । पहिलो चरणको चुनाव सकिए पनि दोस्रो चरणको चुनाव सरेको सन्चै छ । म्यादीको जागिर अवधि पनि सरेको सन्चै छ । अझ शेरबहादुर देउवाजीले १४ असारको मितिलाई पनि सारिदिने बहादुरी देखाए भने म्यादीमै स्थायी हुने अवस्था छ । ज्ञातव्य रहोस्, यस्तो बहादुरी उनले राजाको प्रधानमन्त्रीका रूपमा पटक-पटक देखाएकै हुन् । त्यसैले अग्रिम बधाई म्यादी भाइबहिनीलाई !

■ **लाल कुमाल**

झटारो | लक्ष्मण गाम्नागे

नग्नश्री सुप्रबल प्रथम

हाम्रो सरकारले भर्खरै मुलुकका विभिन्न क्षेत्रमा अतुलनीय काम गर्ने महान् व्यक्तित्वहरूलाई पाँच-सात सय थान गौरवशाली मानपदक तथा विभूषण वितरण गऱ्यो । केही नकारात्मक पात्रहरूले सरकारको यस पुण्यकार्यको विरोध गरे पनि सरकारले एक कानले सुनेर अर्को कानले उडाउने परम्परालाई कायमै राख्यो । असल कामको आलोचना हाम्रो समाजमा भई नै रहन्छ । हातमा डाडुपन्यु हुँदा आफूलाई जन्म दिने मातापिता, आफूले जन्माएका छोराछोरी, ज्वाइँ, भान्जा, भान्जी, सम्धी, पूवप्रेमी, चम्चे, चमरे वा ढोकेका घाँटीमा दुई-चारवटा पदक झुन्ड्याइदिनुलाई अस्वाभाविक रूपमा लिनुपर्ने कुनै कारण छैन । सत्तामा रहँदा जाबो पदक बाँड्न पनि नपाउने हो भने हामीले गणतन्त्र ल्याएको के अर्थ ?

राजालाई फालेर ल्याएको गणतन्त्रमा राष्ट्रपति, प्रधानमन्त्री, नेता वा मन्त्रीहरू राजाभन्दा अग्रगामी नहुने हो भने किन फाल्नुपर्थ्यो राजा ! तसर्थ, राजाले भन्दा जोडतोडले मान-पदक बाँड्नु गणतन्त्र कार्यान्वयनको एक सबल पक्ष हो । यसमा कसैले आपत्ति जनाउनु आवश्यक छैन । बरू सरकारले जति र ज-जसलाई बाँड्नुपर्ने हो, त्यति बाँड्न नसकेकामा आलोचनाचाहिँ गर्न सकिन्छ ।

खड्कुलोमा मान-पदक लिई बसेका सरकारी अधिकारीहरूले दिल खोलेर पदक, पुरस्कार र विभूषणहरू वितरण गर्न सकेको देखिएन । सरकारले विभिन्न दलका भूतपूर्व नेताहरूलाई मरणोपरान्त मान-पदवी दियो तर एकदमै कन्जुस्याइँपूर्वक । तर, सरकारले २०/३० वर्षअघि मरेकाहरूसम्मलाई मात्र विभूषित गऱ्यो, त्यहाँभन्दा उता गएन । आगामी सरकारहरूलाई ने मुनि, मन्जुश्री, अंशुवर्मा, अरिमल्ल, फौदसिंह, यलम्बर, भानुभक्त, भीमसेन थापा, सीता, भृकुटी तथा स्रङचङगम्पोहरूलाई मरणोपरान्त मान-पदक दिन सकिने बाटो भने खोलिदिएको छ । यो सकारात्मक पक्ष हो ।

केही केही सरकारी छोराछोरी, साथी, बा एवं काकाहरूलाई सरकारले सम्मान गऱ्यो तर अझै धेरैलाई सम्मान पुगेको छैन । गृहसचिवज्यूले आफू र आफ्ना बालाई पदक लगाइदिनुभयो, सासू बाँकी नै हुनुहुन्छ । मुख्य सचिवज्यू आफूले लगातार दुई वर्ष लिनुभो, उहाँकी जहानको गला खाली नै रह्यो । गृहमन्त्रीका बाले सम्मान पाउनुभयो तर घरका पाले रित्तै रहे । उपराष्ट्रपतिका घरको कुकुर, अर्थमन्त्रीका घरको बिरालो, कृषिमन्त्रीको स्वर्गीय भैंसी, प्रधानमन्त्रीकी प्रथम सम्धिनी, प्रतिपक्षी दलका नेताको जन्मिन बाँकी पनाति, सत्ता साझेदार दलका नेताका स्वर्गीय कुप्राबाहरू यसपालि पनि छुटे ।

पदक वितरणमा अरू पनि केही कमजोरी देखिएका छन् । सरकारले ठग, लुटेरा, हत्यारा, भ्रष्ट, समाजद्रोहीजस्ता जिउँदै मरिरहेका व्यक्तित्वहरूका घाँटीमा पदक भिराउँदै जाँदा भूलवश दुई-चार जना जिउँदा मानिसका घाँटीमा पनि झुन्ड्याइएको पाइयो । त्यस्ताहरू समाजमा यसै सम्मानित हुने हुँदा उनीहरूका लागि सरकारले मान-पदवी खेर फाल्नु हुने थिएन । बरू आगामी दिनमा मरिसकेका र जिउँदै मरिरहेकाहरूका लागि मरणोपरान्त पदक मात्र वितरण गर्दा यस्ता गल्तीहरू दोहोरिने डर हुँदैन ।

यस्ता सामान्य कमजोरीका बाबजुद पदक पाउनयोग्य व्यक्तिहरूको छनोट गर्ने समितिका सदस्यहरूले यति मिहिनेत गर्नुभएको छ, योग्य व्यक्ति खोज्दाखोज्दा नभेट्टाएपछि आफैंलाई पदक दिनुभएको छ । यतिसम्म त्याग गर्नुभएको छ कि आफूले लगाएका लुगा पूरै खोलेर घाँटीमा पदक मात्रै झुन्ड्याएको अवस्थामा उहाँहरू सार्वजनिक हुनुभएको छ । यस्ता सबै सम्बन्धित प्रतिभाहरूलाई आगामी वर्ष लगातार तेस्रोपटक पनि नग्नश्री सुप्रबल प्रथमद्वारा सम्मानित भई थप सामाजिक प्रतिष्ठा आर्जन होओस् भनी हार्दिक शुभकामना व्यक्त गरिन्छ ।

kathmandupost.ekantipur.com
HUMAN RESOURCE
MANAGEMENT
KMG
KANTIPUR MEDIA GROUP
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
It takes exceptional talent to see the potential of others. But, is it nature or nurture? What factors are to be considered before employing someone?
Find all you need to know about Human Resource Management.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT THE BRAND
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

खड्गजीत बराल ॥

मलाउन गढीमा पुर्खाको वीरता

पृथ्वीनारायण शाहद्वारा राज्य एकीकरण गरिसकेपछि पूर्व-पश्चिम राज्य विस्तार गर्ने क्रममा विभिन्न सैनिक कमान्डर तोकिए । पश्चिम रुद्रपुर गढीको सैनिक कमान्डरमा मेरा पुर्खा शंखशूर बराल सामेल भए । त्यसै गरी, विशाल नेपाल अभियान अन्तर्गत भक्ति थापाको नेतृत्वको फौज तत्कालीन मलाउन गढीलाई सैनिक अड्डा बनाई जम्मु (हाल : जम्मु-कश्मीर) राज्यको राबी/ताबी नदीसम्म पुगेको थियो । त्यस फौजमा हाम्रै जिजुहजुरबुबा रामवीर बरालले सहभागिता जनाएका थिए । तर, इतिहासमा गोर्खाली सेना सतलजको गढीसम्म पुगेको भनेर लेखियो । अहिले त्यही साँचो भयो । त्यही इतिहास मानियो ।

सन् १८१४-१६ को नेपाल-अंग्रेज युद्धमा गोर्खाली सेनाको चतुऱ्याइँ र बहादुरीपूर्ण युद्ध कौशललाई अंग्रेज अर्थात् तत्कालीन इस्ट इन्डिया कम्पनीका सरोकारवाला निकायले नजिकबाट नियालेका थिए । उनीहरूले मोरङ, मकवानपुर, बुटवल, अल्मोडा, कुमाउ, नाहन, जैथोक, मलाउन, देउथल तथा नालापानीमा आक्रमण गरेका थिए । तालिमप्राप्त सैनिकको अभावका बाबजुद नेपाली फौजले पाल्पा, मकवानपुरजस्ता ठाउँमा बहादुरीपूर्वक लडेर विजय हासिल गरेको थियो । सायद त्यसैले सन् १८१६ मा पहिलो पटक गोर्खा पल्टन खडा गरेर गोर्खाली फौजलाई अंग्रेज सेनामा आउन आह्वान गरिएको थियो । त्यति बेलादेखि नै मेरा पुर्खा पनि त्यस फौजमा सरिक भएका थिए ।



अन्तिम एङ्ग्लो गोर्खा युद्धमा अंग्रेज जनरल गिलेस्पी मारिएपछि गोर्खाली फौजको नाम अझ चम्किएको थियो । जनरल अक्टरलोनी, मार्ले र वुडका साथै गिलेस्पीले नेपाली फौजका बारेमा धेरै प्रशंसा गरेकाले गोर्खाली फौजको बहादुरी र रण-कौशल अंग्रेजहरूबीच विशेष चर्चामा आएको हो । गिलेस्पी स्वयं गोर्खाली फौजबाट मारिएपछि गोर्खा फौजको बहादुरी र रण-कौशलबारे खास चर्चा चुलिएको थियो ।

तर, नैतिक बल कमजोर भएपछि जितेको क्षेत्र पनि हारेजस्तै हुँदो रहेछ । विजयी मन र ऊर्जा भर्ने काम तत्कालीन नेपाल दरबारका शासक वर्गबाट हुन सकेन । काँगडाको घटनाले त्यस्तै देखाउँछ । काँगडाका स्थानीयवासीले गोर्खाली फौजलाई असहयोग गर्नुको मुख्य कारण काँगडामा रसदपानीको समस्या पर्न थालेपछि गोर्खाली फौजले स्थानीय जनतासँग बेलुका दूध माग्ने र बिहान दही देऊ भन्न जाने स्थितिमा पुगेकाले थियो । बेलुका दूध खाइदिएपछि बिहान कहाँबाट दही दिऊन् ? त्यति पनि हेक्का राख्न नसक्ने अवस्थामा पुगेपछि स्थानीयवासीको असहयोग गोर्खाली फौजले बेहोरेको थियो । नालापानीको किल्लामा पानीको स्रोतमा हमला बोले । मलाउन गढीमा उत्तरदेखि हमला गरे सहजै विजय हासिल गर्न सकिन्छ भनेर त्यहाँ हमला गरे ।

काँगडाका डोगरा राजा संसार चन्दलाई नेपाली फौजले परास्त गर्न लागेको थाहा पाएपछि पन्जाबका शिख राजा रन्जित सिंहको सहयोग पुगेपछि गोर्खाली फौज त्यहाँबाट परास्त हुनुपरेको थियो । पछि गोर्खाली फौजको बहादुरी देखेर नै शिख राजाको फौजमा गोर्खाली फौजलाई स्वागत गरिएको थियो । पछि शिख पल्टनको उच्च ओहदामा गोर्खालीहरू पनि पुग्न सफल भए । शिख सेनाको कश्मीर-अफगानिस्तानसम्मको विजय अभियानमा तिनै गोर्खालीले सहयोग गरे, अग्रणी भूमिका निर्वाह गरे ।

मलाउनको हारपछि गोर्खाली सैनिक स्वदेश फर्किने वातावरण नै बनेन । तर, गोर्खाली सैनिकको वीरता देखेर अंग्रेजहरूले आफ्नो फौजमा सम्मिलित गराए । त्यसरी सुरु भएको अंग्रेज सेनामा गोर्खालीहरूको सैनिक सम्बद्धता हालसम्म निरन्तर छ । पछि आएर (सन् १८५७ मा) भारतको प्रथम स्वतन्त्रता विद्रोह, जसलाई सिपाही विद्रोह अर्थात् गदर पनि भनिन्छ, मा पराजय भोगेको इस्ट इन्डिया कम्पनीलाई त्यही गोर्खाली फौजले मद्दत नगरेको भए उसले गुमाएको दिल्ली पुनः फिर्ता पाउन असम्भव थियो । इतिहासको यो गुन उसले बिर्सिनु हुँदैन ।

तर, यति सबैका बाबजुद पनि अंग्रेजसँगको युद्ध सुगौली सन्धिमा गएर टुंगियो । पूर्वी पाल्पाको देउचुली पहाडको काखमा रहेको चुलीबोझाका ती पुर्खाले लडेको वीरताको गाथा अवश्य पनि प्रशंसनीय छ । मेरा जिजुहजुरबुबाले भक्ति थापाको फौजमा सरिक भएर लडाइँ गर्ने क्रममा अनुभव गरेको त्यो वीरता मेरा लागि पनि जीवनको एउटा मार्गदर्शक बनेको छ, जसलाई आजपर्यन्त म पनि पछ्याइरहेको छु । मेरो आफ्नै हजुरबुबा ब्रिटिस भारतीय सेनामा आबद्ध हुनुहुन्थ्यो । काँगडामा पहिलो गोर्खा राइफल बस्न पुग्दा मेरा पूर्वज त्यहाँ गएका थिए ।

ब्रिटिस इन्डियन आर्मीमा मेरो हजुरबुबाले महत्त्वपूर्ण सफलता पाउनुभएको थियो । हजुरबुबा लन्डनस्थित बकिंगम प्यालेसमा गई रानी भिक्टोरियाको एडीसी भएर काम गर्नुभयो । ६ वर्षसम्म उहाँले बकिंगम प्यालेसमा बसेर काम गर्नुभयो । बुबा पनि ब्रिटिस इन्डियन आर्मीमै हुनुहुन्थ्यो । उहाँ कप्तान हुनुहुन्थ्यो ।

(बराल नेपाल प्रहरीका पूर्वमहानिरीक्षक हुन् ।)

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

KMG
KANTIPUR MEDIA GROUP

बल्ल पायौं, अब नगुमाऔं निरन्तरताका लागि जुटौं

न्यूनतम लोडसेडिङका कारण हरेक घर तथा परिवारमा खुसी र उत्साहको माहोल छाएको छ । बिगत १० वर्षदेखि हामीलाई निरीह तुल्याइरहेको लोडसेडिङ फेरि कहिल्यै भोग्न नपरोस् यसका लागि प्रण गरौं ।

अध्यारोमा बिताएका समयबाट ज्ञान लिई, भविष्यमा फेरि यस्तो अवस्था कहिल्यै भोग्न नपरोस् । यसका लागि अग्रसर हौं ।

पिक आवरको समय साँझ ५:३० देखि ८:३० बजे मित्र हिटर, इलेक्ट्रिक आइरन, वासिङ मेसिन जस्ता अत्यधिक ऊर्जा खपत गर्ने उपकरणहरु नचलाऔं। आफ्ना उपकरणलाई अनावश्यक समयमा जडित अवस्थामा नराखी विद्युत बचत गरौं।

KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

कहाँ छन् गिर्वाणी–सुरंगना ?

तत्कालीन अधिराजकुमारी श्रुतिका छोरीहरू सार्वजनिक जीवनबाट धेरै टाढा

सीताराम बराल

जब नारायणहिटी दरबारको बिलियार्ड हलमा युवराज दीपेन्द्रले गोली चलाउन सुरु गरे, कुमार गोरखशमशेर राणाको आँखा सबैभन्दा पहिले राजा वीरेन्द्रमाथि पऱ्यो। हलको पश्चिमी कुना हुँदै कुमार गोरख राजाछेउ पुगे। जब उनले राजा वीरेन्द्रको शरीरबाट रगत बगिरहेको देखे, 'गोली लाग्यो, गोली लाग्यो' भन्दै चिच्याउन थाले। गोली चलाउने युवराज दीपेन्द्र हलको ढोकानिर पुगिसकेका थिए। तर, तिनै दीपेन्द्र फर्केर फेरि गोली बर्षाउन थाले। दोस्रो पटक दागिएको गोली पूर्वअधिराजकुमार धीरेन्द्र, कुमार खड्गविक्रम शाह र गोरखशमशेरलाई लाग्यो।

बाबुलाई गोली लागेको देखेपछि अधिराजकुमारी श्रुति पनि राजा वीरेन्द्र भएतिर अघि बढ्दै थिइन्। सम्भवतः त्यतिबेलासम्म श्रुतिलाई आफ्ना पति गोरखलाई पनि गोली लागेको छ भन्ने कुरा जानकारी थिएन। जब श्रुति वीरेन्द्रको नजिक पुगिन्, गोरख 'बाबा, मलाई पनि गोली लागेको छ' भन्दै कराए। घाइते गोरखलाई श्रुतिले काखमा राखेकी के थिइन्, फेरि गोलीको पर्रा छुट्न थाल्यो। तेस्रो पटक गोली चलाउँदै बिलियार्ड हलबाट बाहिरिए, दीपेन्द्र। यसपटक प्रहार गरिएको गोली पति गोरखलाई काखमा लिएर बसिरहेकी श्रुतिलाई पनि लाग्यो। त्यो गोलीले श्रुतिको घटनास्थलमै निधन भयो, गोरख काखैमा रहेका बेला।

१६ वर्षअघिको दरबार हत्याकाण्डमा बाँचेका गोरखसँग धर्मपत्नी श्रुतिको सबैभन्दा महत्त्वपूर्ण चिनो केही छन् भने श्रुतिको कोखबाट जन्मेका दुई छोरी गिर्वाणी र सुरंगना राणा छन्। १९ जेठ ०५८ को दरबार हत्याकाण्डमा हजुरबा-हजुरआमा, मामा र आमासमेत गुमाएका यी दुई नानीहरू त्यसयता चाहिँ गुमनामप्रायः छन्। उनीहरू सञ्चारमाध्यमबाट बिलकुलै टाढा छन्। सामाजिक-सार्वजनिक कार्यक्रममा विरलै देखिन्छन्। उनीहरू यति धेरै अलगावमा छन् कि, गोरखका निकट पारिवारिक सदस्य पनि गिर्वाणी र सुरंगनाबारे बताउन असमर्थ छन्। दरबार हत्याकाण्डका बेला भर्खर तीन वर्ष पार गरेकी श्रुति-गोरखकी जेठी छोरी गिर्वाणी यतिबेला १९ वर्ष पुगिसकेकी छन् भने सिर्फ सात महिनाकी सुरंगनाचाहिँ १६ वर्ष पार गरिसकेकी छन्।

कहाँ छन् ?

राजा वीरेन्द्रका चिकित्सक समेत रहेका डा खगेन्द्रबहादुर श्रेष्ठले ०६९ जेठमा काठमाडौँमा फोटो प्रदर्शनी आयोजना गरे। प्रदर्शनीमा राजा वीरेन्द्र र शाही परिवारसँग सम्बन्धित तस्बिर थिए। डा श्रेष्ठको निम्तो स्वीकार गर्दै श्रुतिको चिनोका रूपमा रहेका दुई छोरीका साथ गोरख बबरमहलस्थित नेपाल आर्ट काउन्सिल पुगे। आमा श्रुतिसहित दरबार हत्याकाण्डमा ज्यान गुमाएका शाही परिवारका अन्य सदस्यको तस्बिर देखेपछि गिर्वाणी भावुक बनिन्, आँसु झारिन्।

भारतमा तीन वर्षअघि डुंगा शयर गर्दै गिर्वाणी र सुरंगना

बम्पर उपहार १ किलो सुन

साथमा हरेक महिना १० तोला सुन र हरेक हप्ता १ किलो चाँदी

अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू

* शर्तहरू लागू हुनेछन् ।

एल.इ.डी टि.भी. | ल्यापटप | स्मार्टफोन | पावरबैंक | घडी | वाटर प्युरिफायर | गिफ्ट भौचर | रू २०० देखि रू २५०० सम्मको नगद छुट

ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"

थप जानकारीको लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण), 9851005217 (ध्रुव)
उपत्यका बाहिर: 9856044140 (शंकर)
SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक हप्ता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को वार्षिक ग्राहक बन्नुहोस् ।

आमा श्रुतिको काखमा रहेकी बहिनी सुरंगनालाई हेर्दै गिर्वाणी राणा प्रसूतिगृहमा, असोज ०५७

उनले आँसु झार्दै गरेको तस्बिर भाइरल भयो ।

आफूले समेत देख्न नपाएका श्रुतिका तस्बिरहरू देखेपछि भावुक त गोरख पनि बने । तर, अभिभावकीय दायित्वका कारण आँसु खसालिरहेका छोरीका अघिल्तिर रुने छुट उनलाई थिएन । आँसु दबाउँदै प्रदर्शनी हलबाट बाहिरिए, गोरख । त्यसयता गिर्वाणी र सुरंगना सार्वजनिक रूपमा देखिएको भनेको अघिल्लो साल १९ जेठमा नारायणहिटी दरबारअगाडि आयोजना गरिएको कार्यक्रममा हो, जुन दरबार हत्याकाण्डमा ज्यान गुमाएका शाही परिवारका सदस्यहरूको सम्झनामा गरिएको थियो ।

केही पारिवारिक जमघटमा बाहेक त्यसयता उनीहरू कुनै सार्वजनिक रूपमा देखिएका छैनन् । जबकि, पूर्वशाही परिवारका प्रौढदेखि किशोर र बाल उमेरका सदस्यहरूसमेत सार्वजनिक कार्यक्रम र सामाजिक सञ्जालहरूमा देखिरहन्छन्, भेटिइरहन्छन् । शाही परिवारका अन्य सदस्य जस्तै गिर्वाणी-सुरंगना सार्वजनिक कार्यक्रममा नदेखिनुको एउटा कारण हो, केही वर्षयता उनीहरू काठमाडौंमा नहुनु । दुवै जना अहिले छिमेकी मुलुक भारतमा अध्ययनरत छन् । त्यो पनि भिन्न-भिन्न सहरमा ।

दिदी गिर्वाणी बैङ्लोरस्थित एक कलेजमा स्नातक अध्ययनरत छिन् भने बहिनी सुरंगनाचाहिँ उत्तराञ्चलको देहरादुनस्थित वेलह्याम गर्ल्स स्कुलमा प्लस टू पढ्दै छिन् । अघिल्लो वर्षसम्म दिदी गिर्वाणी पनि वेलह्याम गर्ल्स स्कुलमा नै अध्ययनरत थिइन् । त्यहाँ गृह विज्ञानमा कक्षा-१२ सकेपछि उनी थप अध्ययनका लागि बैङ्लोर पुगेकी हुन् । गोरखशमशेरकी बहिनी अन्नपूर्ण राणा भन्छिन्, "मैले पनि गिर्वाणी बैङ्लोरमा स्नातक र सुरंगना देहरादुनमा पढ्दै छन् भन्ने मात्र सुनेकी छु । त्यसबाहेक थप जानकारी छैन ।"

गिर्वाणी-सुरंगना जब लगनखेलस्थित सेन्ट मेरिज स्कुलबाट दुई वर्षको अन्तरालमा कक्षा-४ पास भए, गोरखले दुवैलाई क्रमैसँग देहरादुनस्थित त्यही गर्ल्स स्कुलमा भर्ना गरिदिएका थिए । ८० वर्षअघि सन् १९३६ मा स्थापना भएको त्यो स्कुल देहरादुनको सर्कुलर रोडस्थित डलनवाला भन्ने ठाउँमा छ ।

उनीहरूलाई पढ्नका लागि किन नेपालबाट भारत लगियो त ? आफ्नो नाम उल्लेख नगरिदिने आग्रहका साथ गोरखका एक निकट नातेदार भन्छन्, "दरबार हत्याकाण्ड र श्रुतिको निधनसम्बन्धी प्रसंगलाई गोरख बिर्सन चाहन्छन् । त्यसैले, छोरीलाई प्रेसले नभेट्टाओस् र त्यो प्रसंग सुन्नु नपरोस् भनेर नै उनीहरूलाई भारत लगिएको हो ।"

मन जितेका चेलीहरू

बिहेको पाँच वर्ष नबित्दै गोरखका काखमा दुई नाबालक छाडेर श्रुति धर्तीबाट बिदा भइन्- आफ्ना आमा-बाबु र दाजु-भाइका साथ । राजा त्रिभुवनको पालादेखि नै जुद्धशमशेर परिवारसँग वैवाहिक सम्बन्ध जोडेको राजपरिवार खासमा चन्द्रशमशेरको परिवारलाई उति मन पराउँदैनथ्यो । त्यही कारण दरबारले युवराज दीपेन्द्रलाई देवयानी राणासँग बिहेको स्वीकृति दिएको थिएन, जो श्री ३ चन्द्रका पनाति पशुपतिशमशेर राणाकी छोरी थिइन् । खासमा १९ जेठ ०५८ मा त्यो बीभत्स घटना हुनुको कारण पनि यही थियो । दरबार र चन्द्रशमशेरको परिवारबीच चिसो सम्बन्धका बाबजुद अधिराजकुमारी श्रुतिको बिहे चन्द्र परिवारका गोरखसँग गरिदिन राजपरिवार राजी भएको थियो ।

श्रुति गुमाएको सात वर्षपछि गोरखले बैतडीकी दीप्ती चन्दसँग बिहे गरे, २१ मंसिर ०६५ मा । दीप्ती नाताले पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका भाइ कृष्णबहादुर चन्दकी छोरी हुन् । दीप्ती तर्फबाट पनि गोरखकी एक छोरी छन्, सुरवी ।

बाबु गोरखले गरेको दोस्रो बिहेलाई गिर्वाणी-सुरंगनाले कसरी लिएका छन् ? तर, माया र ममतामा कुनै भेदभाव नगरेर आफूहरूमाथिका प्रश्नको उत्तर गोरख र दीप्तीले दिइसकेका छन् । जहाँसम्म गिर्वाणी-सुरंगनामाथि उठेको प्रश्न हो, त्यसको जवाफ गोरख-दीप्तीको बिहेकै दिन दिएका रहेछन् । नाम बताउन नचाहने गोरखकी एक नातेदार भन्छिन्, "बिहेको भोलिपल्ट २२ मंसिर (०६५) मा दाम राख्ने कार्यक्रम थियो । त्यो कार्यक्रमको तस्बिर हाँसीखुसीका साथ गिर्वाणी र सुरंगनाले नै खिचे । त्यस्तै हार्दिक व्यवहार त्यसयता उनीहरूले देखाइरहेका छन् ।"

साना नानीहरूका लागि आमा जत्तिको प्यारी हुन्छिन्, त्यत्तिकै प्यारा हुन्छन् मामाहरू पनि । दुर्भाग्य ! दरबार हत्याकाण्डमा उनीहरूले आमा मात्र गुमाएनन्, मामा पनि गुमाए, हजुरआमा (मावलीतर्फ) पनि गुमाए । मामाघरको यो रिक्तता पूर्वराजा ज्ञानेन्द्रले पूरा गरिदिएका छन् । पूर्वराजाका सहयोगी सागर तिमिल्सिना भन्छन्, "अहिले पनि नेपाल आएका बेला दुवै नानीहरू निर्मल निवास आइपुग्छन् । पूर्वराजपरिवारले गिर्वाणी-सुरंगनालाई अन्य नातिनातिनासरहकै माया दिइरहेको छ ।"

जब कलेज-स्कुल छुट्टी हुन्छ, काठमाडौं आइपुग्नासाथ हुर्रिएर उनीहरू पुग्ने ठाउँ हो, नारायणहिटी दरबार परिसरभित्रै रहेको महेन्द्र मञ्जिल, जहाँ झन्डै ९० पुग्न लागेकी पूर्वमुमा बडामहारानी रत्न शाह आफ्नो जीवनको उत्तरार्द्ध बिताउँदै छिन् । स्रोतका भनाइमा, काठमाडौंमा रहँदा प्रत्येक दिनजस्तो उनीहरू महेन्द्र मञ्जिल पुग्छन्, दिनभर पूर्वमुमा बडामहारानीसँग रहन्छन् र बेलुकीपख ठमेलस्थित केशर महलनजिकै रहेको आफ्नो निवास फर्कन्छन् । यसबाहेक उनीहरू कतै सार्वजनिक हुँदैनन् । ♦

विमर्श

अच्युत वाग्ले

देउवाको प्रधानमन्त्रित्व र लोक

यतिखेर सबै देउता नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका दाहिने भएका छन् । यदि कुनै ठूलो अनिष्ट भएन भने उनलाई प्रधानमन्त्री हुनबाट रोक्न सक्ने कुनै तागत तत्कालका लागि देखिएको छैन ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्री पदबाट राजीनामा गरे पनि उनले देउवासँग गरेको सत्ता-साझेदारी सम्झौता जीवितै छ । विजय गच्छदारको फोरम लोकतान्त्रिक लगायतका साना पार्टीहरूले उनको पक्षमा उभिने प्रस्ट संकेत गरेका छन् । राष्ट्रिय जनता पार्टीलाई पनि उनकै पक्षमा उभिन छिमेकी शक्ति राष्ट्र भारतले समेत 'प्रेरित' गरिरहेको कसैबाट लुकेको छैन । नेकपा एमालेका अध्यक्ष केपी ओलीले भारत विरोधलाई आफ्नो 'राष्ट्रवादी' राजनीतिको मियो बनाएपछि भारतलाई पनि चाहेर वा नचाहेर देउवासँगै मिलेर काम गर्नुको विकल्प छैन । कांग्रेस र माओवादीलाई पनि अहिले ओली उभिएकै कित्तामा घचेट्ने मानसिकतामा भारत यतिखेर छैन । यसर्थ, देउवाको पक्षमा प्रधानमन्त्री बन्न आवश्यक संसदीय बहुमत पुग्न कठिन नभएको हो ।

पार्टीभित्र त देउवा कांग्रेसको इतिहासमा नै सबभन्दा शक्तिशाली सभापति हुन् । उनले झिनामसिना स्वरलाई चित्त बुझाउन चारा छर्नुबाहेक वास्तविक शक्ति बाँडफाँट गर्नुपर्ने बाध्यता छैन । केन्द्रीय समिति र संसदीय दल दुवैतिर उनको प्रस्ट बहुमत छ । र, पार्टीभित्र रामचन्द्र पौडेलले नेतृत्व गरेको उनको विरोधी भनिएको गुट मेरुदण्ड र दृष्टिकोणविहीन त छँदै छ, उसको सम्पूर्ण ध्यान पनि नयाँ बन्ने सरकारमा सकेसम्म बढी संख्यामा मन्त्री पद फुत्काउनेभन्दा पर गएको छैन । अनौपचारिक कुराकानीमा देउवाको कार्यशैलीले पार्टी एवं मुलुकलाई पुऱ्याएको क्षतिको लामो सूची प्रस्तुत गर्ने रामशरण महत, शेखर कोइराला वा महेश आचार्यजस्ता नेताहरू औपचारिक अभिव्यक्तिहरूमा पार्टी सभापतिको आलोचना गरेकै कारण फेरि

एकपटक मन्त्री हुने अवसर नगुमोस् भनेर सायद बढी नै सचेत छन् । कुनै बेला जनता र पार्टी पंक्तिले ठूलै अपेक्षा गरेका, ठूला नेताका सन्तान, महामन्त्री शशांक कोइराला, प्रकाशमान सिंह र सुजाता कोइरालाहरूको आवाज पहिलेभन्दा पनि खिइँदै गएको छ । विमलेन्द्र निधिले चाहेर वा नचाहेर देउवासँगै टाँसिनुको विकल्प देखेका छैनन् । गगन थापालगायतका जागरुक भनिएका युवा नेताहरू अहं मुद्दाहरूमा पनि मुखरित हुनुभन्दा अनुशासित हुने रणनीति अवलम्बन गरिरहेका छन् ।

देउवाको शक्तिको उस्तै शक्तिशाली प्रभाव मुलुकको राज्य संयन्त्र र स्वतन्त्र भनिएका संवैधानिक निकायसम्म फैलिएको छ । न्यायपालिका, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र तीनै तहको चुनाव गराउनुपर्ने निर्वाचन आयोगसमेत उनको संकेत, आदेश र इच्छाविपरीत चल्नै नसक्ने अवस्था सिर्जना भएको अनुभव सर्वत्र भएको छ । प्रशासन र प्रहरीमा त स-साना निर्णयका लागि बूढानीलकण्ठ दरबारबाट प्रत्यक्ष आदेश नै आउनु स्वाभाविकै मानिन थालेको छ ।

तर, आश्चर्य के छ भने आफ्नो पार्टीका यति शक्तिसम्पन्न सभापति प्रधानमन्त्री बन्न लाग्दा पनि नेतृत्व र कार्यकर्ता दुवै तहका कांग्रेसजनमा उत्साह छैन । स्थानीय तहमा कांग्रेसबाटै उम्मेदवार भएकाहरू देउवाका गतिविधिसम्बद्ध प्रश्न गरेर मतदाताले आफूलाई अप्ठ्यारोमा पारिदेलान् भनेर त्राहिमाम छन् । विपक्षी राजनीतिक शक्तिहरू त देउवाका विरुद्धमा हुने नै भए । नागरिक आवाज र चासोको प्रतिनिधित्व गरेको मानिने आमसञ्चारका माध्यम, सामाजिक सञ्जाल र नागरिक समाज देउवाका हालैका गतिविधिप्रति अत्यन्तै नकारात्मक टिप्पणी गरिरहेका छन् । मुलुककै सबभन्दा ठूलो र पुरानो लोकतान्त्रिक दलका सभापति प्रधानमन्त्रीको कुर्सीमा बस्न लाग्दा मुलुकले नै पनि आशा र हर्षमिश्रित राहत महसुस गर्नुपर्ने हो । तर, परिस्थिति त्यस्तो छैन । त्यस्तो सकारात्मक परिस्थिति नबनेकामा देउवालाई खास चासो पनि छैन । उनको तत्कालको एकल चासो जुनसुकै मूल्यमा, जतिसक्दो छिटो प्रधानमन्त्रीको कुर्सीमा पुगिन्छ कि पुगिँदैन भन्ने मात्र हो ।

चौथो पटक सिंहदरबार छिर्न लाग्दा देउवाको

...तन्त्रको नियति

चरित्रका चार खाले खासियतले मुलुकको राजनीति र राज्य सञ्चालनलाई प्रत्यक्ष र गम्भीर रूपले प्रभावित पारिरहेका छन् । पहिलो, उनले राजनीतिक निर्णय गर्ने अधिकार आफूवरिपरिको मूलतः गैरराजनीतिक र अपरिपक्व एक जत्थालाई 'आउटसोर्स' गरिदिएका छन् । राजनीतिक भागबन्डाका आधारमा नियुक्ति दिइने सबै लाभका पद वितरणको निर्णय त्यही जत्थाले गर्ने भएपछि त्यो वृत्त देउवाभन्दा शक्तिशाली देखिन थालेको छ । मुलुक, पार्टी र बाह्य जगत्मा आफू र आफ्ना नाममा लिइएका निर्णयहरूले कस्ता प्रतिक्रिया जन्माइरेहका छन् भन्ने उनले सीधै जानकारी लिन छोडेको लामो समय भइसकेको छ । र, उनको वरिपरिको जत्थाले जानकारीहरू जति तोडमरोड गरेर उनलाई सुनाउँछ, त्यही आधारमा उनी प्रतिक्रिया जनाउँछन् । निर्णय गर्छन् ।

दोस्रो, जे कृष्णमूर्तिको *माइन्ड एन्ड कन्ससनेस* खुब दोहोऱ्याएर पढेका देउवा यस्ता सबै प्रतिक्रिया व्यक्तिको स्वार्थभन्दा बाहेकका हुँदैनन् भन्ने पटक-पटक दोहोऱ्याउँछन् । उनका बारे सञ्चारमाध्यममा आएका आलोचना र नागरिकको तहमा सुनिने विरोधहरू उनका कमजोरीका कारणभन्दा आफूले अर्को पक्षको त्यस्तो व्यक्तिगत स्वार्थ पूर्ति नगरिदिनुका उपज हुन् भन्ने प्रमाणित गर्न उनी निकै कसरत गर्छन् । खासखास सञ्चार गृहका यो वा त्यो माग पूरा नगरिदिएको वा कुनै पत्रकारलाई विरोधीले पैसा दिएर परिचालित गरिदिएका कारण आफ्नाविरुद्ध मिडिया खनिएको उनको निष्कर्ष छ । यसको अर्थ हो, उनको चरित्रमा सच्चिनुपर्ने कुनै पाटो छ भन्ने मान्न उनी तयार छैनन् । त्यसैले आलोचनात्मक लेख, टिप्पणी वा चियागफले उनलाई केही फरक पर्दैन । यथार्थ हो, उनका हकमा परेको पनि छैन ।

तेस्रो, आफूले गरेका हरेक सही वा गलत निर्णयमा कसैले पनि प्रश्न उठाउनु हुँदैन भन्ने देउवाको अहंलाई गम्भीर रूपले लागेको छ । यो, इतिहासका केही अपवादबाहेकका सबै शक्तिशालीहरूको सायद साझा चरित्र पनि हो । पछिल्लो व्यवहारले देखाउँदै छ, उनको निर्णयमा प्रश्न उठाउने हैसियत कसैले राख्न हुँदैन । जसले प्रश्न उठाउँछ, त्यो उनको ठूलो शत्रु हो । अथवा, कसैबाट परिचालित हो । उनीसँग कुनै बेला मित्रता भएको मानिसले आलोचना गऱ्यो भने त त्यो कृतघ्न र कतैबाट परिचालित हो । यही कारण हो, उनीसँग मानिसहरूको राजनीतिक संवाद पातलिएको छ । आदर्श, इमानदारी र स्वच्छ राजनीतिको विषय अब छलफलको एजेन्डा हुन छोडेको छ । उनको निर्णायक मण्डलीका सदस्यहरू खुलेआम नै भन्छन्, 'कांग्रेस पार्टीको हित-अहित हाम्रो चासोको विषय होइन । हाम्रो प्रत्यक्ष चासो अरू नै छ ।' देउवाले उनीहरूको चासो सम्बोधनको हतियार बनिदिन खुब आनन्द मानेका छन् ।

चौथो र सबभन्दा खतरनाक, आलोचक र 'त्यो' चासो सम्बोधनमा थाहा पाएर वा नपाएर बाधक हुनेप्रति उनी र उनको निर्णायक जत्था अत्यन्तै प्रतिशोधी र आक्रामक हुन थालेको छ । त्यसको प्रत्यक्ष सिकार मुलुकको प्रधानन्यायाधीश र सिंगो न्यायालय नै भए । यस्तो सम्भावित कोपभाजनमा पर्ने पार्टी कार्यकर्ता, कर्मचारी वा पत्रकारको अवस्थाको त यहाँ कुरै गर्नु परेन । मुलुककै सबभन्दा शक्तिशाली मानिसले 'तँलाई पख्लास् !' भन्ने भावनाले काम गर्नु र पीडित पक्ष गुनासो गर्न जाने ठाउँ पनि बाँकी नरहनु स्वतन्त्र विचारयुक्त लोकतन्त्रका लागि निश्चय नै शुभ संकेत होइन ।

यही कारण हो, कांग्रेसको पार्टी पंक्ति र सिंगै लोकतान्त्रिक परिवेश यतिखेर विवेकपूर्ण आवाज शून्य भएको छ । राजदूत र प्रहरी महानिरीक्षक नियुक्तिमा भएको अनावश्यक चलखेल, प्रधानन्यायाधीशविरुद्धको निकृष्ट स्वार्थप्रेरित महाभियोग, माओवादीसँगको चुनावी तालमेल आदि कुनै पनि विषय पार्टीभित्र विधिवत् निर्णय गराएर भएका थिएनन् । पहिलो चरणको स्थानीय चुनावमा पार्टीले ल्याएको झन्डै लज्जास्पद परिणामको जिम्मेवारी सभापतिले लिनुपर्छ भन्ने मागसम्म पनि लोकतान्त्रिक भनिने त्यो पार्टीको एउटै सदस्यले गर्न सकेन । त्यसको कारण या त क्षणिक लाभको लोभ हो, या त भविष्यको भौतिक वा मानसिक असुरक्षाको भय । यसको असर सिंगै लोकतान्त्रिक शासन प्रणालीमा अहिले परेको छ । शक्ति पृथकीकरणको अवधारणालाई योजनाबद्ध ढंगले समाप्त पारेर कार्यकारी सर्वोच्चता (यथार्थमा तानाशाही) स्थापना गर्ने माओवादीको दीर्घकालीन घोषित योजना कार्यान्वयन गर्ने औजार शेरबहादुर देउवा भएका छन् । तर, यसको हेक्का उनलाई भएजस्तो छैन ।

> **देउवाको शक्तिको उस्तै शक्तिशाली प्रभाव मुलुकको राज्य संयन्त्र र स्वतन्त्र भनिएका संवैधानिक निकायसम्म फैलिएको छ । न्यायपालिका, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र तीनै तहको चुनाव गराउनुपर्ने निर्वाचन आयोगसमेत उनको संकेत, आदेश र इच्छाविपरीत चल्नै नसक्ने अवस्था सिर्जना भएको अनुभव सर्वत्र भएको छ ।**

अन्त्यमा, माथि नै भनियो- कसैले चाहे पनि नचाहे पनि कम्तीमा झन्डै एक वर्ष प्रधानमन्त्रीको कुर्सीमा देउवा नै हुनेछन् । यो अवधिमा उनले मुलुक र लोकतन्त्रको हितमा काम गरेनन् भने देश फेरि संकटको अर्को चक्रमा फस्नेछ । त्यसमाथि आफ्नी श्रीमती वा अरू कुनै आफूले चाहेका पात्रलाई राजनीतिक नेतृत्वमा स्थापित गर्ने उनको अभीष्ट त यो अहं र असहिष्णुताको बाटो हिँडेर झनै पूरा हुँदैन । उनको व्यवहारमा तात्त्विक परिवर्तन आवश्यक छ । विवेकपूर्ण आवाज सुन्ने धैर्य त्यसको पहिलो सर्त हो । उनका लागि इतिहासमा सम्झनलायक काम गर्ने यसभन्दा राम्रो अवसर सायद अर्को आउँदैन । ◆

खाँचो मानवीकरणको, दबदबा देवत्वकरण र दानवीकरणको

प्रा चैतन्य मिश्र

मानवमा केही गुण र केही दोष हुन्छन् । मानवभन्दा पर दुई किसिमको परिकल्पना हुन्छ- देवता र दानव । यी दुवै काल्पनिक हुन् । वास्तविक चाहिँ मानव मात्र हो, जो गुण-दोषको मिश्रणसहितको हुन्छ। देवतालाई गुण नै गुणले भरिएको ठानेर मानिसलाई पनि देवत्वकरण गरिन्छ। किनभने, देवतामा कुनै अवगुण नै हुँदैन भन्ने मान्यता छ। समाजले एउटै व्यक्तिलाई देवता र दानवचाहिँ मान्दैन।

समाज पेचिलो रूपमा विभाजित भएका बेला देउता र दानव बनाउने प्रक्रिया बढी हुन्छ। द्वन्द्वको समय मानिस दुई ध्रुवमा विभाजित हुन्छ, त्यो बेला देवत्वकरण र दैत्यकरण वा दानवीकरण सघन रूपमा हुन्छ। देवत्करण गरिएको मानिस विशिष्ट र आममानिसभन्दा फरक मानिन्छ। यस्तोमा मानवीय पक्षलाई सम्झिएको हुँदैन। हुन पनि देव र दानव, मानवभन्दा बिलकुल फरक हुन्। त्यसैले समाज पनि देवत्वकरण गरिएको पक्षसँग नजिक हुन्छ, दानवीकरण गरिएकोसँग टाढा।

दानवीकरणको अर्थ

दानवीकरणका विभिन्न आधार र स्रोत छन्, वर्गीय, जातीय, लैंगिक, धार्मिक आदि। जस्तो : कसैलाई बोक्सी बनाइनु दानवीकरणको एउटा दृष्टान्त हो। किनभने, बोक्सीसँग दानवसरह नै व्यवहार हुन्छ। मलमूत्र ख्वाउने, कुटपिट गर्ने र गाउँ निकाला गर्ने काम मानवीय होइन, दानवीय हो। बोक्सी बनाउने वर्गीय आधार पनि छ। जस्तो : कमजोर, वृद्ध अवस्था, असहाय, विधवा र गरिब महिलालाई बोक्सीका नाममा सताइन्छ। त्यति मात्र होइन, जातीय आधारमा पनि तल्लो जातकी महिलालाई बोक्सी भनिएको हुन्छ। दलितमाथिको भेदभाव र अत्याचार पनि जातका आधारमा गरिएको दानवीकरण हो। आफू ठूलो जाति हुँ भन्नु, छुवाछूत र उचनिचको व्यवहार गर्नु मध्यम स्तरको दानवीकरण हो। मानवीकरणमा अस्पृश्यता, मान्छेलाई छुन हुने र नहुने भन्ने हुँदैन। लैंगिक पक्षबाट कुनै महिलालाई बलात्कारका बेला मानव ठानिँदैन, यौनका लागि मात्र योग्य मानिएको हुन्छ। महिलालाई मानवबाट च्यूत गरेर बलात्कारको कुकर्म गरिएको हुन्छ। यो झन् खतरनाक हो।

रोग र महामारीका आधारमा पनि मानवको दानवीकरण भइरहेको छ। महारोग लागेको मानिसलाई गाउँ-समाजबाट निकाला गर्ने, हेरचाह र उपचार नगर्ने अनि बेवास्ता गर्ने समाज संसारका धेरै देशमा छन्। अफ्रिकामा इबोला भाइरसको महामारीका बेला यस्तै राक्षसी प्रवृत्तिको सिकार भए निरीह बिरामी। खासमा आफूलाई अब्बल र राम्रो मानव वा देउता बनाउन अरूलाई दानवीकरण गरिने हो।

धार्मिक आधारमा पनि मानवको दानवीकरण भइरहेका छन्। एउटा धर्मले अर्को धर्मलाई निच देखाउने अभ्यास यसको उदाहरण हो। इसाइ धर्म मान्नेका लागि अरू धर्म मान्ने दानवसरह हुन्। अरू धर्म मान्नेलाई साँच्चै मानव बनाउन इसाइकरण गरिनु जरुरी हुन्छ, उनीहरूको दृष्टिकोणमा। जसरी हिन्दु धर्ममा ब्रतवन्ध गरेपछि मात्र पूर्ण वयस्क मानव हुने प्रवृत्ति छ, अरू धर्ममा पनि यस्ता संस्कार छन्। नेपालका हिन्दुहरूले फिरंगीलाई गर्ने भेदभाव होस् वा इस्लाम धर्मले अरू धर्मलाई धर्म नै नठान्ने प्रवृत्ति, सबै दानवीकरणकै नमुना हुन्। मुसलमानले हिन्दुलाई मार्ने, घृणा गर्ने या हिन्दुले मुसलमानलाई, यी प्रवृत्ति पनि धार्मिक दानवीकरण नै हुन्। कम वा बढीको कुरा मात्र हो, हरेक धर्मले अर्को धर्मलाई

होच्याएर दानवीकरण गर्ने प्रयास गरेकै छन् ।

संसारभरिको प्रवृत्ति हेर्दा दानवीकरण त्यस्तो बेला गरिन्छ, जुन बेला एउटा देश अर्कोसँग लडिरहेको हुन्छ । शत्रु देशलाई दानवको देश बनाएपछि त्यहाँका जनतामाथि आक्रमण गर्न सजिलो हुन्छ । युद्धमा जे गरे पनि जायज हुन्छ भन्नु नै मानवलाई दानव ठान्नु हो । शत्रु देशका नागरिकलाई दानव भनेपछि जाइलाग्न सहज हुने भएकाले अहिले इराक र सिरियाका नागरिकलाई दानव बनाएर मानवीय पक्ष समाप्त पारिएको छ ।

देश-देशबीचमा मात्र होइन, दानवीकरण एउटै देशभित्र पनि हुन्छ। आन्तरिक रूपमा ठूलो द्वन्द्वमा फसेका बेला झन् बढी दानवीकरण हुन्छ। उदाहरणका लागि, हामीकहाँ माओवादी 'जनयुद्ध'का बेला मानिसलाई ज्यादै दानवीकरण गरियो । एकथरीले अर्कोथरीलाई दानव बनाएर अत्याचार गरे, त्यो पराकाष्ठामै पुग्यो । एकले अर्कोलाई सामन्त, दलाल, सुराकी, जनविरोधी आदि आरोप लगाएर दानवीकरण गरे, हत्या गरे । प्रहरी र सेनाले पनि माओवादीलाई आतंककारी भनेर दानव बनाए, ज्यान लिए । यी दुई स्थितिमा मानवीकरण कतै देखिएन, दानवीकरण मात्र प्रकट भयो ।

यो हो, देवत्वकरण

दानवीकरणको ठीक विपरीत अवस्था हो, देवत्वकरण । यसका पनि विभिन्न आधार छन्, जातीय, धार्मिक, वर्गीय, राजनीतिक आदि आदि । हामी नेपाललाई मातृभूमि भनेर देवत्वकरण गर्छौं । देशभक्तिका कारण हाम्रा नेताले अरू देशलाई नराम्रो गरे पनि हामी नेताप्रति नै नतमस्तक हुन्छौं, उसका गल्तीलाई माफ गर्छौं । किनभने, नेताले मातृभूमिका लागि नै त्यस्तो काम गरेको हो भन्ने ठानिन्छ । बाबुआमालाई पनि हामीले देवत्वकरण गरेका हुन्छौं र तिनका गल्तीमा हामी चुप बस्छौं । कुल, वंश र पितृ त झन् सबैका लागि गौरवका स्रोत, देउतासरह नै भइगए । त्यसैले हामी फलाना कुल वा वंशका हौं भनेर आफूलाई देवत्व प्राप्त भएको सम्प्रदाय ठान्छौं ।



राजनीतिक र दलीय देवत्वकरण झन् चर्को छ । चुनावका बेला आफ्नो दलको नेतालाई अरू बेलामा भन्दा बढी पूजा गर्ने, उसले गरेका गल्ती अनदेखा गर्ने र आलोचना वा टिप्पणी नगर्ने प्रवृत्ति छ । आन्तरिक द्वन्द्वको बेलामा त हामीले केही नेतालाई रहस्यको पात्र नै बनायौं । जस्तो : प्रचण्डलाई कुनै बेग्लै ग्रहका प्राणी र चमत्कारै गर्न सक्ने व्यक्ति ठानियो । विभिन्न कालखण्डमा भीमसेन थापा, राजा त्रिभुवन र महेन्द्र, बीपी कोइराला, मदन भण्डारी, गणेशमान सिंहको चरम देवत्वकरण भयो । त्यही भएर लामो समयसम्म यिनलाई नेपालीले रहस्यमयी जीव मानिरहनुपर्ने स्थिति छ । यता, माओवादीहरूका लागि प्रचण्ड देवता नै थिए । रहस्य, गोपनीयता, भूमिगत जीवन आदिले अरू नेताभन्दा बढी उनको देवत्वकरण भयो । भूमिगत जीवन तोडेर सार्वजनिक जीवनमा आएपछि विगतका अद्भुत प्रचण्ड सामान्य मानिसजस्ता लाग्न थालेका छन्, पुष्पकमल दाहाल भएका छन् । उनको देवत्वकरणको क्षयीकरण भएको छ । प्रचण्डको हकमा मात्र होइन, सबै नेताका हकमा यही कुरा लागू हुन्छ । किनभने, देवत्वकरण वा दानवीकरण स्थायी हुँदैन । जब आममानिसले देवत्वकरण भएको व्यक्तिबारे विस्तृत जानकारी पाउँछ र उसलाई आममानिससरह ठान्छ, त्यही क्षण देवत्वकरण सकिन्छ ।

नेपाली राजाहरूको देवत्वकरण झन् रोचक छ । राजालाई विष्णुको अवतार मानेर पूजा गर्ने, साक्षात देवतै मानिन्थ्यो । पृथ्वीनारायण शाहलाई अहिले एकथरीले देवत्वकरण र अर्कोथरीले दानवीकरण गरेका छन् । उनको वंश भएपछि राजा हुने परम्परामा पनि देवत्वकरणकै अंश थियो । राजा, नेता मात्र होइन, अभिनेता र गायक-गायिका पनि एकथरी उमेर समूहका लागि देउतासरह हुन्छन् । सिनेमाका हिरो, हिरोइन हुन् वा खेलाडी सबैको देवत्वकरण गर्छ, एउटा समूहले । त्यति मात्र होइन, नेपालमा अलि बढी नै देवत्वकरण भएको छ, सहिदहरूको पनि । तसर्थ, के कति सहिद भए र को सहिद हुन् भन्ने पहिचान गर्न नै कठिन छ ।

सारमा, समाज गहिरो र तिखो रूपमा विभाजित भएका बेला विभिन्न आधारमा देवत्वकरण र दानवीकरण प्रखर हुन्छ । समाजमा देवत्वकरण र दानवीकरण हमेसा भइरहन्छ र ठूलो हिस्साले यसलाई मलजल पनि गर्छ । सामान्य अवस्थामा समेत यो मान्छे राम्रो, त्यो नराम्रो भन्नु नै पनि देवत्वकरणको प्रारम्भिक रूप हो । तर, समाज परिवर्तनको ठूलो धार अघि बढेका बेला मान्छेको जीवन संकटमय बन्छ, भविष्य अनिश्चित हुन्छ र के हुन्छ भन्नेमा हामी ढुक्क हुन सक्दैनौं । त्यस्तो बेला हामी देवता र दानव सिर्जना गर्नतिर लाग्छौं । अनि, देवताले राम्रो गरी देलान् भनेर हामी पछि लाग्छौं र दानवबाट टाढा हुन खोज्छौं । यो काम हामी सबैले जानेर वा नजानेर गरिरहेका हुन्छौं ।

चाहिएको छ, मानवीकरण

देवत्वकरण र दानवीकरण दुवै समाजका लागि घातक छन् । यसले मानिसलाई आलोचनात्मक दृष्टिकोणबाट विमुख बनाउँछ, अन्धभक्त वा अन्धविरोधी बनाउँछ । देवत्वकरण र दानवीकरणले मानिस कि कसैको पूजा गर्न उद्यत हुन्छ कि त कसैलाई ढुंगा हान्न तयार हुन्छ । सोचेर, बुझेर, बुद्धि-विवेक लगाएर कसैको लेखाजोखा गर्ने होइन, भावनात्मक रूपमा कसैलाई देव र दानव बनाउन तयार हुनु नै देवत्वकरण र दानवीकरणका खराबी हुन् । कसै कसैले समाजमा कोही न कोही आस्थाको धरोहर चाहिन्छ भन्छन् । त्यस्तो धरोहरले नेपाल के हो भनेर दुनियाँलाई बुझाउन सकोस् र त्यो व्यक्ति नेपालको पर्यायवाची बन्न सकोस् भन्ने त्यस्ता व्यक्तिको चाहमा मानवलाई देवत्वकरण गरिन्छ । पृथ्वीनारायण शाह, बीपी कोइराला, मदन भण्डारी आदिलाई यस्तै गर्न खोजिएको हो । राजा महेन्द्रका बेलामा धेरै मानिस तटस्थ थिए, कोही भक्त थिए भने कोही कांग्रेस र कम्युनिस्ट थिए । धेरैले महेन्द्रलाई गन्दैनथे । तर, सारा सञ्चारमाध्यम र राजनीतिले महेन्द्रको देवत्वकरण गरेको थियो । त्यसले समाजलाई राजा महेन्द्र महान् नै हुन् कि त भन्ने परेको थियो ।

अहिलेको जमानामा समाज अघि बढ्नका लागि हरेक नागरिक सचेत हुन जरुरी छ । नागरिक सचेत हुने भनेको आलोचनात्मक र वस्तुनिष्ठ हुने हो । दूधको दूध र पानीको पानी छुट्याउने सक्ने नागरिकको खाँचो छ समाजलाई । देवत्वकरण वा दैत्यकरणले हामीलाई सही र

गलत वा दूध र पानीको भिन्नता छुट्याउन दिँदैन । हामीमध्ये केहीले दूधलाई पानी देख्छौं अनि पानीलाई दूध । दृष्टिकोण नै अधुरो हुन्छ, देवत्वकरण र दानवीकरणले ।

असललाई खराब र खराबलाई असल भन्नुको कारण हामीसँग आलोचनात्मक दृष्टिको अभाव हुनु हो । समाजलाई जीवन्त बनाउन आलोचनात्मक चेतयुक्त नागरिक जरुरी हुन्छ । तर, त्यस्तो नागरिक समूह (क्रिटिकल मास) तयार नै हुन दिँदैन, देवत्वकरण र दानवीकरणले । 'क्रिटिकल मास' तयार नभएपछि आलोचनात्मक लेखाजोखा सम्भव हुने कुरै भएन । माओवादी 'जनयुद्ध'का बेला पत्रकारले निर्भीक रूपमा लेख्न, बोल्न नपाउने अवस्था थियो । त्यो देवत्वकरण र दानवीकरणको उत्कर्ष विन्दु थियो । हामी अनुसन्धान गर्नेहरूलाई पनि त्यो बेला कठिन थियो । मानिस बोल्न नै तयार हुन्थेनन्, कुनै जिज्ञासा राख्दा त्यसको जवाफ नै आउँदैनथ्यो । आफूले बोलेको कसैले सुन्छ कि भन्ने ठानेर मनमा कुनै विषयको विवेचना गरे पनि त्यो अभिव्यक्त गर्ने आँट धेरैमा थिएन । दूधको दूध र पानीको पानी छुट्याउँदा आफैंलाई क्षति हुने भयले गर्दा त्यस्तो भएको हो । यस्तोमा क्रिटिकल मासको परिकल्पना निरर्थक हुने नै भयो ।

सचेत, आलोचनात्मक चेत भएको नागरिकले कसैले केही गऱ्यो भने उसले किन त्यसो गऱ्यो भनेर सतत् बुझ्न कोसिस गर्नुपर्छ । महेन्द्र, बीपी, गणेशमान, मदन भण्डारी र प्रचण्डले गरेका कामलाई उनीहरूकै दृष्टिबाट बुझ्न खोज्नुपर्छ, 'हो-हो' र 'रे-रे'मा होइन, सम्पूर्णतामा बुझ्नुपर्छ । जहिले पनि अर्को व्यक्तिलाई मूल्यांकन गर्दा आफ्नोबाट मात्र होइन, उसैको दृष्टिबाट पनि हेर्नुपर्छ । आफ्नो आँखाले मात्र हेर्दा आफू गलत पनि हुन सकिन्छ । त्यसकारण अरूको आँखाले पनि हेर्दा पूर्ण चित्र देखिन्छ । यो अन्धभक्त वा अन्धविरोधीले होइन, आलोचनात्मक चेत भएको नागरिकले मात्र गर्न सक्छ । हाम्रो देश र समाजलाई चाहिएको आलोचनात्मक नागरिकको समूह हो । अन्धभक्त र अन्धविरोधी होइन ।

> **विभिन्न कालखण्डमा भीमसेन थापा, राजा त्रिभुवन र महेन्द्र, बीपी कोइराला, मदन भण्डारी, गणेशमान सिंहको चरम देवत्वकरण भयो । त्यही भएर लामो समयसम्म यिनलाई नेपालीले रहस्यमयी जीव मानिरहनुपर्ने स्थिति छ ।**

हामीलाई चाहिएको कसैलाई दानवीकरण र देवत्वकरण गर्ने जमात होइन कि सचेत र आलोचनाप्रधान समाज हो । समग्रमा, देश र समाज दुवैका लागि देवत्वकरण र दानवीकरण दुवै खतरनाक हुन्, जसले समाज र नागरिक दुवैलाई आलोचनात्मक हुनबाट वञ्चित गर्छ । हाम्रो देश र समाज लामो समयदेखि नै देवत्वकरण र दानवीकरणको सिकार भएको छ । संसारका अरू देश पनि यसबाट पीडित छन् । तर, तिनमा हाम्रोमा जति दानवीकरण र देवत्वकरण छैन । अन्धभक्त नभएपछि, दैत्यकरण र देवत्वकरण नभएपछि स्वत: मानवीकरणको ढोका खुल्छ । देवता र राक्षसको काल्पनिक संसारबाट बाहिर आउनेबित्तिकै मानवीय संसार भेटिन्छ ।

पछिल्लो समयमा पहाडी र मधेसी समुदायबीच पनि देवत्वकरण र दानवीकरणकै द्वन्द्व चलेको छ । सामाजिक सञ्जाल हेऱ्यो वा सामाजिक कार्यकर्ताका भनाइ सुन्यो भने (आमपहाडी समुदाय र आममधेसी समुदायबाहेक) पहाडी समुदाय खराब हुन्, मधेसी समुदाय खराब हुन् भनेर दानवीकरण गरिएको छ । एउटाले एकथरी भन्छ, अर्कोले अर्कोथरी । तर, नागरिक जति बढी सचेत हुन्छन्, दानवीकरण र देवत्वकरण दुवै कम हुँदै जान्छ र एउटा विन्दुमा शून्यमै झर्छ । किनभने, सबै मधेसी र सबै पहाडी गलत होइनन् भन्ने बुझेपछि दानवीकरण स्वत: घट्छ । दुई वर्षअघिसम्म जनजाति र बाहुनबीच पनि एकअर्काबीच दानवीकरण गर्ने प्रतिस्पर्धा नै थियो, अहिले केही मत्थर भएको छ । यो कलह मत्थर हुनुको कारण 'एक्टिभिज्म' मत्थर भएको हो । दोस्रो, भारतको नाकाबन्दीले पनि हामीभित्रको साम्प्रदायिक र जातीय विभाजनलाई गौण बनाइदियो । मुख्य शत्रु त अरू नै रहेछ भन्ने धेरैलाई थाहा भयो । सकारात्मक विभेद नीतिले पनि केही नतिजा दिएको छ र भविष्यमा पनि दिनेछ भन्ने आशा पलाएकाले विगतको तिक्तता कम भएको हो । केही समययता पहाडी र मधेसीबीचको विभाजन पनि कम भएको छ ।

दानवीकरण र देवत्वकरण समाजमा घट्छ वा बढ्छ भन्ने कुरा परिवर्तन कति तीव्र गतिमा हुन्छ, त्यसमै निर्भर गर्छ । राम्रो परिवर्तन भए पनि त्यो सबै समुदायलाई एक ठाउँमा ल्याउने खाले छ वा समाजलाई विभाजित गर्ने खालको छ, त्यसमा नै दानवीकरण र देवत्वकरण निर्भर रहन्छ । पहाडी समुदायलाई एकातिर अनि मधेसीलाई अर्कोतिर राख्ने काम भयो भने त्यसले नेपाली समाजमा देवत्वकरण र दानवीकरण दुवैलाई बढाउँछ । धनीलाई एकातिर अनि गरिबलाई अर्कातिर राखियो भने पनि फेरि दानवीकरण र देवत्वकरण बढ्छ । दलितलाई एकातिर अनि बाँकीलाई अर्कातिर राखियो भने पनि त्यसले दानवी तथा दैत्यकरण नै बढाउँछ । धेरैलाई जोडेर एकै ठाउँमा राख्न सकियो भने देवत्वकरण र दानवीकरण कम हुन्छ । तीव्र परिवर्तनका दौरान कसैलाई काखा र कसैलाई पाखा गरियो भने एउटाले अर्कोलाई दानव ठान्ने प्रवृत्ति मौलाउँछ । आफ्नो समूहको आफैं देवता बन्ने दौड सुरु हुन्छ । त्यसैले परिवर्तन र समृद्धिले सबैलाई जोडेर बीचमा ल्याउनु हो, एउटालाई समाजको एक कुनामा अनि अर्कोलाई अर्को छेउमा पुऱ्याउने होइन ।

नेपालमा अब परिवर्तन दौडिन्छ । यसै पनि पहिलाभन्दा अहिले परिवर्तनको गति छिटो भएको छ र हुन्छ । अब भविष्यमा झन् छिटो हुन्छ । भारत, नेपाल र चीन पुँजीवादको केन्द्र बन्न लागेको हुनाले यो क्षेत्रको विकास विश्वका अरू देशको भन्दा धेरै छिटो हुन्छ । संसारको ठूलो अर्थतन्त्र भएका हाम्रा दक्षिण र उत्तरी छिमेकीको कारण पनि हाम्रो प्रगति द्रुत गतिमा हुन्छ । त्यसले नेपालीको जीवनमा ठूलो परिवर्तन ल्याउनेछ । तैपनि, त्यो परिवर्तन हाम्रो जीवनलाई सघाउने खालेचाहिँ हुनैपर्छ । त्यसले जनतालाई विभाजित गर्नु भएन । नागरिकलाई दुई छेउमा पुऱ्याउनु भएन, एकै ठाउँमा राख्न सक्नुपऱ्यो । अमेरिकाजस्तो एक प्रतिशत मानिससँग अथाह पैसा अनि बाँकीसँग केही नहुने जस्तो असमानता हुनु भएन । त्यही कारण अहिले त्यहाँ मध्यम वर्ग नै छैन । जापानमा मध्यम वर्ग बढी छ र स्थिर छ । स्वीडेन, फिनल्यान्डमा पनि अमेरिकामा जस्तो असमानताको खाडल छैन । अमेरिकी र युरोपेली समाजमा भन्दा थप हाम्रो समाजमा जातपात छ, त्यसको असमानता छ, साम्प्रदायिक असमानता छ । पहाडी र मधेसीबीच पनि केही असमानता छ ।

त्यसैले आसन्न परिवर्तनलाई कसरी व्यवस्थापन गर्ने भन्नेमा नै नेपाली समाजमा देवत्वकरण र दानवीकरणको घटबढ निर्भर हुन्छ । यो परिवर्तनमा हामी ज्यादै विभाजित नहुने अर्थात् यता र उता नहुने भयौं भने देवत्वकरण र दैत्यकरण न्यून भएर मानवीकरण मौलाउँछ । हामीलाई चाहिएको पनि मानवीकरण नै हो, दानवीकरण र देवत्वकरण किमार्थ होइन । यदि हामी कसैलाई देवता बनाउने अनि कसैलाई दैत्य बनाउन लागिरहने हो भने हामीले महाभूल गर्ने छौं । ◆

www.civilbank.com.np
सिभिल बैंक
खुशीका
योजना
धेरै सुविधा धेरै खुशी...
मुद्दती
१२.७५%*
(९ महिना अवधि)
१२.२५%*
(६ महिना अवधि)
बचत
८.२५%*
सम्मका वार्षिक ब्याजदर
आस्वा
निःशुल्क*
*शर्तहरू लागु हुनेछ
प्रधान कार्यालय/मुख्य शाखा : क्लासीक कम्प्लेक्स, तीनधारा रोड, कमलादी, काठमाण्डौं-३१
पोष्ट बक्सः ९७९९, फोन नं : ४१६९०३०/४१६९०३३/४१६९०४०, फ्याक्स नं : ४१६९०३८
सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

लाजको पसारो

॥ मनबहादुर बस्नेत

गणतन्त्र दिवसमा राज्यले दिने विभूषण, पदवी, अलंकार हरेक पटक विवादको भुमरीमा पर्छ, जसले कामै गरेर कदरस्वरूप सम्मानित हुनेहरूले समेत गर्व महसुस गर्न सक्दैनन् । राष्ट्र र समुदायमा प्रख्यातिभन्दा बदनामी कमाएकाहरूको पोल्टामा समेत पदक परेपछि यो राष्ट्रिय लज्जाको विषय बनेको छ । हरेक वर्षझैं यस वर्ष पनि मान–पदवी अस्वीकार गर्नेहरू छन्, लज्जाबोधका कारण । यसले सत्ता र शक्तिको नजिक रहेर मान–पदवी लिने परम्परा गणतन्त्र आएको दशक पुगदासमेत नतोडिएको प्रस्ट पार्छ । जबकि, समाजलाई असाधारण योगदान दिएबापत राज्यले दिने सबैभन्दा उच्चकोटिका सम्मान हुन्, यस्ता विभूषण र मानपदवी । तर, विवादास्पद सार्वजनिक पद धारक व्यक्ति, सरकारी अधिकारी, नातागोता र आफन्तलाई मान–पदवी र विभूषण बाँड्ने परम्पराले तिनको महत्त्व र गरिमा बर्सेनि घटाइरहेको छ । सरकारले यसपालिको मान–पदवी र विभूषणमा त्यही परम्परालाई निरन्तरता दिएको छ । जस्तै :



गोपाल पराजुली, न्यायाधीश, सर्वोच्च अदालत

सर्वोच्च अदालतका न्यायाधीश गोपाल पराजुलीलाई सरकारले प्रसिद्ध प्रबल जनसेवाश्री पदवी दिएको छ । भावी प्रधानन्यायाधीशका दाबेदार पराजुलीमाथि सेवा अवधि एक वर्ष लम्ब्याउने गरी आफ्नो जन्म मिति सच्याएको आरोप छ भने शैक्षिक योग्यताको प्रमाणपत्र पनि विवादास्पद छ । साथै, मेडिकल कलेजको सिटसम्बन्धी विवादास्पद फैसला गरेकाले उनी चर्चामा आएका थिए । नेपाल मेडिकल काउन्सिलले पूर्वाधारको अभाव देखाउँदै सिट संख्या घटाइदिएपछि अदालतमा पुगेको विवादमा पराजुलीले सिट संख्या पुरानै कायम गरेर मेडिकल कलेजलाई लाभ पुग्ने फैसला गरेका थिए । काउन्सिलले ५० बाट ६ सिटमा झारिदिएको विराटनगरको नोबल मेडिकल कलेज, १३ सिटबाट शून्यमा झारिदिएको काठमाडौंको पिपुल्स डेन्टल कलेज, ४० सिटबाट शून्यमा झारिदिएको वीरगन्जको नेसनल मेडिकल कलेजलगायतका करिब आधा दर्जन विवादमा पराजुलीले पुरानै सिट कायम गर्ने फैसला सुनाएका थिए । मेडिकल शिक्षासम्बन्धी फैसला सार्वजनिक भएपछि न्यायपरिषद्ले २१ भदौ ०७१ मा आदेशहरूको छानबिन गर्न समिति नै बनाएको थियो । तर, त्यो कार्यान्वयनमा आएन ।

तीर्थ खनियाँ, उपकुलपति, त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय (त्रिवि)का उपकुलपति तीर्थ खनियाँलाई सरकारले सुकीर्तिमय राष्ट्रदीपले विभूषित गरिदियो । खनियाँ तिनै हुन्, जसले उपकुलपति बनेपछि एकपछि अर्को विवादास्पद कार्य गरेका छन् । त्रिवि र त्यस मातहतको मेडिकल कलेजमा विद्यार्थी भर्ना, डिन नियुक्ति र नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिँदा उनले अनियमितता गरेको आरोप लगाउँदै वरिष्ठ चिकित्सक प्राडा गोविन्द केसी अनशनमा बसे । सरकारले कार्यदल बनाएर यसबारे छानबिन गरिरहेको छ । शिक्षाविद् एवं त्रिविका पूर्वउपकुलपति केदारभक्त माथेमाको कार्यदलको प्रतिवेदन अनुसार संसद्मा विचाराधीन रहेको ऐन पारित नहुन्जेल नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिन रोक लगाउने सिफारिस गरेका बेला खनियाँले नेसनल मेडिकल कलेजलाई अनुमति दिन चिकित्साशास्त्र अध्ययन संस्थानलाई पत्राचार गरेका थिए । यसअघि तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशीको आडमा उच्च माध्यमिक शिक्षा परिषद्को उपाध्यक्ष बनेका उनले परिषद्लाई कांग्रेस कार्यकर्ता भर्ती केन्द्र मात्रै बनाएका थिएनन्, आफ्नै श्रीमतीलाई समेत जागिर खुवाएका थिए ।

त्रिविजस्तो प्राज्ञिक थलोका उपकुलपति खनियाँ बौद्धिक चोरीमा पनि आरोपित छन् । उनले टर्कीका भाषाविद् फेरिट किलिच्कायाको 'अथेन्टिक मेटेरियल्स एन्ड कल्चरल कन्टेन्ट इन एएफएम क्लासरुम' शीर्षकको अनुसन्धानलाई केही बदलेर 'युज अफ अथेन्टिक मेटेरियल्स इन एएफएल क्लासरुम' शीर्षकमा ४० भन्दा बढी हरफ हुबहु सारेको प्रमाणित भइसकेको छ ।

दीप बस्न्यात, प्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अधिवक्ता दक्षबहादुर क्षत्रीले गत १ मंसिरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका चार जना आयुक्तको योग्यतामाथि प्रश्न उठाएर सर्वोच्च अदालतमा रिट दायर गरे । योग्यतामाथिको न्यायिक निरुपण नहुँदै प्रमुख आयुक्त बन्न सफल बस्न्यातले लगत्तै मान–पदवी पाए, प्रसिद्ध प्रबलजन सेवाश्री ।

आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, श्रम विभाग, भौतिक योजना तथा निर्माण मन्त्रालयमा सचिवजस्ता आकर्षक स्थानमा बस्न पाउने थोरै कर्मचारीमध्येमा पर्ने बस्न्यातले अकुत सम्पत्ति कमाएको भन्दै पटक–पटक छानबिनसमेत भएको थियो । ०५८ मा भैरवप्रसाद लम्सालको नेतृत्वमा गठित उच्चस्तरीय सम्पत्ति न्यायिक जाँचबुझ आयोगले बस्न्यातको सम्पत्ति अस्वाभाविक देखिएको भन्दै भ्रष्टाचारमा मुद्दा चलाउन भनेपछि अख्तियारले छानबिन थालेको थियो । तर, फाइल तामेलीमा पुग्यो ।

आन्तरिक राजस्व विभागको महानिर्देशकको हैसियतले ०६३ मा कर फर्स्योट आयोगको सदस्य–सचिव छँदासमेत बस्न्यातले विवादास्पद निर्णयमा साझेदारी गरेका थिए । आयोगले कर छल्ने र कर तिर्न अटेर गर्ने व्यापारीलाई लाभ हुने गरी निर्णय गरेको महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएको थियो । उपसचिवबाट सहसचिवमा बढुवा हुँदा बस्न्यात नक्कली शैक्षिक प्रमाणपत्रधारी रहेकामा समेत छानबिनमा तानिए पनि अख्तियारमै सरुवा भएर गएपछि यो प्रकरण मिलाएका थिए, उनले ।

आफ्नो हात जगन्नाथ

गत वर्ष सुकीर्तिमय राष्ट्रदीप पदक पाएका मुख्यसचिव सोमलाल सुवेदी र गृहसचिव लोकदर्शन रेग्मी दुवैले यसपालि पदकमा पनि बढुवा पाए। अर्थात् गत वर्षभन्दा माथिल्लो तहको प्रसिद्ध प्रबल जनसेवाश्री पाउने भाग्यशाली उच्चपदस्थ प्रशासक भए, सुवेदी र रेग्मी। रेग्मीले ०७० मा सुप्रबल जनसेवाश्री पदक पाएका थिए। सुवेदी र रेग्मीले लगालग पाएको पदकको ताँती हेर्ने हो भने नेपालको प्रशासन संयन्त्र नमुनायोग्य बन्नुपर्ने हो।

उच्च पदमा भएकाले कसरी राज्यले दिने पदकमा कब्जा जमाउँछन् भन्ने प्रतिनिधि प्रसंग मात्रै हो, यो। ०६९ देखियता पाएको मानपदवी, पदक, विभूषण हेर्ने हो भने अधिकांश कर्मचारी, सुरक्षा संगठनका उच्च पदस्थहरूकै हालीमुहाली छ। अझ मुख्यसचिव र गृहसचिवले त पदेन शैलीमै विभूषण पाएको देखिन्छ। ०६९ यताका सबै गृहसचिव र मुख्यसचिवले मान-पदवी आफ्नो भागमा पारेका छन्।

विभूषण पाउनेहरूको नाम सिफारिस गर्न उपप्रधानमन्त्री विजयकुमार गच्छदारको अध्यक्षतामा नौ सदस्यीय विभूषणसम्बन्धी सिफारिस समिति बनाएको थियो, मन्त्रिपरिषद्ले। त्यस समितिका पदेन सदस्य गृहमन्त्री हुन् भने गृहसचिवचाहिँ सदस्य-सचिव हुन्, बाँकी विज्ञहरू थिए। यसपटक विज्ञ समूहमा थिए, पूर्वन्यायाधीश गोविन्दकुमार श्रेष्ठ, प्रा वासुदेव त्रिपाठी, राष्ट्रिय योजना आयोगकी पूर्वसदस्य पुष्पा श्रेष्ठ, नेपाली सेनाका पूर्वउपरथी डम्बरसिं गुरुङ, पूर्वसचिव सुशीलकान्त झा र डा बज्रकिशोरप्रसाद साह।

रोचक त के भने समितिका नौ जनामध्ये चार जनाले आफूले आफैँलाई विभूषणका लागि सिफारिस गरे र लिए। यसरी लाज पचाएर विभूषण लिनेमा समितिका सदस्यसचिव रेग्मी, विज्ञ सदस्यहरू त्रिपाठी, गुरुङ र साह छन्। उनीहरू सबैले एउटै विभूषण सुप्रबल जनसेवाश्री पाएका छन्।

समितिका सदस्य-सचिव गृहसचिव रेग्मीले विभूषण आफूले मात्रै लिएनन्, आफ्ना पिता लक्ष्मीकान्त रेग्मीलाई समेत दिलाए। स्याङ्जाको एक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेका उनका पिताले सुप्रबल जनसेवाश्री पाएका छन्। यसबाहेक सचिव रेग्मीले गृह मन्त्रालयका ११ जनालाई पनि भाग पुऱ्याए। अझ मन्त्रालय मातहत विभूषणको अभिलेख राख्ने विभूषण शाखाकै तीन जनाले पनि तक्मा पड्काएका छन्, ती हुन् : सहसचिव यादव कोइराला, उपसचिव रुद्रनाथ देवकोटा र नायव सुब्बा मीनकुमार शाह। देवकोटा विभूषण शाखा प्रमुख हुन्। कोइराला विभूषण शाखासमेत हेर्ने व्यवस्थापन महाशाखालाई नेतृत्व गर्छन्। कोइराला र देवकोटाले ०७१ मा पनि क्रमशः सुप्रबल जनसेवाश्री र प्रबल जनसेवाश्री पाएका थिए। यसबाहेक गृह प्रवक्ता एवं सहसचिव बालकृष्ण पन्थीले पनि पदवी पाए, यसपालि।

बहुविवाहदेखि हतियारको लाइसेन्स लिनेसम्मका विभिन्न विवादमा तानिएका प्रधानमन्त्री प्रचण्ड-पुत्र प्रकाश दाहालले सुप्रबल जनसेवाश्री पदवी पाए। तर, तक्मा नलिने चतुऱ्याइँ गरेर सम्भावित विरोध मत्थर पार्ने कोसिस गरे। गृहमन्त्री विमलेन्द्र निधिले आफ्नै पिता महेन्द्रनारायण निधिलाई मरणोपरान्त राष्ट्रगौरवले सम्मानित गरिदिए। उपप्रधानमन्त्री गच्छदारले नातेदार प्रहरी उपरीक्षक (एसपी) दिलीप चौधरीलाई पदक दिलाए। चौधरीले प्रबल जनसेवाश्री पाए। कतिसम्म भने प्रधानमन्त्री हुन तम्तयार भएर बसेका कांग्रेस सभापति शेरबहादुर देउवाले अंगरक्षक प्रहरी नायव निरीक्षक हिमालय शाहलाई समेत नेपाल प्रताप भूषण दिलाएका छन्।

राजु बस्नेत, सहायक रथी, नेपाली सेना

माओवादी द्वन्द्वकालमा मानव अधिकार उल्लंघनमा कुख्याति कमाएको थियो, भैरवनाथ गणले। माओवादी कार्यकर्तालाई समातेपछि लगेर यातना दिने र बेपत्ता पार्ने घटना भएका थिए, यहाँबाट। समातिएका ४९ जना आफ्ना कार्यकर्ता भैरवनाथमा पुऱ्याएर हत्या गरेको आरोप माओवादीले लगाएको छ। यी बन्दी हत्याका आरोपी हुन्, तत्कालीन गणपति अहिलेका सहायक रथी राजु बस्नेत।

विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघसंस्थाले समेत यो गणमा गैरन्यायिक हत्या हुने गरेको भन्दै आलोचना गरेका छन्। 'भैरवनाथ गण काण्ड' भनेर चिनिने यो प्रकरणमा मुछिएका बस्नेतसहितका सैनिक अधिकृतउपर छानबिन भएन। बरू, उल्टै बस्नेतलाई बढुवा गर्दै सरकारले सहायक रथी बनायो। युद्ध अपराधका आरोपी यी उपल्ला सैनिक अधिकृतलाई अन्ततः सरकारले सुप्रबल जनसेवाश्री विभूषण प्रदान गरेको छ। संयोगचाहिँ कस्तो भने आफ्नै कार्यकर्ता हत्याको आरोप लागेका बस्नेतलाई मान-पदवी दिने निर्णय उतिबेलाको विद्रोही शक्ति माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले गरेको छ।

विभूषित हुनेहरू

यस वर्ष		अघिल्लो वर्ष
१४५	सेना	६४
११३	प्रहरी	३७
८९	निजामती	६०
४६	सशस्त्र प्रहरी	३७
६	राष्ट्रिय अनुसन्धान विभाग	४

निरञ्जन बस्नेत, प्रमुख सेनानी, नेपाली सेना

द्वन्द्वकालमा मानव अधिकार हनन गरेको आरोप लागेका अधिकारी हुन्, नेपाली सेनाका प्रमुख सेनानी निरञ्जन बस्नेत पनि। काभ्रेकी १५ वर्षीया स्कुले किशोरी मैना सुनारलाई चरम यातनासहित हत्या गरेको अभियोग उनीसहित चार जना सैनिक अधिकृतमाथि थियो। जिल्ला अदालत काभ्रेपलान्चोकले यस घटनामा संलग्न अन्य सैनिक अधिकृतलाई जन्मकैदको फैसला सुनाए पनि बस्नेतलाई आदेशपालक भनेर सफाइ दिएको थियो। त्यसरी सफाइ पाएको एक महिनापछि नै बस्नेत प्रबल जनसेवाश्री पदक पहिरिन सफल भए। त्यस घटनामा जन्मकैद पाउने तीनै जना सेवानिवृत्त भइसकेका छन् भने घटनाका बेला सहसेनानी रहेका बस्नेत अहिले प्रमुख सेनानी छन्।

५ फागुन ०६० मा पाँचखालस्थित वीरेन्द्र सैनिक शान्ति तालिम केन्द्रमा मैनालाई यातना दिएर हत्या गरिएको थियो। नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले मैनाको शव सैनिक तालिम केन्द्र परिसरमै रहेको प्रतिवेदन सार्वजनिक गरेपछि प्रहरीले ६ भदौ ०६२ मा उत्खननसमेत गरेको थियो। ◆

फलोअप

जेलियो जहाज खरिद प्रक्रिया

कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष अझै अविश्वस्त

सुरेशराज न्यौपाने

नेपाल वायुसेवा निगमलाई दुईवटा वाइड बडी एअरबस-३३०-२०० जहाज खरिदका लागि ऋण उपलब्ध गराउने तयारीमा रहेका कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष जहाज खरिद प्रक्रियासँग सम्बन्धित कागजातबाट अझै ढुक्क हुन सकेका छैनन् । यसै कारण दुवै संस्थाले ऋण सम्बन्धमा अन्तिम निर्णय लिन सकेका छैनन् ।

सञ्चालक समितिबाट निर्णय गराइसकेको लगानी कोषले समेत सञ्चय कोषको बाटो पछ्याउँदै निगमसँग विमान खरिद सम्बन्धमा आवश्यक कागजात मागेको थियो *(हेर्नूस्, जहाज खरिद प्रक्रिया अवरुद्ध, १४ जेठ)* । तर, निगमले प्रतिबद्धता अनुरूप आवश्यक दस्तावेज उपलब्ध गराउन नसकेको र उपलब्ध गराएका दस्तावेज र प्रश्नका उत्तरहरू पनि विश्वसनीय नदेखिएको भन्दै यी दुवै संस्था ऋण स्वीकृतिका लागि अन्तिम निर्णयमा पुग्न सकेका छैनन् ।

निगमले हाइफ्लाइ एक्स आयरल्यान्ड लिमिटेड र एअरबस एसएसबीच भएको जहाज खरिद सम्झौताको प्रतिलिपि कोषलाई पठाएको थियो । निगमलाई एएआर कर्पोरेसनले पठाएको २३ वैशाख ०७४ को पत्रमा हाइफ्लाइ एक्स आयरल्यान्ड र एअरबसबीच विमान खरिद सम्झौता भइसकेको तर सम्झौता केही समयसम्म बाहिर ल्याउन नसक्ने जानकारी गराएको थियो । सोही पत्रमा २९ वैशाख ०७४ सम्ममा हस्ताक्षरसहितको सम्झौता उपलब्ध गराउने प्रतिबद्धता जनाइएको थियो । त्यही पत्रलाई आधार बनाउँदै निगमले २९ वैशाखसम्ममा उक्त सम्झौता उपलब्ध गराउने भनेको थियो । तर, एअरबसले निगमलाई पठाएको पछिल्लो पत्रमा ८ जेठ ०७४ मा मात्र खरिद सम्झौता भएको उल्लेख छ । जबकि, निगम र हाइफ्लाइ एक्स आयरल्यान्डबीच २५ चैत ०७३ मा भएको बिक्री तथा खरिद सम्झौतामा हाइफ्लाइले एअरबससँग विमानका सम्बन्धमा १२ फागुन ०७३ मै सम्झौता गरेको उल्लेख थियो । उक्त पत्रमा हाइफ्लाइले दुईवटा विमानको अर्डर दिएको र त्यसको सिरिअल नम्बरसमेत उपलब्ध गराएको थियो । तर, निगमले हालै कोषलाई पठाएको पत्रमा भने एअरबस एसएस र हाइफ्लाइ एक्स आयरल्यान्डबीचको खरिद सम्झौतामा 'मे २०१७' मात्र उल्लेख छ । कुनै निश्चित मिति लेखिएको छैन । यसै गरी सम्झौतामा एअरबस र हाइफ्लाइ एक्सका प्रतिनिधिले हस्ताक्षर गरेको पृष्ठमा हाइफ्लाइ मात्र उल्लेख छ ।

सम्झौतापत्रको बेहोरा यसअघिको सम्झौताभन्दा फरक देखिन आएको र त्यसै गरी सम्बन्धित पक्षको सहीछाप र हस्ताक्षरसमेत विश्वसनीय नदेखिएको हुँदा कर्मचारी सञ्चय कोषले यसमा प्रश्न उठाएको छ । सुरुमा निगमले कोषलाई पठाएको खरिद सम्झौतामा हाइफ्लाइले दुईवटा जहाज अर्डर गरिसकेको र त्यो जहाजको 'कस्टमाइजेसन र कन्फिगरेसन' प्रक्रिया सुरु भइसकेको उल्लेख थियो । तर, कोषले थप प्रस्ट पार्न भनेपछि पछिल्लो पत्रमा पहिलो किस्ताबापतको रकम भुक्तानी भएपछि मात्र कस्टमाइजेसन र कन्फिगरेसन प्रक्रिया सुरु हुने उल्लेख छ ।

त्यसै गरी २० चैत ०७३ मा जहाज डेलिभरीअगावै सबै रकम निगम र हाइफ्लाइको संयुक्त खातामा रकम पठाउनुपर्ने भनिएको छ । यता निगमले भुक्तानी खुला गरिसक्ने तर जहाजको स्वामित्व निगममा आइपुग्न समय लाग्ने भएकाले विमान आउने ग्यारेन्टी र भुक्तानीको सुरक्षा सम्बन्धमा पनि सञ्चय कोष विश्वस्त हुन चाहेको छ । निगमले उपलब्ध गराएका कागजातहरूप्रति विश्वस्त हुन नसकेपछि कोषले खरिदकर्ता, बिक्रेता र जहाज निर्माताबीच भएको सम्झौता र हाइफ्लाइ एक्स आयरल्यान्ड र एअरबसबीच भएको विमान खरिद सम्झौताका आधिकारिक दस्तावेजका प्रतिलिपिलाई सम्बन्धित मुलुकको नोटरीबाट प्रमाणित गरेर उपलब्ध गराउन भनेको छ । यसमा पनि निगमको जवाफ प्रस्ट छैन । ऋण सम्झौता भएपछि पहिलो किस्ता पठाउनुअघि ती दस्तावेजहरू पठाउने निगमले बताएको छ । तर, कोषले ऋण सम्झौताअघि नै प्रमाणित दस्तावेज उपलब्ध गराउनुपर्ने अडान लिएको छ ।

सञ्चय कोषले ऋण सम्झौताका सम्बन्धमा थप प्रस्ट हुन चाहेपछि निगम व्यवस्थापनले जहाज खरिदमा देखाउँदै आएको हतारोमा बिराम लागेको छ । तर, कोषलाई ऋण सम्झौताका लागि मनाउन विभिन्न शक्ति केन्द्रबाट दबाब सिर्जना गर्ने क्रम सुरु भएको छ । निगमको व्यवस्थापनले समयमै ऋण सम्झौता नगर्दा जरिवाना तिर्नुपर्ने बताउँदै अर्थ मन्त्रालयका उच्च अधिकारीमार्फत सञ्चय कोषमाथि दबाब बढाउँदै लगेका छन् । मन्त्रालयका अधिकारीले सरकार आफैं जमानी बसेपछि ऋण सम्झौतामा किन ढिलाइ भन्दै निर्णय चाँडो गराउन ताकेता गरेका छन् । तर, सञ्चय कोष र लगानी कोष विश्वसनीय दस्तावेज प्राप्त नभएसम्म जस्तोसुकै दबाब आए पनि ऋण सम्झौता नगर्ने अडानमा छन् । कर्मचारी सञ्चय कोष सञ्चालक समितिका अध्यक्ष तथा आपूर्ति सचिव प्रेमकुमार राई भन्छन्, "जहाज खरिदका लागि ऋण मागेको हो । जहाज आउने ग्यारेन्टी नभएसम्म निर्णय हुँदैन । कोषले मागेका कागजातहरू उपलब्ध गराउनैपर्छ ।"

ऋण सम्झौताका लागि दबाब बढ्दै गएपछि कोषले 'बल' अर्थ मन्त्रालयको कोर्टमा फाल्ने रणनीति अख्तियार गरेको बुझिन्छ । कोषको १७ जेठको सञ्चालक समिति बैठकले निगमले हालसम्म उपलब्ध गराएका कागजातको आधिकारिक रूपमै अर्थ मन्त्रालयले स्वामित्व लिएर कर्जा प्रवाहका लागि आवश्यक निर्देशन दिन अनुरोध गर्नुले पनि त्यसलाई पुष्टि गर्छ ।

पछिल्लो समयमा नागरिक लगानी कोष पनि आवश्यक दस्तावेजहरू प्राप्त नभएसम्म ऋण सम्झौता नगर्ने पक्षमा छ । कोषका कार्यकारी निर्देशक रामकृष्ण पोखरेल भन्छन्, "हामीले मागेका दस्तावेजहरू उपलब्ध गराएपछि त्यसलाई अध्ययन गर्छौं र ती विश्वसनीय र सन्तोषजनक लागे मात्र ऋण सम्झौता हुनेछ । कुनै पनि दबाबले काम गर्दैन ।" ◆

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
त्रास हैन विश्वास छ
किनकि जगदम्बा ई छ
यसले दिन्छ भूकम्प प्रतिरोधक निर्माण र जीवनभरको निश्चिन्तता ।
PRISMA - O&M/16
NS QUALITY AWARD 2015
M/S JAGDAMBA STEELS P. LTD
SIMARA, BARA
NS QUALITY AWARD-2015
*भूकम्प प्रतिरोधक घर, भवन तथा संरचना निर्माणका लागि गुणस्तरिय निर्माण सामाग्री र नियम अनुसार निर्माण प्रविधि कार्यान्वयन आवश्यक पर्दछ ।
JAGDAMBA E
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भूकम्प प्रतिरोधक छड ।
facebook.com/jagdambasteels
• अन्तर्राष्ट्रिय उच्चस्तरीय कच्चापदार्थमात्र प्रयोग गरी नेपालकै एक मात्र अत्याधुनिक गुणस्तर नियन्त्रण प्रविधि तथा स्वचालित प्रणालीद्वारा उत्पादित
• अन्तर्राष्ट्रिय गुणस्तर
किनकी हामी दिन्छौं तपाईंले सोचे भन्दा बढी गुणस्तर

'त्यसपछि

आवरणसहित तस्बिरहरू : रवि मानन्धर

म प्रचण्डसँग सतर्क भएँ’



भ्रष्टाचार मुद्दा टुंग्याउन, राजनीतिक र संवैधानिक पदाधिकारीका स्वेच्छाचारी गतिविधिमा अंकुश लगाउन प्रधानन्यायाधीश **सुशीला कार्की**ले देखाएको सक्रियता पछिल्लोपल्ट सत्तारूढ दललाई नै पचाउन गाह्रो पर्‍यो। र, नेपालको न्यायिक इतिहासमा कुनै प्रधानन्यायाधीशले सामना गर्नु नपरेको महाभियोग उनले खेप्नुपर्‍यो। भलै, चौतर्फी दबाबपछि सत्ता गठबन्धनले महाभियोग प्रस्ताव फिर्ता लियो। प्रमुख दलहरूको सहमतिमा अख्तियार प्रमुखमा नियुक्त भएका र अदालतबाट मान्यता पाइसकेका लोकमानसिंह कार्कीका अराजकताले आजित भएर पनि कोही बोल्न नसकिरहेका बेला प्रधानन्यायाधीश कार्कीले नै मुद्दा ब्यूँताइन् र लोकमान उक्त पदमा रहन अयोग्य घोषित भए। पूर्वराजा ज्ञानेन्द्रले छाउनीस्थित १५ रोपनी १ आना सरकारी जग्गा छोरी प्रेरणा सिंहलाई दिएको दाइजो सर्वोच्चकै दुई न्यायाधीशको इजलासले कानुनी मान्यता दिइसकेको थियो। त्यो उल्टाउने साहस कार्कीले देखाइन्। अर्थात्, न्यायिक नेतृत्वमा हुनुपर्ने निष्ठा र निर्भीकताको परिचय दिइन्। २४ जेठबाट ६५ वर्ष उमेर हदका कारण निवृत्त हुनै लाग्दा उनै प्रधानन्यायाधीश कार्कीसँग **प्रशान्त अर्याल** र **रामबहादुर रावल**ले गरेको कुराकानी :

आफ्नो कार्यकालको मूल्यांकन कसरी गर्नुहुन्छ ?

जुन विश्वासका साथ म यति काम गरुँला भनेर आएकी थिएँ, कामै गर्न पाइनँ। धेरैजसो बाधा, अवरोध मात्र भइरह्यो।

के गर्छुजस्तो लागेको थियो ?

मुलुक जोगाउने हो, भ्रष्टाचारको दलदलमा थप फस्न नदिने हो भने अदालतले धेरै काम गर्न सक्छ। न्यायपालिका फिल्टर हो, चाल्नो हो। हाम्रो शरीरका विकारहरू फिल्टर गरी तन्दुरुस्त राख्ने अंगजस्तै हो, अदालत। यसले विकृतिलाई चालेर सही चिजलाई जोगाउँछ। यसले वातावरण ठीक राख्न सक्छ। राजनीतिलाई ठीक पार्न सक्छ। यसका निम्ति अलि साहस जरुरी हुन्छ भन्ने मलाई पहिल्यै थाहा थियो। समाजलाई बनाउनेतिर जानुपर्‍यो। अलिकति भए पनि जनतालाई राहत दिने किसिमले सोच्नुपर्‍यो भनेर मैले केही कदम चालेँ। केही हदसम्म सफल पनि भइयो। धेरै त बाधाविरोध नै भए।

के–कस्ता बाधा झेल्नुभयो ?

धेरै कुरा छन्। धेरै कारण छन्। मेरा पालामा पेसी धेरै स्थगित गरिदिने (मुद्दाको सुनुवाइ रोक्ने) काम भयो। अचाक्ली स्थगित त महान्यायाधिवक्ताको कार्यालयबाट भयो। कानुन व्यवसायीहरूबाट पनि धेरै स्थगित भए। मैले त केही हदसम्म कडाइ पनि गरेँ। तर, अरू साथी (न्यायाधीश)हरू कस्तो हुनुहुन्छ भने स्थगित गर्न निवेदन आउनेबित्तिकै गर्दिहाल्ने। मैले महाभियोग खेप्नुको एउटा कारण स्थगित गर्न नमान्नु पनि हो। दुईपटकभन्दा बढी स्थगित गर्न दिन्नँ भन्दा वकिलहरू चिढिए।

वकालत पृष्ठभूमिबाटै आउनुभए पनि वकिलसँगै राम्रो भएन है ?

हुन त त्यही पेसाबाट आएकी हुँ। तर, यो पेसा एकदमै विकृत भयो। उनीहरू कस्तो भए भने इजलास असाध्यै छान्ने, एकथरीको आदत नै मुद्दा खेलाउने, ‘बेन्च सपिङ’ गर्ने, मुद्दाहरू धेरै स्थगित गरिदिने देखियो। सबैले त गर्दैनन्। एक खालका राम्रा पनि छन्। ती अपवाद भए।

कसैलाई नटेर्ने तपाईंको कार्यशैलीका कारण पनि धेरैथरीको आँखी हुनुभयो कि ?

पहिला विद्यार्थी युनियनमा काम गरियो। त्यसपछि त्यस्तै खरो पेसा वकालतमा आइयो। अलि जोसिलो प्रकारको मेरो स्वभाव भयो। फटाफट काम गर्नुपर्छ भन्ने मेरो सोच रह्यो। दायाँबायाँ नहेरी काम गर्नेपट्टि लागेँ, जसलाई अधिक वकिलहरूले रुचाएनन्। कडासँग बोल्ने, नरोकिदिने भनेर पनि आलोचना आउने कारण बन्यो।

यसबाहेक के–के बाधा अनुभव गर्नुभयो ?

अर्को बाधाको कुरा कर्मचारीहरू, कर्मचारीका युनियनहरू रहेछन्। यहाँ धेरै मान्छेले अदालतलाई निजीकरण गर्न खोजेको म देख्छु। वकिलका केही तप्का छन्, तिनले अदालत आफ्नो उद्देश्य अनुरूप होस् भन्ने चाहन्छन्।

न्यायाधीशहरू प्रभावित होऊन् भन्ने चाहन्छन्। अर्को, कर्मचारीहरू पनि अवसरको दुरुपयोग गर्ने खालका छन्, त्यो पनि निजीकरण गर्न खोज्ने प्रवृत्ति नै हो। ट्रेड युनियन र राजनीतिक पार्टीहरूले पनि निजीकरण नै गर्न खोज्ने अदालतलाई। अनि, सरकारले पनि आफ्नो अनुकूल चलोस् भन्ने।

सबभन्दा ठूलो बाधा कुन हो नि ?

सबभन्दा बाधा भनेको मुलुकको शासन शैली हो। जसरी अन्य क्षेत्रमा एकदमै भ्रष्टहरूको संलग्नता छ, जसरी अन्य क्षेत्रमा निकम्मा वातावरण बनाइएको छ, त्यो न्यायपालिकामा पनि भयो। यो राष्ट्रको गति जुन रूपमा जानुपर्ने हो, त्यो नहुनु र रोकिनुको प्रभाव न्यायपालिकामा पनि छ। राजनीतिक वा कार्यपालिकाबाट एकदम दबाब र प्रभाव आउँछ भने त्यो मान्ने न्यायाधीश थोरै होलान्, सबैले मान्दैनन्। तर, उनीहरू 'स्केप' गर्छन्। र, त्यही 'स्केप'मा खेल्छन् बाहिरियाहरूले।

न्यायाधीशहरूमै पनि त समस्या होला नि, होइन ?

हो, न्यायाधीशहरू सबै साहसी हुँदैनन्। जो साहसी हुन्छन्, तिनले जे पर्लापर्ला भनेर निर्णय गर्छन्। त्यो संख्या थोरै छ। केहीकेही त मिलेर खाने पनि हुन्छन्। केहीले निष्ठा त जोगाएका हुन्छन् तर संघर्ष गर्न सक्दैनन्। तिनले आफू बच्ने उपाय गर्छन्।

अर्कोथरी, दबाब र प्रभाव थेग्नै नसक्ने हुन्छन्। आत्मामा 'यो गर्न हुन्न' भन्ने हुन्छ तर त्यसको प्रतिकार गर्न सक्दैनन्। नसकेपछि खाली पन्छिने नीति अपनाउँछन्। कसरी हुन्छ, बच्ने उपायतिर जान्छन्।

अरू न्यायाधीशचाहिँ तपाईंजस्तो किन भएनन् त ?

जो परम्परागत रूपमा अधिकृत हुँदै न्यायाधीशमा आए, उनीहरूलाई कार्यपालिकातर्फको, राजनीतिक दलहरूतर्फको आभास छ। उनीहरूको बचेर काम गर्ने स्वभाव छ। मुद्दा रोक्न आयो भने रोकिदिने, भनसुन आए पनि अलिकति बचेर काम गरिदिने, आफूलाई लाञ्छना लाग्ने गरी नगर्ने, बरू पन्छाउने प्रवृत्ति छ। उनीहरू केही समयदेखि त्रस्त पनि छन्। कतिपय न्यायाधीशले 'हामीकहाँ भनसुन आउँछ, यसरी बच्ने उपाय पनि गर्‍यौँ' भन्छन्।

मचाहिँ 'स्ट्रेट फर्वार्ड' भएँ, कसैको कुरा सुनिनँ। विश्वनाथ उपाध्याय, रामप्रसाद श्रेष्ठहरूले पनि सुनेका थिएनन्। मैले न्याय दिने हो, म मेरो काम गर्छु, कसले के गर्ला भन्ने हिसाबले अघि बढेँ। त्यो कुरा बार एसोसिएसनका पदाधिकारी र अधिकांशलाई पचेन। राजनीतिक दलका नेताहरूलाई पनि पचेन। घरमा ल्याएको बुहारी एकदम सक्रिय भएको मन पराउँदैन हाम्रो समाजले। त्यस्तै त्यस्तै देखेँ। 'एक्टिभिज्म' (सक्रियता) देखाएको यिनीहरूलाई मन परेन।

न्यायाधीशहरूले राजनीतिक तहसँग सम्बन्ध राख्नुपर्ने कारण के रहेछ ?

केही न्यायाधीशमा लोभ छ। मलाई त प्रधानन्यायाधीश भएँ, पुग्यो। यो नै काफी हो भन्छु। तर, धेरैमा भविष्यमा काम मिलोस् भन्ने हुन्छ। मानव अधिकार आयोग, समिति, राजदूत कहीँ न कहीँ भविष्यमा अवसर पाऊँ भन्ने हुन्छ। त्यसपछि छोराछोरीको वृत्तिविकासका कुरा हुन्छन्। मेरो त के भयो भने मेरा श्रीमान्लाई केही चाहिँदैन। छोरो आफ्ना लागि आफैँ केही गर्न सक्ने छ। मसँग जे छ, त्यसैमा बाँच्न सक्छु, थप केही चाहिएको छैन।

महाभियोग पारित नै भए त पेन्सन, सुविधा सबै खोसिन्थ्यो। त्यतिखेर के गर्नुहुन्थ्यो नि ?

महाभियोग लागिसकेपछि हामीले 'रोडम्याप' तय गरिसकेका थियौँ, कसरी जीवन अगाडि बढाउने भनेर। विराटनगरमा मेरो एउटा घर छ। त्यो अहिले बेच्ने हो भने ८०-९० लाख रुपियाँजति आउँछ। हामीले परिवारमा सल्लाह गर्‍यौँ। ठीक छ, हाम्रो गाडी चढ्ने बानी पर्‍यो, ८-१० वर्षमा। १० लाखजतिको सेकेन्ड ह्यान्ड गाडी किन्ने, २५ देखि ५० लाख रुपियाँ छोरालाई राखिदिने र बाँकीले एउटा तीन कोठाको घर बनाउने। अनि, जमिन छँदै छ, त्यही खनखान गर्ने।

हामी दुई जनालाई यति भए चल्छ। छोराले आफ्ना लागि आफैँ केही गरिहाल्छ। यिनीहरूसँग झुक्नुपर्छ भन्ने के छ ? यिनीहरूको केही पनि चाहिँदैन। पेन्सन नि चाहिँदैन, सुविधा पनि चाहिँदैन। तर, यो सबैले गर्न सक्दैनन्। यो तागत सबैमा हुँदैन। किनभने, सुखमा बानी बसिसकेको हुन्छ।

अदालतलाई साँच्चै मर्यादित, इमान भएको ठाउँ बनाउनलाई गर्नुपर्नेचाहिँ के रहेछ ?

पहिलो त कार्यपालिकाबाट हस्तक्षेप हुनु भएन। अदालत स्वतन्त्र निकाय हो। त्यसले स्वतन्त्रतापूर्वक फैसला गर्छ। त्यसका फैसला क्रूर पनि हुन सक्छन्। हामीकहाँ फाँसी छैन। तर, अरू मुलुकमा त फाँसी पनि दिइन्छ। यस्ता क्रूर निर्णय पनि अदालतबाट गर्नुपर्ने हुन्छ। कसैका घरसम्पत्ति लिलाम भएर धोती, टोपी, खरानी नरहने गरी फैसला हुन सक्छन्। ती सबै कानुनबमोजिम हुन्छन्।

कहिलेकाहीँ न्यायिक सक्रियतामार्फत मान्छेलाई माया गर्ने काम पनि हुन्छ। अदालतको काम स्वतन्त्र इन्साफ दिने हो, न्याय दिने हो। त्यो इन्साफ दिनलाई कुनै दलमुखी हुनु पर्दैन। आज एमालेको सरकार छ, उसले भनेबमोजिमको फैसला गर्न थाल्यो भने अदालतको हैसियत के हुन्छ ? त्यस्तै माओवादी वा कांग्रेसको सरकारले भनेबमोजिम फैसला गर्न थाले त्यतिखेर अदालतको हैसियत के रह्यो र ? अदालतले यसो गर्न सक्दैन।

स्वतन्त्रताका नाममा कार्यकारी वा अन्य निकायको अधिकारमाथि हस्तक्षेप पनि त गर्न सक्छ, होइन ?

अदालतको काम कार्यपालिका, व्यवस्थापिकाभन्दा फरक छ। यसका कर्मचारी, न्यायाधीश, कामदार कोही पनि कसैको प्रभावमा बस्नु हुँदैन। यिनले त निर्भीक र निष्पक्ष न्याय दिने हो। जस्तोसुकै दबाब र प्रतिकूल अवस्थामा पनि स्वतन्त्र न्याय दिन सक्नुपर्छ। स्वतन्त्र भन्नु नै कसैप्रति पक्षपाती हुँदैन, कसैसामु झुक्दैन भन्ने हो। कार्यपालिका र व्यवस्थापिकाभन्दा यो टाढा पनि हुन्छ। निश्चित दूरी कायम गरेको हुन्छ। यसले अलगावकै नीति लिएको हुन्छ।

न्यायपालिकाले ज्यादति गर्‍यो, संसद्का हर कानुनलाई पक्षपातपूर्वक रोकिदियो, संसद्लाई कानुनै बनाउन दिएन भने न्यायपालिकालाई तह लगाउने महाभियोग नै हो। यो प्रचलन संसारभरि छ। तर, कार्यपालिका बढ्ता भइरहेको छ भने न्यायपालिकाले नै अंकुश लगाउने हो। राजा ज्ञानेन्द्रले जब शाही आयोग बनाएर पेल्न थाले, त्यसलाई अदालतले खारेज गरिदियो। कानुन र संविधान अनुसारको निकाय हुँदाहुँदै तिमीले अर्को बनाउन पाउँदैनौ भनिदियो। यही हो शक्ति सन्तुलन भनेको पनि।

तपाईंमाथि चाहिँ कार्यपालिकाका ज्यादति रोक्दा महाभियोग लगाइयो

भन्न खोज्नुभएको हो ?

महाभियोग लगाउन नै नपाउने होइन । तर, त्यसका आधार र कारणहरू हुनुपर्छ । अहिलेको महाभियोग त पक्षपातपूर्ण र प्रतिशोधपूर्ण देखियो । उनीहरू खुलेआम भन्छन्, संसारमा कहीँ नहुने कुरा गर्छन् । हामीले प्रहरी महानिरीक्षक नियुक्त गर्न खोज्यौं, अदालतले रोक्यो भन्छन् । अदालतले त्यो नियुक्ति ठीक छ कि छैन भनेर परीक्षण गर्न त पाउँछ नि ! त्यो नियुक्तिमा पक्षपात छ कि ? 'फेवरिज्म' छ कि ? कानुनबमोजिम छ कि छैन ?

लोकमानसिंह कार्कीको मुद्दामा पनि संविधान/कानुनमा उल्लिखित उच्च नैतिक चरित्रदेखि सबै आधार हेरेको हो । उनको उच्च नैतिकता नभएर रायमाझी आयोगले दोष लगाई कारबाहीको आधार देखाएको हुनाले अदालतले मान्यता दिएन । कार्यकारीका यस्ता निर्णयको परीक्षण त गर्न पाउँछ अदालतले । लोकमानको नियुक्तिको परीक्षण गर्न हुने, प्रहरी महानिरीक्षककोमा चाहिँ किन ठीक नहुने ? जबकि, उही निकायले बनाएको पद्धति छ, उसैले बनाएका योग्यताका आधार छन् । ती अनुकूल भए कि भएनन् भनेर अदालतले परीक्षण गर्न पाउँछ ।

कार्यपालिकाले पनि समदूरी राख्नुपर्छ । न्यायपालिकाको इज्जत गर्नुपर्छ । मुखले बोलेर मात्र होइन, स्वतन्त्र न्यायपालिकाप्रतिको सम्मान व्यवहारले देखाउनुपर्छ । तर, नेपालमा त के छ भने प्रधानन्यायाधीशलाई फोन गर्ने, यसो-यसो गरिदिनुपऱ्यो भन्नेसमेत हामीले देखेका छौं । मेरो पार्टीको मान्छे हो, यसलाई जिताइदिनुपऱ्यो भन्नु सामान्य हुन थाल्यो । एकदम 'डोमिनेसन' छ ।

> **'तपाईंले निस्सा दिएर बबाल गर्नुभयो, लोकमानजीले मलाई धम्क्याए, म यो कुर्सीमा सात महिना बस्छु, म बसुन्जेल मुद्दा रोकिदिनुहोस्, गएपछि फैसला गर्नुहोला ।'**

न्यायाधीश नियुक्तिमै राजनीतीकरण हुने भएर हो कि ?

राजनीतीकरण कसले गर्छ ? तिनै होइनन् ? अहिले प्रधानन्यायाधीशको सिफारिस गर्नुपर्ने बेला भयो, कानुनमन्त्री फरार छन् । न्यायपरिषद् सचिव बेपत्ता छन् । प्रधानन्यायाधीश अध्यक्ष हुने संस्थाका पदाधिकारी को कहाँ जाँदै छन्, मलाई थाहा छैन । प्रधानन्यायाधीशको सिफारिसका लागि न्यायाधीशहरूको योग्यता अस्ति १३ जेठमा पुग्यो । मैले वाक्क भएर हिजो (१६ जेठ) एउटा पत्र पठाएकी छु, तुरुन्त बैठक डाक्नूस् भनेर ।

न्यायपरिषद्को संरचना हेर्नूस्, कानुनमन्त्रीले राजनीतिक मान्छे नै ल्याउँछ । पदम वैदिक को हुन् ? प्रचण्डका प्रतिनिधि । उनले पनि राजनीतिक मान्छे नै ल्याउँछन् । रामप्रसाद सिटौला बारका प्रतिनिधि हुन् । उनले पनि राजनीतिक मान्छे नै ल्याउने हो । देशभित्रका सबै राजनीतिसँग जोडिएका छन् । वातावरणलाई राजनीतिसँग नजोडी केही पनि गर्न नदिने अनि राजनीतीकरण कसरी हुँदैन त ? बार नै दुई फ्याक छ, उनीहरू प्रजातन्त्रवादी र वामपन्थी भएर चुनाव लड्छन् । त्यहाँ कोही स्वतन्त्र मान्छे छ ? ल्याउने त त्यहीँबाट हो, स्वर्ग वा नर्कबाट होइन । राजनीति निरपेक्ष व्यक्ति भेट्न सम्भव छ ? जसलाई ल्याए पनि पार्टीकै हुन्छ ।

न्यायपरिषद्को संरचना फेरबदल गर्नुपर्ने हो त ?

बिलकुल । त्यहाँ न्यायाधीशको बाहुल्य हुनुपर्छ । न्यायाधीशले पो न्यायपालिकालाई चाहिने मान्छे ल्याउँछ । न्यायपरिषद्का सबैमा राजनीतिक प्रभाव छ । राजनीतिक रङ भएर नै आएका छन् सबै । अर्को कुरा, हरेक मान्छेका अनुहारबाट थाहा हुँदैन । स्वतन्त्र मान्छे ल्याएन भनेर कराउने राजनीतिक दलहरू नै हुन्छन् । अनि, आफ्ना मान्छे (न्यायपरिषद् सदस्य)मार्फत तिनीहरू नै दबाब दिन्छन् । त्यसरी ल्याएका मान्छेहरूबाट प्रधानन्यायाधीशले कसरी थाहा पाउँछ, को मान्छे कस्तो हो भनेर ?

तपाईंले जुन हदसम्मको दबाब बेहोर्नुभयो, त्यसको परिकल्पना थियो ?

मैले त सोचेकी थिइनँ, यतिसम्म गिरेर जान्छन् भनेर । यस्ता स्तरहीन आरोपको सामना गर्नुपर्लाजस्तो पनि लागेको थिएन । एउटा प्रधानन्यायाधीश इजलासमा बसिरहेको छ । ढुक्कसँग मुद्दा फैसला गर्दै छ । ४ बजेको छ । साँझपख हठात् रूपमा महाभियोग ल्याइयो । त्यो के जरुरी थियो ? मलाई महाभियोग लगाउने हो भने हर क्षेत्रमा, हर निकायमा बहस चलाउन सक्नुपर्थ्यो । मैले गरेको गल्ती के थियो, महाभियोग लाग्नुपर्ने कारण के थियो भनेर खुला छलफल हुनुपर्थ्यो । विज्ञका धारणा आएको हुनुपर्थ्यो । संसद्मा पनि पहिला बहस हुनुपर्थ्यो । बिनाछलफल, बिनाआधारमा हठात् तवरले महाभियोग लगाइयो । यसभन्दा ठूलो अपमान के हुन्छ ? महाभियोग लाग्दै छ भन्ने मलाई पहिला थाहा हुनुपर्दैन ?

माओवादी नेता वर्षमान पुन भेट्न आएको तर तपाईंले भेट्न मान्नुभएन र महभियोगको प्रक्रिया अघि बढाइएको भन्ने छ नि ?

नेताहरूलाई भेट्ने कामै थिएन । मेरो धर्म भनेको संविधानभन्दा बाहिर नजानु हो । म जथाभावी गर्दिनँ । मैले पेसीसूची समयमै सार्वजनिक गरेँ, गरिरहेकी छु । मैले फैसला गर्नुपर्ने, गरिरहेकी छु । उहाँहरूसित सल्लाह गर्ने मेरो कामै होइन । अमुक मुद्दामा तपाईंको के राय छ भनेर सल्लाह गर्न मेरो पदीय मर्यादाले दिँदैन । मैले गर्ने इन्साफ त म गर्छु । वर्षमान पुन किन भन्न आउनुपऱ्यो ? पुनले यो मुद्दामा यो गर्ने, त्यो मुद्दामा यो गर्ने भन्न मिल्छ ? मैले सुन्न मिल्छ ? के भन्छ जगत्ले त्यो कुरालाई लिएर ? यसो गर्दै जाने हो भने हुनेखाने र ठूलाबडाकोमा भनसुन आउने, गरिब र निमुखाले चाहिँ के गर्ने ? तिनका लागि त ढोका बन्द हुन्छ, जहिले पनि यहाँ ।

विगतमा त्यस्तो परिपाटी भएको तपाईंले आभास पाउनुभयो ?

मलाई के आभास छ भने उहाँहरू भनसुन गर्नुहुँदो रहेछ । सबैको बानी परेको रहेछ । नेताहरूले अदालत भन्ने निकाय छुट्टै हो, स्वतन्त्र छ, यसको हामीले यति इज्जत गर्नुपर्छ भन्नेचाहिँ छैन । उनीहरूले यो सोचेकै छैनन् । नभए शशांक कोइरालाजस्तो पढेलेखेको व्यक्तिले अदालतलाई संसद्मातहत ल्याउनुपर्छ भन्न नहुने हो ।

महाभियोगमा लगाइएका आरोपहरू हेर्दा, पढ्दा र सुन्दा कस्तो लाग्यो तपाईंलाई ?

अचम्मका आरोप छन् । खराब चरित्र भनेका छन् । कहाँ के खराब गरेँ, त्यो भन्न सकेको देखिएन । खराब आचरण भए त्यो देखाउनुपर्थ्यो । अहिलेसम्म मलाई कसैले लगाउन नसकेको आरोप हो यो । अर्को, न्यायाधीशहरूलाई मुद्दा नदिएको भन्ने आरोप छ । एक दिन कजलिस्ट (पेसीसूची)बाट कसैलाई बाहेक गरेकी छैन । जबकि, रामकुमार प्रसाद साहका बेलामा धेरै खेप म पेसीविहीन भएकी छु । कति दिन मेरो नाममा पेसी नै चढेन, मुद्दा पुगेन वा के भयो ? म अलि कनिष्ठ पनि थिएँ, यसलाई नदिए पनि हुन्छ भनेर पनि हुन सक्छ । तर, मैले कुनै न्यायाधीशलाई यसरी मुद्दाविहीन अवस्थामा राखेकी छैन ।

कुनै विशेष खालका मुद्दामा उहाँहरूको रुचि भएर हो कि ?

अदालतमा विविध खालका मुद्दा हुन्छन् । ती मुद्दा न्यायाधीशको अनुभव, योग्यता र विशेषज्ञताका आधारमा तोकिन्छन् । यो प्रधानन्यायाधीशको विशेष जिम्मेवारीको कुरा पनि हो । मैले सकेसम्म नयाँ र पुरानालाई मिलाएर

राख्थें । त्यस्तो रुचिबारे मलाई कुनै न्यायाधीशले भनेको छैन । तर, यो कुरा कसरी आयो ? नेताजीहरूलाई कसले भन्यो र किन भन्यो, यसको पछाडिको उद्देश्य मलाई थाहा छैन । तिनलाई कस्ता मुद्दा दिनुपर्ने हो ? कस्ता मुद्दा तिनले हेर्न खोजेका हुन् ? यो त अचम्म छ ? न्यायाधीशले मलाई यस्तो मुद्दा आयो, यस्तो आएन भनेर गुनासो गर्ने हो कि आएका मुद्दा फैसला गर्ने हो ?

भनेपछि न्यायाधीश र राजनीतिक दलका नेताबीच कुराकानी हुन्थ्यो भनेर बुझ्नुपर्‍यो ?

त्यो तपाईंहरूले अनुमान गर्ने कुरा हो । मैले आँखाले त देखेकी छैन । तर, मकहाँ नआएको गुनासो नेताहरूकहाँ पुग्दो रहेछ । म यो खुलेर भन्छु, मलाई जहाँसम्म लाग्छ, राजनीतिक दलका नेताहरूले अपेक्षा गरेको बेन्चमा मुद्दा भएन होला, त्योचाहिँ हुन सक्छ ।

कुन मुद्दा हुन सक्छन् त्यस्ता ?

यिनीहरूले आफू सरकारमा गएपछि पुराना मान्छे निकाल्छन् र आफ्ना नियुक्ति गर्छन्, 'स्पोइल सिस्टम'जस्तो । ती मुद्दा तिनले चाहेका इजलासमा गएनन् होला । अथवा विकासका कामसम्बन्धी मुद्दा तिनीहरूले इच्छाएका बेन्चमा परेनन् होला । तिनले मलाई भन्न पनि सकेनन्, तिनले अपेक्षा गरेका बेन्चमा त्यस्ता मुद्दा पनि गएनन् ।

मुद्दाको प्रकृति हेरी न्यायाधीशले आफूमाथि विभेद भएको महसुस त गर्न सक्छ नि होइन ?

त्यस्तो हो भने पनि खुलेर आउनुपर्छ । कुन न्यायाधीशले कस्तो मुद्दा खोजेको हो ? कसले कुन न्यायाधीशबाट कुन मुद्दा छिनाउन खोजेको हो ? अर्को कुरा, प्रधानन्यायाधीशले अनुभव गरेर दिएको हुन्छ मुद्दा । म पनि सात वर्ष न्यायाधीश भएर नै रहेकी हुँ । कुन न्यायाधीशले के गर्न सक्छ, मलाई पनि केही अनुभव छ । न्यायाधीशका आ-आफ्नै 'क्यारेक्टर' हुन्छन् । म कुनै अमुक न्यायाधीशमा यो छ, त्यो छ भन्दिनँ । तर, यी सबै कुरा हेरेर, विचारेर मुद्दा तोक्नुपर्छ ।

जब मलाई काभ्रेमा भएको मैना सुनारको मुद्दाको आरोप माओवादीले लगाउँछ भने देशभरिको कुनै पनि फैसला गलत भयो भने प्रधानन्यायाधीशको टाउकोमा आउँछ । जुन विषयमा योग्यता नै नभएको न्यायाधीशलाई मुद्दा दिएर गलत फैसला गराएर आफ्नो शिरमा त म लिन्नँ नि !

> **माओवादी मन्त्री थिए त के म माओवादी भइगएँ ? शेरबहादुरजीको पावर थियो त्यतिखेर भन्दैमा म शेरबहादुर निकट भइगएँ ?**

भ्रष्टाचार मुद्दा हेर्न पाउनुपर्‍यो वा निश्चित न्यायाधीशलाई दिनुपर्‍यो भन्ने खालका दबाब पनि आए ?

मलाई त्यस्तो कसैले भनेको छैन । कसैलाई त्यस्तो अपेक्षा हो भने थाहा छैन । मैले त जसले हेर्न सक्छ, त्यसैलाई दिएकी हुँ । भ्रष्टाचार मुद्दा बढी हेरेर पनि मसँग राजनीतिक समुदाय अलि चिढिएको हो । म धेरै भ्रष्टाचारका मुद्दामा केन्द्रित भएँ । अग्राधिकार दिएर भ्रष्टाचार मुद्दामा पेसी आउने बनाएँ । कुनै बेला गिरिजाप्रसाद कोइरालाले प्रधानन्यायाधीशलाई फोन गरेर फलानो बेन्चमा हालिदिने गर न भन्नुभयो रे ! ती मेरा अग्रज प्रधानन्यायाधीश हुन् । उनले मानेनन्, गरेनन् । कुनै पनि निष्ठावान् प्रधानन्यायाधीशले त्यस्तो गर्दैन पनि । प्रधानन्यायाधीशले एकदम सतर्क भएर काम गर्नुपर्छ । सुन्दा र सम्झँदा पनि अचम्म लाग्छ, राजनीतिक दलले तोकेको ठाउँमा हामीले मुद्दा राखिदिनुपर्ने ?

कतिपय ठूला भनिएका भ्रष्टाचारका मुद्दाचाहिँ बाँकी नै रहे नि होइन ?

सबै मुद्दा त म हेर्न पनि सक्दिनँ । हेर्न मिल्दैन पनि । कतिपय बेन्चमा मुद्दा तोक्यो, निवेदन आउनेबित्तिकै स्थगित भइहाल्छन् । ३०–४० चोटिसम्म मुद्दा स्थगित भएका छन् । भ्रष्टाचार मुद्दा मेरो कार्यकालमा टुंग्याउन नदिन धेरैतिरबाट असहयोग भयो ।

महान्यायाधिवक्ता रमन श्रेष्ठले तपाईंलाई मुद्दा विशेषमा दबाब दिएको भनिन्छ नि ?

महान्यायाधिवक्तासँग मेरो संवाद नै छैन । उनलाई म राम्ररी चिन्दा पनि चिन्दिनँ । किनभने, उनी पछिबाट वकालतमा आएजस्तो लाग्छ ।

महान्यायाधिवक्ताले कस्तो मुद्दा बढी स्थगित गराएजस्तो लाग्छ ?

स्थगित त शतप्रतिशतमा गरिरहेका छन् ।

त्यसको नियत के हो त ?

पहिलो त मुद्दा फैसला नै हुन नदिने हो । किन हो, त्यो थाहा छैन । अहिले त चुनावको बहाना छ । कहिलेकाहीं फाइल नआएको बहाना हुन्छ । हालका महान्यायाधिवक्ता (रमन श्रेष्ठ) आएदेखि मुद्दा स्थगितको दर बढी छ । तिनमा ठूला अपराध, भ्रष्टाचारका मुद्दा बढी छन् ।

सहमतिमा काम गरौं भन्ने प्रस्ताव पनि आएको थियो रे नि तपाईंलाई, हो ?

सात वर्षदेखि मेरो कार्यप्रणाली सबैलाई थाहा थियो । यिनले भनेको सुन्दिनन् भन्ने भएपछि मलाई भन्न आएनन् । भन्दाखेरि नमान्ने भएपछि नै परिणाम के हुन आयो भने मुद्दा स्थगित बढी हुने, 'बेन्च सपिङ' हुने प्रवृत्ति बढ्यो । धेरै मुद्दामा मेरो पालो कटाउने मानसिकता देखियो । अधिकांश मुद्दा मैले कति कोसिस गर्दा पनि समयमा टुंग्याउन नसकिने भएको छ । यसमा कर्मचारीसमेत मिलेका छन् ।

सकेरै जान पाए हुन्थ्योजस्तो लागेका मुद्दाचाहिँ कुन-कुन हुन् ?

मुख्य त भ्रष्टाचार मुद्दा नै हुन् । वातावरणसम्बन्धी मुद्दा पनि छन् । विकास, सार्वजनिक जग्गा, प्राकृतिक स्रोत अतिक्रमणसम्बन्धी मुद्दा छन् । सरकारले अनावश्यक सरकारी सम्पत्ति बेच्ने गरेको छ । आमनागरिकका पनि दशकौंदेखिका मुद्दा छन्, जो कचल्टिएर बसेका छन्, तिनमा राहत पाउनुपर्ने हुन्छ । यस्ता मुद्दामा मान्छेको आउनेभन्दा जाने बढी हुन्छ । कतिपय मुद्दामा धेरै वकिल बसिदिने अनि फैसला हुन नदिने गरिन्छ । वकिलसाबहरूमा कस्तो पनि देखिन्छ भने मुद्दा फैसला हुन नदिन र निश्चित इजलासमा लान न्यायाधीशका नातागोता खोजीखोजी राख्ने । न्यायाधीशको छोरा, भाइ, आफन्त राखिदिएपछि हेर्न मिल्दैन । मुद्दा लम्बिन्छ । गाली अदालतले खान्छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले धेरैपटक प्रधानन्यायाधीशसँग कुरा मिलिसक्यो, अदालतमा सबै कुरा मिलाइसकें पनि भन्नुभएको थियो । खासमा के कुरा हुन्थ्यो तपाईंहरूबीच ?

उहाँले तीन खेप बोलाउनुभयो । एकपटक लोकमानको मुद्दा भएका बेला, अर्कोपटक सीमांकन विवाद हुँदा र अर्को केमा हो बिर्सें । तीनपटक नै म पाँच-पाँच मिनेटजति बसें हुँला । चिया खाएँ, निस्किएँ । राज्यका दुई निकायका प्रमुखबीचको भेटलाई मैले सुरुसुरुमा शिष्टाचारकै रूपमा लिएँ । तर, जतिपटक मैले भेटें र निस्कन नपाउँदै उहाँले कुरा मिलिसक्यो भनेर मिडियालाई भन्न थाल्नुभयो । पछिल्लोपल्ट भेट्दिनँ भनेको कारण पनि त्यही हो । सेनाको एउटा भोज थियो, त्यहाँ भेट हुँदा पनि बालकृष्ण ढुंगेलको मुद्दा र संक्रमणकालीन न्यायसम्बन्धी कुरा उठाउनुभयो । केही त गर्नुपर्‍यो भन्नुभयो । मैले त्यहाँ पनि भन्दिएँ, म तपाईंसँग अब भेट्दिनँ, भेट्नेबित्तिकै अफवाह आउँछ । त्यसपछि म प्रचण्डसँग सतर्क पनि भएँ ।

लोकमानसिंह कार्कीको मुद्दामा उहाँको खास भनाइ के थियो ?

अब त म हिँड्ने बेला भयो, खुलेरै भन्नुपर्छ यो कुरा । लोकमानको मुद्दा पुनरावलोकनका लागि निस्सा दिएपछि उहाँले बोलाउनुभयो, भारत भ्रमणबाट आएको भोलिपल्टै । 'तपाईंले निस्सा दिएर बबाल गर्नुभयो, लोकमानजीले मलाई धम्क्याए, म यो कुर्सीमा सात महिना बस्छु, म बसुन्जेल मुद्दा रोकिदिनुहोस्, गएपछि फैसला गर्नुहोला' भन्नुभयो । मैले भनें, अब मेरो हातमा छैन, मुद्दाले आफ्नो कोर्स लिइसक्यो । मैले मुद्दा हेर्दा पनि हेर्दिनँ, अर्को बेन्चले हेर्छ भनिदिएँ ।

लोकमानबाटै चाहिँ कस्तो खालको लबिङ र दबाब आयो ?

मेरो स्वभावका कारण मलाई दबाब दिने आँट त कसैले गरेनन् । तर, मेरै आफन्तहरू भन्न आएका थिए । कोही केही भन्थे, कोही केही । केही त यहाँ आएर रोएका थिए । नगर भन्ने त थुप्रै मान्छे आए ।

शेरबहादुर देउवाको पनि कुनै त्यस्तो भनसुन आयो कि ?

म राजनीतिक दलसँग भिजेकी मान्छे होइन । राजनीतिक दलको जुन प्रकृति छ, त्यो एकदमै मन पर्दैन । ३२ वर्ष वकालत गरें । कानुनको बाटोभन्दा दायाँबायाँ नजाने मेरो स्वभाव भयो । राजनीतिक पार्टीभित्र जे पनि बोल्न हुन्छ, जे पनि भन्न हुन्छ भन्ने प्रवृत्ति छ, यो गर्न मेरो चरित्रले दिँदैन । हुन त म राजनीतिक परिवारको सदस्य हुँ । मेरा पिताजीदेखि सबै परिवार नेपाली कांग्रेसमा हुनुहुन्थ्यो । अहिले पनि भाइहरू होलान्, अलग कुरो । म त ४० वर्षदेखि एउटै पेसा र बाटोमा यसरी प्रवृत्त भएँ कि राजनीतिज्ञहरूसँग घुलमिल हुनै सकिनँ । आज एउटा कुरा गर्‍यौं भने भोलि अर्को कुरा गर्दैनौं । कसैसँग संगत पनि भएन । मनमोहन अधिकारी, गणेशमानजी, गिरिजाप्रसाद कोइरालाहरूका मुद्दा लड्ने काम गरें । तर, राजनीतितिर मेरो आकर्षण रहेन ।

कुनै मुद्दाविशेषमा भनसुन, दबाब पर्‍यो कि परेन ?

दबाब दिनुपर्ने कि नपर्ने भन्ने कुरा महाभियोगबाट थाहा भइगो नि !

महाभियोग किन ल्याइयो ? खास नियत के हो जस्तो लाग्छ ?

महाभियोग मलाई मात्रै लागेको होइन । न्यायाधीश आनन्दमोहन भट्टराईलाई पनि लाग्यो । उहाँ राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान भएको एकदम इमानदार र क्षमतावान् न्यायाधीश हो । उहाँलाई महाभियोग किन ल्याइयो भने तर्साउनका लागि । अहिले यिनी (नेता)हरूको सोच हामी 'सुप्रिम' हौं, हामीले भनेको हुनुपर्छ भन्ने छ । हामी जे भन्छौं, त्यही हो कानुन भन्ठान्छन्, ठ्याक्कै राजाको जस्तो । जसरी काम गर्दै गएँ, उहाँहरूले देख्नुभयो कि यो रफ्तारले हामीलाई सिध्याउँछ । उनीहरूले मलाई लोकमानको भूमिकामा गएको आरोपसमेत लगाए ।

के कार्यकारी अधिकार नै मैले मिचिदिएको हो त ? कानुनले व्याख्या गर्न पाउने कुरा हामीले व्याख्या गर्‍यौं । त्यसलाई अधिकार मिचेको त भनिँदैन । हामीले गर्नुपर्ने काम गरेका हौं । एउटा लोकमानलाई हामीले थर्कायौं । अर्को लोकमान बन्न दिँदैनौं भन्नुको अर्थ के हो ? उहाँहरूको विचारधारा, उहाँहरूका स्वेच्छाचारी काम-कारबाहीलाई कसैले पनि अवरोध पुर्‍यायो भने हामी त्यही ठाउँमा पुर्‍याउँछौं भनेर देखाउनुभएको होइन ? छोरी कुटेर बुहारी तर्साउने भनेजस्तो भयो यो त । न्यायाधीशहरूलाई थर्काउने काम हो । न्यायाधीशहरूका मुटु, ह्याउ नबढून् भन्ने कुरा हो । सारमा आफूले जे भन्यो, जे गर्‍यो, त्यही ठीक मानिनुपर्छ भन्ने हो ।

शेरबहादुर देउवाले तपाईंलाई विराटनगरमा वकालत गर्दागर्दै टिपेर यहाँ ल्याएको तर अहिले नटेरेको भन्ने खालका टिप्पणी पनि आए नि ?

शेरबहादुरजीले त्यो भन्नै मिल्दैन । मैले उहाँलाई चिनेकै छैन । कसैले मलाई नियुक्ति गरेको भन्नुभन्दा पहिला भन्न सक्नुपर्छ, नियुक्ति गरिदिनुपर्‍यो भनेर म कसलाई भन्न गएकी थिएँ ? विराटनगरको जिल्ला अदालतमा म बहस गर्दै थिएँ, एकाएक न्यायपरिषद्बाट फोन आयो । र, म अदालतमा आएकी हुँ । बरू, कृष्णप्रसाद भण्डारीजस्ता वरिष्ठ, अग्रज, नेपाल बारका प्रतिनिधिहरूले भनेर आएकी हुँ । यहाँ माओवादी मन्त्री थिए त के म माओवादी भइगएँ ? शेरबहादुरजीको पावर थियो त्यतिखेर भन्दैमा म शेरबहादुरनिकट भइगएँ ?

म विचित्र मानिरहेकी छु । सुजाता कोइराला परराष्ट्रमन्त्री हुँदा एमआरपीमा मैले अन्तरिम आदेश जारी गरें, माओवादी भएँ । त्यसपछि माओवादीले कांग्रेस भन्यो । अलिक दिन एमालेले विरोध गर्‍यो, म एमाले भएँ । कमल थापाले महाभियोगको विरोध गरे, म दरबारको भइगएँ । यो कुनै 'क्यारेक्टर' हो, न्यायाधीशमाथि रङ पोत्ने ? न्यायाधीश त स्वतन्त्र हुन्छ । मैले कसैको मुद्दामा पनि न्याय हेरेकी छु, माओवादी, एमाले, कांग्रेस हेरेकी छैन ।

तपाईंलाई महाभियोग लागेपछि त्यसलाई रोक्न जुन न्यायाधीशको इजलासबाट अन्तरिम आदेश जारी भयो, ती न्यायाधीशसँगको सम्बन्धबारे विभिन्न टीका-टिप्पणी भए । तपाईंलाई कस्तो लाग्यो ?

त्यो त समयसापेक्ष कुरा हो । फैसलाका सन्दर्भमा उहाँबारे मैले 'कमेन्ट' गरेको हो । अहिले फरक सन्दर्भमा इजलासमा कुनै विवाद आयो, त्यसमा आफ्नो खालको आदेश गर्नुभयो । यसमा कुनै सम्बन्ध जोडेर टीका-टिप्पणी गरिरहनुपर्ने म देख्दिनँ ।

अदालतमा योग्यता विवाद विचाराधीन भएकै बेला दीप बस्न्यातलाई अख्तियार प्रमुखमा नियुक्त गरियो । कस्तो महसुस भयो ?

मैले सत्य बोल्नुपर्छ । संवैधानिक परिषद्को बैठकले निर्वाचन आयोगका पदाधिकारी सिफारिस गर्ने क्रममा अख्तियार आयुक्त दीप बस्न्यातलाई पनि प्रमुख आयुक्त बनाइदिऊँ भनेर प्रचण्डले भन्नुभयो । मैले भनें, अदालतमा मुद्दा छ । मुद्दाकै क्रममा नियुक्ति विवादित हुन सक्छ । अर्को कुरा, फेरि लोकमान ल्याउने काम नगर्नूस् । त्रुटि भएका मानिसलाई नल्याउनूस् । नेपालमा योग्य मानिसको कमी त छैन नि ! मलाई के लाग्छ भने गोपाल (पराजुली)जीलाई हतरपतर त्यहाँ (संवैधानिक परिषद्मा) लानुपर्ने कारण पनि त्यही थियो ।

प्रसंग बदलौं, अदालतमा घूस खुब चल्छ भनिन्छ । तपाईंलाई घूसै प्रस्ताव गर्ने कोही आए कि आएनन् ?

आए नि, किन आउँदैनथे ! घुमाएर आउँथे । ७० लाख, ८० लाख रुपियाँसम्म । केही मुद्दामा आएको थियो कुरा । हामीकहाँ चल्दैन त्यस्तो भनेर पठाइदिएँ ।

अरू न्यायाधीशले घूस खाएको थाहा पाउनुभयो ?

त्यस्तो त कसरी थाहा हुन्छ, खायो, खाएन ।

फैसलाको विषयवस्तुबाट थाहा हुँदैन ?

गलत फैसला त भएका हुन्छन् । कहिलेकाहीँ आफन्त, नातागोताको प्रभावमा परेर पनि गर्छन् । ठ्याक्कै घूसै खाएको प्रमाण त देखिँदैन । तर, फैसलामा कहिलेकाहीँ आनको तान फरक परेकोचाहिँ देखिन्छ । गर्नु नपर्ने खालको फैसला गरेको पनि देखिन्छ ।

प्रधानन्यायाधीश भएर त्यस्तो फैसला देखीदेखी न्यायाधीशमाथि कारबाही गर्न सकिन्न ?

त्यो त सिस्टमै छैन । त्यसको एउटै उपाय 'करेक्सन' हो, पुनरावलोकन वा पुनरावेदनका माध्यमबाट ।

पूर्वमन्त्री गोविन्दराज जोशीको भ्रष्टाचार मुद्दा ४० पटक पेसी हट्यो भन्नुभएको थियो । त्यसमा खास के भएको हो ?

त्यो अहिले पनि हटिरहेकै छ । हटाएको विवरण कागजमै नहुने । हटाइदिने, च्यातेर फालिदिनेसम्मका काम हुँदा रहेछन् । कर्मचारी पनि मिल्दा रहेछन् यसमा । वर्षौंदेखि एकै ठाउँमा बसेका छन् । यिनै काम गरेर बसेका छन् । यिनका सम्पत्ति हेर्नुभयो भने पनि थाहा हुन्छ । मेरो त समय नै कम भयो । न्यायाधीश, कर्मचारी सबैको सम्पत्ति नै छानबिन गरे पनि धेरै कुरा खुल्छ । अर्को कुरा दबाब, प्रभाव पनि छ । लोकमानकै मुद्दामा हेर्नूस् न, कर्मचारीले लीला देखायो कि देखाएन ?

तपाईंले राज्यका अंग–प्रत्यंग हेर्नुभयो । समाज पनि हेर्नुभयो । सबभन्दा धेरै भ्रष्टाचार कहाँ रहेछ ?

कार्यपालिका र राजनीतिक तहमा छ । सबभन्दा धेरै भ्रष्टहरू त्यहाँ देखिएका छन् । त्यसपछि कर्मचारीहरू छन् ।

न्यायाधीश नियुक्तिका बेला तपाईंलाई पनि प्रस्ताव आयो ?

अहिलेको न्यायाधीश नियुक्तिमा पैसाको चलखेल भएन भन्छन् सबैले ।

न्यायपरिषद्का अरू सदस्यले पनि गरेनन् जस्तो लाग्छ ?

म अरूको ठेक्का लिन्नँ । तर, म आफू 'क्लिन' छु, त्यो मामिलामा । आफ्ना तर्फबाट जोड गरेका भनेका अतिरिक्त न्यायाधीश भएर बीचैमा बिदा हुनु परेकाहरू हुन् । केही न्यायाधीशले बहुत दुःख पाएका थिए, ती हुन् । 'फेयर लयर'हरूलाई ल्याउने कोसिस पनि गरियो । ९९ प्रतिशत त म भन्न सक्दिनँ तर ७०–७५ प्रतिशत न्यायाधीश नियुक्तिमा चाहिँ लेनदेन भएन ।

फेरि फरक प्रसंग, आईजीपी मुद्दा पहिला जसरी उठान भएको थियो, पछि विवाद भयो । त्यो मुद्दा नटुंगिनु महाभियोगको प्रभाव हो कि होइन ?

महान्यायाधिवक्ता कार्यालयको तर्फबाट बढी 'प्रोटेस्ट' भएको मुद्दा यो पनि हो । उनीहरू आएर यो मुद्दा यो न्यायाधीशकहाँ हुँदैन, त्यो न्यायाधीशकहाँ हुन्छ भन्ने । त्यसले पनि अवरोध आइरहेको छ । अर्को कुरा, यो पाँच जनाको इजलासले फैसला गर्‍यो पहिला । अब त्यसभन्दा ठूलो इजलासमा जानुपर्छ । त्यही भएर सात जनाको इजलासमा तोकेको हो, त्यहाँबाट अझ व्याख्या होस् भनेर । अर्को के भने मुद्दामा 'म्यानुपुलेसन' (छल) भएको छ । फैसला हुन नदिने, न्यायाधीशलाई हेर्न नदिनेजस्ता काम भए । न्यायाधीशहरू सामान्यतः नीति, नैतिकतामा नै बसेका हुन्छन् । सरकारी वकिल आएर तैंले हेर्न मिल्दैन भनेर बमबम उफ्रिन थालेपछि त विवादित भयो । विवादित भएपछि न्यायाधीशहरू सामान्यतया मुद्दा हेर्न मान्दैनन् ।

नियुक्ति सही भएन भने अदालतले व्याख्या गर्न पाउने हो । नवराज सिलवालको ठाउँमा जयबहादुर चन्द भएको भए पनि हामीले त्यही गर्नुपर्थ्यो, प्रकाश अर्याल भए पनि त्यही गर्नुपर्थ्यो । हामीले 'फेभर' गर्नुपर्ने कुनै कारण छैन । कानुनबमोजिम छैन भने हामीले फैसलामा त्यही भन्नुपर्छ ।

अदालतमाथि फर्जी कागजातका आधारमा फैसला गरेको आरोप छ नि ?

फर्जी कागज न्यायाधीशले जम्मा गर्छ र ? नेपाल सरकारले नियुक्ति गर्दा जे कागज खडा गरेको थियो, त्यही आधारमा हामीले निर्णय गरेको हो । सरकारको आधिकारिक निकायबाट सिलबन्दी भएर आएका कागज हामीले हेरेका हौं । यदि सरकारले हामीलाई सिलबन्दी गरेर पठाइएका कागज कीर्ते हुन् भने कि सरकारले नै जानोस्, कि भगवान्ले जानोस् ।

महाभियोगपछि तपाईंको सक्रियता त कम भयो नि, होइन ?

मसँग समय एकदम कम थियो । त्यही भएर म एउटा रफ्तारमा अघि बढिरहेकी थिएँ । बीचैमा मलाई रोकियो । अवकाशको एक महिनाअघिदेखि मुद्दा हेर्दिनँ भनेर पहिल्यै भनिसकेकी थिएँ ।

तपाई अहिले अवकाशको नजिक पुग्नुभएको छ । निकै उतारचढाव पनि सामना गर्नुभयो । यो विन्दुमा आइपुग्दा कस्तो अनुभूति भइरहेको छ ? खुसी, गर्व वा पीडाबोध ?

यो इतिहासको कालखण्ड हो । एउटा अनुभूति के भयो भने म एउटा पात्र हुँ, सामान्य पात्र । मजस्ता धेरै पात्र आएर गइसकेका छन् । धेरै पात्र आउनेवाला पनि छन् । विविध चरित्रका पात्रहरू आउँछन् । मेरो कार्यकालमा कतिसम्म कार्यपालिकाले न्यायपालिकामाथि दमन गर्न सक्दो रहेछ र प्रभाव पार्न कति प्रयास गर्दो रहेछ भन्ने देखियो । मैले यो दबाब र प्रभावलाई झेलेँ पनि र अदालतमाथि आँच आउन नदिने प्रयास पनि गरेँ । मेरो संघर्षमा सबैले साथ दिए ।

शेरबहादुरजीको कांग्रेस पार्टी र प्रचण्डजीको माओवादी पार्टी चिरस्थायी होइनन् । जो–जसले महाभियोगको प्रस्ताव गरे, यी सधैं यस्तै रहिरहँदैनन् । यिनीहरू पनि पात्र हुन् । जसरी मजस्तो पात्र आउँछु, जान्छु, त्यसै गरी शेरबहादुर, प्रचण्ड र ओनसरीजीजस्ता पात्र पनि आउँछन्, जान्छन् । तर, न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका अटल हुन् ।

कार्यपालिका र राजनीतिक तहमा सबभन्दा धेरै भ्रष्टहरू देखिएका छन् । त्यसपछि कर्मचारीहरू छन् ।

यो घटनाले के सन्देश दिन्छ त ?

यो घटनाले सबलाई चेतनशील बनायो । जनता जागे । सडकमा आए, संघर्ष गरे । त्यो सुशीला कार्कीका लागि होइन । न्यायपालिकाका लागि हो । यो संस्थालाई जीवित राख्नलाई हो ।

तर, यसको उल्टो प्रभाव पनि पर्न सक्छ नि ? महाभियोग सजिलै लाग्दो रहेछ, न्यायाधीश डराउनुपर्ने होला नि ?

त्यो त चुनावको नतिजाले देखाइहाल्यो नि, होइन ?

बाँकी जीवन कसरी बिताउने योजना छ ?

यो लोभपापले भरिएका स्वार्थ मात्रै भएका मान्छेहरूले घेरिएर बस्नुभन्दा बरू रूखमा आएका चरालाई चारो खुवाएर, बारी खनेर, फूल लगाएर, फूलसँग हाँसेर बस्नु रमाइलो हुन्छ ।

राज्यले थप कुनै जिम्मेवारी दिएमा ?

त्यस्तो कुनै नियुक्ति चाहिँदैन । प्रधानन्यायाधीशको तुलनामा अरू कुनै हुन्छ र ? राज्यको मानो खाने कुनै पदमा जान्नँ ।

समाजसेवा गर्ने कि ?

आफ्नै सम्पत्ति बेचबिखन गरी समाजलाई केही गर्न सके राम्रो हो । अरूसँग पैसा लिएर, राम्रा लुगा लाएर, भाषण गर्दै हिँड्नुको औचित्य देखिँदनँ । त्यो म गर्नेवाला छैन । म पढ्छु, लेख्छु, घरमै बस्छु । ♦

www.acplnepal.com
अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट
अर्घाखाँची सिमेन्टको बारेमा
सबैलाई थाहा छ
मैले त केही बोल्नै पर्दैन
(सुनिल थापा)
आफ्नै खानीको चुनढुंगा
अत्याधुनिक जर्मनी प्रविधि
सहि तौल र गुणस्तर
सुरक्षित भविष्य
सबैभन्दा बलियो र भरपर्दो
अर्घाखाँची सिमेन्ट
अर्घाखाँची
सिमेन्ट
अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट (ओ.पि.सि.)
उत्पादक:
अर्घाखाँची सिमेन्ट प्रा. लि.
मैनहीया, रुपन्देही
50 KG Net
सबैभन्दा स्तरीय सिमेन्ट
सबैलाई थाहा छ।
आफ्नै चुनढुंगा खानी भएको अत्याधुनिक जर्मनी प्रविधिबाट उत्पादन गरि
अटो रोटो प्याकेजिङ सिस्टमद्वारा सही तौल मापन गरिएको सम्भवत: नेपालकै सबैभन्दा ठूलो ओ. पि. सि. सिमेन्ट उद्योग।
फ्याक्ट्री: मैनहीया गा.वि.स.-१, रुपन्देही, नेपाल । फोन नं. ९८५७०१५०७० । मुख्य कार्यालय: थापाथली, काठमाडौं । फोन नं. +९७७-१-४१०२१९८/४१०२१४३
PRISMA - O&M/16

उज्ज्वल प्रसाईं

को जनता ? के हो नागरि

नेपाली राजनीतिमा सबैभन्दा बढी उच्चारण गरिने शब्द हो- जनता । चलायमान लोकतन्त्रका लागि जनता शब्द अत्यन्त उपयोगी मानिन्छ । राजनीतिक नेतृत्वले जस्तोसुकै निर्णय गरे पनि त्यो जनताका नाममा गर्छन् । चाहे दलको नेतृत्वमा बसेर गरिने निर्णय होस् वा सत्ताको हिस्सेदार भएर गरिएको निर्णय होस्, त्यो जनताकै नाममा गरिन्छ । राजनीतिक र सामाजिक आन्दोलनको उठान पनि जनताको नाममै हुन्छ । कुनै बिन्दुमा ती आन्दोलनहरूको दमन वा विसर्जन पनि त्यही जनताकै खातिर गरिन्छ ।

हुन त निरंकुश राजतन्त्रमा समेत राजा र भारदारहरूले जनताकै नाम भजाउँथे । पहिले प्रजा भने, पछि प्यारा दाजुभाइ-दिदीबहिनी भने । लोकतन्त्रका लागि लडेकाहरू प्रायः पहिले राजाका प्रजा थिए । आममानिसहरू लोकतन्त्रमा सत्ता सञ्चालक बनेपछि जनता शब्द उच्चारण नगरी कुनै पनि नेताको बोली टुंगिँदैन ।

गैरसरकारी संस्थाहरूले पनि जनता शब्द अत्यधिक प्रयोग गर्छन् । उनीहरूले जनताका अनेक रूप सिर्जना गरेका छन् । कोही लक्षित समुदाय भन्छन्, कोही 'स्टेकहोल्डर' अर्थात् साझेदार समूह भन्छन्, अचेल धेरैजसो 'सिविल सोसाइटी' अर्थात् नागरिक समाज भन्छन् । त्यही जनतालाई कहिले 'रिसिपियन्ट' अर्थात् प्रापक भनेर चिनाउँछन् त कहिले उपभोक्ता समूह भन्ने नाम दिन्छन् । यी सबैलाई विशिष्टीकरण नगरी भन्नुपर्दा 'पिपल' अर्थात् जनता भन्छन् । खास गरी राज्यले पुऱ्याउन नसकेका सेवा-सुविधा बाँड्ने र विकास निर्माणका काममा जनतालाई पनि संलग्न गराउने भनेर खोलिएका गैरसरकारी संस्थाले जे गर्छन्, जनताका नाममा नै गर्छन् ।

अर्थ खुइलिने गरी अति प्रयोग हुन थालेको यो शब्द आफैँमा एक अवधारणा पनि हो । सर्वसाधारण भन्ने शब्द पनि उत्तिकै प्रयोग हुन्छ । भारतमा आम आदमी नाम राखेर राजनीतिक दल नै बन्यो । नेपालका कम्युनिस्ट पार्टीले पत्रिका प्रकाशन गरून् वा चिया पसल खोलून् वा निजी अस्पताल सञ्चालन गरून्, जनता वा 'जन' शब्दको फुर्को कतै न कतै जोडेकै हुन्छन् । वामपन्थीहरूको सक्रियतामा खुलेका निजी बैंकका नाममा समेत उही जनता जोडिएको छ । निजीकरणको विरोध यथावत् राखेर निजी स्तरबाट धमाधम विद्यालय, कलेज र अस्पतालको व्यापार गर्न थालेकाहरू समेतले जनता शब्दप्रतिको मोह छोडेका छैनन् ।

तर, कसैले जनता शब्दलाई एक अवधारणाका रूपमा ग्रहण गरेर त्यसको प्राज्ञिक चिरफार गरेको सम्झना छैन । लोकतन्त्र नामको राजनीतिक व्यवस्थाबारे अध्ययन गर्ने खास गरी पश्चिमा राजनीतिशास्त्रीहरूले जनताको अवधारणालाई पर्गेल्न कोसिस गरेका छन् । तिनै प्राज्ञिक बहसलाई समेत हाम्रोमा उति उठान गरेको सम्झना छैन । सार्वजनिक विमर्शमा त यस्तो अवधारणागत विषयको उठान हम्मेसी हुँदैन । कसैले त्यस्तो सैद्धान्तिक चर्चा गर्न खोज्यो भने उसलाई सकेसम्म चुप लगाउन खोजिन्छ । यहाँ त्यो शब्दको राजनीतिशास्त्रीय अन्वेषण सम्भव छैन । केही आधारभूत प्रश्न मात्रै उठाउन खोजिएको छ ।

जनता भनेकै दलाल ?

नेपालको तीन करोड जनसंख्यामध्ये ४० लाखभन्दा बढी मानिस मुलुकबाहिर छन् । यो सरकारी तथ्यांक हेर्दा यस्तो लाग्छ- मानौँ तेस्रो मुलुक गएर काम गर्नेहरू यो मुलुकका दास हुन् । कारण, कुल गार्हस्थ उत्पादन बढेको हर्षबढाइँ गरिरहँदा होस् वा हाम्रो लोकतन्त्रको महत्ता स्थापित गर्न चुनाव नामको पर्व मनाउँदै गर्दा होस्, उनीहरूलाई नागरिकको हैसियत दिइएको छैन । बरू, राज्यले ती मानिसहरूलाई निर्जीव तथ्यांकहरूको



फेहरिस्त मात्रै मानेको छ । उनीहरूको श्रमले अर्थतन्त्र धानिरहेका बेला राज्यले यी श्रमिकहरूलाई हरेक पाइलामा गर्ने व्यवहार हेऱ्यो भने उनीहरूले नागरिकको हैसियत नपाएको देखिन्छ ।

विदेश जान म्यानपावर नामका अधिकांश ठगी गिरोहहरूका हातमा खेलौनाजस्तो भएर दिनहुँ हल्लिनुपर्छ । यस्ता कम्पनीमार्फत विदेश पुगेर श्रम गर्न चाहनेहरूमध्ये धेरैजसो ठगिने गरेका छन् । राम्रो ठाउँमा पुगेर राम्रै आम्दानी गरेकाहरूले समेत कुनै न कुनै मौकामा ठगिएकै कथा सुनाउँछन् । यस्ता अव्यवस्था सुधार्नमा राज्य कमजोर साबित भइसकेको छ । त्यसै गरी उता पुगेपछि श्रमिकले पाउने दुःख, हैरानी र यातनाको राज्यसँग कुनै लेखाजोखा नै छैन ।

क समाज ?

त्यसउपर उनीहरूलाई श्रम गर्न जाने इजाजत दिन खडा गरिएका कार्यालयहरूले श्रमिकलाई दिने हैरानी कति हुन्छ, भनेर साध्य छैन। त्यस्ता कार्यालयमा कर्मचारीभन्दा बढी दलालहरूको दबदबा चल्ने गरेको सबैले सहजै पचाएको सत्य हो । यस्ता हैरानीबारे पढ्न बजारमा केही किताबहरू नै उपलब्ध छन् अब । त्यसैले यो कुनै छोपिएको सत्य होइन । बरू, आमबुझाइ हो । तर, तुरुन्तै सुधार्न सकिने अव्यवस्था कायम राख्नमा सत्ता सञ्चालकका वरपर घुम्ने दलालहरूलाई फाइदा छ । दलालहरूले दलालहरूकै लागि उपयोग गरेको व्यवस्था जस्तो भएको छ, हाम्रो लोकतन्त्र । यसरी हेर्दा हाम्रो नेतृत्व बडो स्वादले उच्चारण गरिरहने जनता शब्दको साँचो अर्थ दलाल हुन आउँछ ।

अर्थतन्त्र धान्न जीवनको सबैभन्दा गतिशील समय र सक्दो ऊर्जा खन्याएका यी श्रमिकहरूलाई चुनावमा सहभागी हुने व्यवस्था मिलाउन सकिएन। यी ४० लाखभन्दा बढी संख्याका बालिग नागरिकलाई बाहिरै राखेर स्थानीय, प्रादेशिक र केन्द्रको निर्वाचन हुँदै छ। सतहमा हेर्दा यो बिलकुल प्राविधिक समस्या हो । स्थानीय निर्वाचनभन्दा अघि यसबारे केही छलफल भएका थिए। सरकारी तवरबाट समेत प्रयत्न गर्न खोजिएका खबर आएका थिए । गैरसरकारी संस्थाहरूले ती मुलुकबाहिर भएका नागरिकहरूको मत समेट्न अपनाउनुपर्ने उपायबारे अध्ययन गरेको खबर पनि सार्वजनिक भएको हो। त्यही अध्ययनका नाममा केही जिम्मेवार मानिसहरूले विभिन्न ठाउँको भ्रमण गरेको पनि सत्य हो। तर, ठोस काम केही भएन। निर्वाचन आयोगले नेपालीहरू १ सय १० देशमा फैलिएर बसेको र उनीहरू सबैलाई निर्वाचनमा समेट्न अत्यन्त महँगो पर्ने जवाफ दिएको थियो। तर, के यो प्राविधिक समस्या मात्रै हो त ? जनसांख्यिक राजनीतिको दृष्टिकोणबाट हेर्दा हामीले अभ्यास गरेको लोकतन्त्र अत्यन्त कमजोर रहेको प्रमाणित हुन्छ।

> **निजीकरणको विरोध यथावत् राखेर निजी स्तरबाट धमाधम विद्यालय, कलेज र अस्पतालको व्यापार गर्न थालेकाहरू समेतले जनता शब्दप्रतिको मोह छोडेका छैनन् ।**

उल्लिखित तथ्यांकमा भारतमा काम गर्न गएकाहरूको संख्या जोडिएको छैन । कारण, सरकारसँग त्यस्तो तथ्यांक नै छैन । त्यसो भए भारतमा काम गर्ने नेपाली श्रमिकहरू शासकका बोलीमा हरपल झुन्डिइरहने जनता भन्ने अवधारणामा अटाएका छन् ? यस अर्थमा, नेपाली राज्यले भारतमा काम गर्नेहरूलाई त तेस्रो मुलुकका श्रमिकहरू जस्तो निर्जीव तथ्यांकसमेत पनि नमानेको देखिन्छ। सीमापारि गएर श्रम गरेर खाने मानिसहरूको सामान्य रेकर्ड राख्न नसकिने होइन। तर, त्यसमा जोडिन सक्ने भूराजनीतिक जटिलता सम्बोधन गर्ने झन्झट कोही उठाउन चाहँदैन। जनताका नाममा सारा नकामहरू गर्न सक्ने नेतृत्वले सामान्य भूराजनीतिक जटिलता झेलेर उनीहरूको श्रमको सामान्य मूल्यांकन पनि गर्न सक्दैन।

नेता दाता, जनता मगन्ते ?

शासकहरू जनता शब्दको प्रयोग गरिरहँदा, एउटा यस्तो समूहको परिकल्पना गरिरहेका हुन्छन्, जो उनीहरूभन्दा तल बसेर केही माग्न हात थापिरहेको हुन्छ। नेता 'पेट्रन' बनेको हुन्छ, जनता 'क्लाइन्ट' । त्यसैले सोझै नभने पनि जनतालाई हरपल केही न केही मागिरहेको मगन्तेका रूपमा शासकहरूले बुझिरहेका हुन्छन्। जस्तो : जनतालाई पुल बनाइदिनु छ, खानेपानी पुऱ्याइदिनु छ, उनीहरूका हातमा औषधि राखिदिनु छ, पाठ्यपुस्तक दिनु छ, जागिर लगाइदिनु छ। जनता शब्दमा सिंगो समाज निहित हुँदैन वा नेता वा शासकहरूले आफूलाई समेत त्यसैमा जोडेर व्याख्या गरिरहेका हुँदैनन् । उनीहरू जहिल्यै आफूलाई माथिल्लो तहमा राख्छन् किनभने उनीहरू राज्यसँग सुरक्षित शक्तिको प्रत्यक्ष दोहन गर्ने अख्तियारी पाएका मानिस हुन्। त्यसैले जनता शब्दको प्रयोग गर्दा उनीहरू आफूलाई विकास र रोजगार बाँड्न सक्ने र परिआउँदा जनताको ज्यान मास्न पनि सक्ने शासकका रूपमा सम्झिरहेका हुन्छन् । आखिर जस्ता सेवा-सुविधा बाँडे पनि वा जस्ता हतियार कोतमा जम्मा पारे पनि, ती सबै आममानिसका श्रमबेगर सम्भव हुँदैन। तर, मुलुकभित्र र बाहिर बसेर श्रम गर्ने नागरिकहरू नै अर्थतन्त्रको मौलो हो भन्ने बुझाइलाई जनता शब्दको आमप्रयोगले समेट्न सकेको छैन।

हुन त गैरसरकारी संस्थाहरूसमेतले आफूलाई खास समूहका मसिहाका रूपमा व्याख्या गरिरहेका हुन्छन् । कुनै मुलुकका जनताले श्रम गरेर उत्पादन गरेको धन कुनै अर्को मुलुकको जनताको हितमा प्रयोग गर्ने चलन चलेको धेरै भयो । तर, यस्ता सहयोगप्रतिको बुझाइमा पनि ठूला विभ्रम छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत जनताका नाममा आएका स्रोत सीमित मानिसका हातमा आइपुग्छ। तिनले आफूलाई त्यो स्रोतका मालिक सम्झिन्छन् र जसका नाममा त्यो पठाइएको हो, तिनलाई मगन्तेका रूपमा बुझ्छन्।

कसको नागरिक समाज ?

हामीकहाँ जनता शब्दको अति प्रयोग हुने तर त्यो अवधारणाबारे उचित विमर्श नभएकाले नागरिक समाजबारे बुझाइ पनि समस्याग्रस्त छ। त्यसैले कहिले खास जातका मानिस एक ठाउँ आएर केही बोले भने त्यसैलाई नागरिक समाजका रूपमा व्याख्या गरिन्छ। कहिले भने कुनै खास दलको प्रभाव विस्तार हेतु सञ्चालित केही चलनचल्तीका नाम औँल्याएर नागरिक अगुवा भन्ने चलन छ। हलुका रूपमा प्रयोग गरिने जनता र नागरिक शब्दको गहिरो विमर्श नहुँदा, आमबुझाइमा भ्रम स्थापित हुँदा शक्तिशालीहरूले यस्ता अवधारणालाई आफ्नो हितमा उपयोग गर्छन् । यहीमार्फत सत्ताको दोहन त गर्छन् नै, सत्ताइतरका स्वतन्त्र मञ्चहरूमा समेत आफ्नै कब्जा जमाउँछन्। त्यसैले केही आधारभूत प्रश्नहरू सोध्न अत्यन्त जरुरी छ : को हो जनता ? के हो नागरिक समाज ? ◆

वैदिक साम्यवाद

शैक्षिक र सामाजिक जागरणको उद्गम थलो

■ राजकुमार बानियाँ/देवघाटधाम (तनहुँ)
तस्बिरहरू : रवि मानन्धर

नि:शुल्क भोजन, नि:शुल्क आवास, नि:शुल्क शिक्षा, नि:शुल्क उपचार ।

यो कुनै कम्युनिस्ट पार्टीको नारा होइन । दार्शनिक कार्ल मार्क्सको परिकल्पना पनि होइन । बरू प्रसिद्ध धार्मिकस्थल देवघाटधामस्थित गलेश्वर आश्रमको यथार्थ हो । साँझ-बिहान देवघाट टेकेका पाहुना या पर्यटक भोकै पर्दैनन् । उनीहरूका लागि सात्विक भोजन हाजिर छ ।

नेपालकै आधिकारिक स्थायी अन्नक्षेत्र हो, देवघाट । यसका लागि कसैले कसैलाई चिन्नु आवश्यक छैन । यहाँ भोकाएकालाई खाना छ, तिर्खालुलाई पानी छ, छाना नभएकालाई बास छ अनि बिरामीका लागि धर्मार्थ औषधालयमा उपचार ।

"गलेश्वर आश्रममा नियमित तीन सय जनालाई खाना पाक्छ," आश्रमका कार्यालय सचिव महेन्द्रराज प्याकुरेल भन्छन्, "१०-१५ जना बढ्दा चामल र दालमा पानी थपेको छैन ।" विशेष अवसरमा सिंगो देवघाटबासीकै निम्ति भण्डारा पनि लाग्छ ।

'विद्या नभए काशी जानू' भन्ने लोक आहान बदलिएको छ, 'विद्या नभए देवघाट जानू ।' यहाँका चार गुरुकुलले त्यसलाई सार्थक पारिदिएका छन् । गुरुकुलहरू देख्दामा आधुनिक छन् तर ब्रह्मचारी वटुकहरू ठ्याक्कै प्राचीन जीवनशैली बिताउँछन् । बिहान ४ बजेदेखि राती १० बजेसम्म उनीहरू घन्टीकै सुरतालमा नाचिरहेका हुन्छन् । त्यसैले त नेपालको काशी !

यहाँका कतिपय दृश्यले भारतीय तीर्थस्थल हरिद्वार र ऋषिकेशको झझल्को दिलाइदिन्छन् । नित्य पूजाआजा, योग, ऋचा-मन्त्र, कथा प्रवचन, स्वाध्याय, सत्संग, सन्ध्या वन्दना । जताततै शिखर शैलीका मन्दिर अनि आश्रम, जताततै भक्त-भक्तिनीहरू । पाइलैपिच्छे जटाधारी, गेरुवस्त्रधारी, ज्ञानी, साधु-सन्त-सन्न्यासी, माईआमाहरूसँग जम्काभेट हुन्छ ।

देवघाट क्षेत्रमा 'ह्यान्डसेक-हाई-हेलो' दुर्लभ छन् । जिन्स प्यान्ट त यहाँ नौलो फेसन लाग्छ । लम्बेतान टुपी पालेका, धोती बेरेका, तीनधर्के चन्दन लगाएका, रामनामी ओढेकाकै बोलवाला छ । 'प्रभुको प्यार'मा रमाएका उनीहरूको सम्बोधनको शैली पनि बेग्लै छ, नारायण, हरिओम, राधेश्याम, रामराम, हरिहरि, हरिओम विष्णु, ओम नमः शिवाय । शैव, कृष्ण प्रणामी, रामानुज, साईभक्त र वैष्णवहरू आ-आफ्नै शैलीमा अभिवादन गर्छन्- नारायण, प्रेमीजी, राधेराधे, सीताराम आदि इत्यादि ।

मुग्लिन-नारायणगढ सडकको आँपटारीबाट देवघाट गेट लागेपछि साँच्चै वैदिक साम्यवादमा प्रवेश गरेजस्तो लाग्छ । यहाँ कुनै झैझगडा छैन । मात्र भगवान्को आराधना छ । स्वर्गको स्वर्णढोका खोल्ने आकांक्षा छ सबैमा । जतिसुकै धमिलो पानी होस्, कालीगण्डकी र सप्तगण्डकीको संगमस्थल नौगंगामा डुबुल्की मार्न भक्तजनलाई संकोच छैन । बरू बोतलमा पानी उघाएर घर लैजान उत्सुक हुन्छन् । एक प्रकारले सांसारिक रीतिको चञ्चल मन विसर्जन हुन जान्छ ।

यहाँ पर्व र मेला लाग्छ अचानक । लुम्बिनी मेला होस् कि गढीमाई । पशुपतिको होस् या साउने सोमबारको मेला, थाहा नपाई लाग्छ । देवघाटबासी त्यसमै रंगिइहाल्छन् । यहाँको दीर्घायु कस्तो छ भने सय उमेर काटेका थुप्रै भेटिन्छन् । तीमध्ये एक हुन्, वन बाबा । हेर्दा ७५ कटेका लाग्ने वन बाबा उमेर नपत्याएकाले १ साउन १९७१ कायम भएको नागरिकता गोजीमै बोकेर हिँड्छन् । ७० वर्ष देवघाटमै बिताएका उनी राजा त्रिभुवन, महेन्द्र, महात्मा गान्धी, जवाहरलाल नेहरुका कुरा गर्छन् ।

१ सय ७ वर्षकै अर्की आमा छन् सरकारी

वृद्धाश्रममा । मकवानपुर, ज्यामिरेकी लक्ष्मी ठकुरी । काठमाडौँ सीतापाइलाकी उमादेवी खनाल १ सय ३ वर्षकी छन् । उमादेवी गुनासो गर्दै थिइन्, "पंखा चलेको छैन । उडुस आतंक छ ।" मांस, मदिरा, धूमपान र मद्यपान निषेध छ भित्री देवघाट क्षेत्रमा । तर, विकृति न हो, रमाइरमाइ आइहाल्छ । तिनलाई रोक्न सादा पोसाकका प्रहरी परिचालित छन् । आदिवासी बोटे, मगर, गुरुङ, भुजेलहरूको बसोवास छ, बाहिरी देवघाटमा । अहिलेको देवघाटधामको सेरोफेरो जम्मै उनीहरूकै हो ।

पहिलेको निर्जन, सुनसान देवघाट क्षेत्रमा दासढुंगातर्फबाट गाडी आउन थालेको छ भने काली र त्रिशूलीबाट आउने क्रममा छ । तीन जिल्ला जोड्ने त्रिकोणात्मक पुलको सर्भे भइसकेको छ । कंक्रिटका बहुतले घर उभिन थालेका छन् यहाँ । पाखे छाना, बार्दली, ससाना झ्याल भएका ढुंगा-माटोका घर थुप्रै छन् । ३० फिटभन्दा अग्ला संरचना नबनाउने मापदण्ड तोकेको छ, देवघाट क्षेत्रविकास समितिले ।

देवघाटको भौगोलिक विशेषता के भने यहाँ पानी जम्दैन । धमिराका कारण दिसालगायत फोहोरजन्य पदार्थ भोलिपल्टै माटो हुन्छ । सर्प लाग्दैन । दशकयता जग्गाको भाउ अकासिएको छ । एउटा घडेरीकै १० देखि २५ लाख रुपियाँसम्म पर्छ । "नवनिर्माण धमाधम भइरहेकाले कसैले फाल्तु बस्नु पर्दैन," देवघाट क्षेत्र विकास समितिका सदस्य विष्णुप्रसाद सापकोटा भन्छन्, "काम गर्छु भन्नेलाई काम, भक्तिभाव गर्छु भन्नेलाई राम ।"

एनआरएन-देवघाट आश्रमको भोजनालय

समितिको कार्यक्षेत्र तनहुँ, चितवन र नवलपरासी जिल्ला (तीन अञ्चल पनि)को सीमान्त नदीतटीय क्षेत्र ९४. ३४ वर्ग किलोमिटर छ । देवघाट क्षेत्रभित्र कति ज्येष्ठ नागरिक छन् ? कति मठमन्दिर छन् ? कति विद्यालय छन् ? कति सामाजिक संघसंस्था छन् र कसले कति वार्षिक आम्दानी गर्छ भन्ने अध्ययन अझै भएको छैन ।

अनौपचारिक जानकारी अनुसार यहाँ तीन वृद्धाश्रम, चार गुरुकुल, तीन ठूला आश्रम, २०

कल्पवासमा करूणा

काठमाडौँ, बालाजुका प्रेमप्रसाद, ८५, देवघाटमा 'जलमन्त्री', 'पानी बा', 'जलबाबा' आदि उपनामबाट चिनिन्छन् । उनी हरेक दिन देवघाटको झोलुंगे पुल नजिकै चौतारामा १२ वटा पानीका बोतल राख्छन् र बटुवाको सेवामा तल्लीन छन् । केही वर्षयता देवघाट-एनआरएन वृद्धाश्रममा बस्दै आएका उनी घरको नियास्रो लागे कहिलेकाहीँ काठमाडौँ पुग्छन् । उनी सुनाउँछन्, "छोराछोरी आउँदैनन्, मै जान्छु ।" घर जाँदा नातिनातिनाले 'देवघाटका हजुरबा आउनुभयो' भन्छन् ।

सिन्धुपाल्चोक, मेलम्चीका रामहरि सिग्देल, ६९, छटपटाउँदै थिए वृद्धाश्रममा कोठा नपाएर । "भुइँचालोले अझै पनि मुटु कामिरहेको छ, भत्किएको घर हेरेर कति बस्नु ?" उनी सुनाउँदै थिए, "भेँडा भेँडासँग, बाख्रा बाख्रासँग भन्छन्, मलाई पनि यतै बसूँ बसूँजस्तो लाग्यो ।"

देवघाट-एनआरएन वृद्धाश्रम जहिल्यै 'हाउसफुल' हुन्छ । वृद्धाश्रमका व्यवस्थापक स्वामी परमेश्वरानन्द गिरी, ६७, भन्छन्, "खाली हुने भनेको बुबाआमा परमधाम भएपछि नै हो ।" आश्रममा २८ कोठा छन् भने ६३ जना बस्छन् । तीमध्ये आमाहरू २८ जना छन् । साधारण कोठामा चार जना बस्छन् भने विशेषमा दुई जना । आजीवन बस्ने सात जना छन् । अरूले वार्षिक रूपमा ३१ हजार १ सय र २६ हजार १ सय रुपियाँ तिर्छन् । आजीवन शुल्क ३ लाख ७५ हजार (विशेष) छ भने साधारणतर्फ तीन लाख छ ।

वृद्धाश्रममा ९८ वर्षका गुरुङ बा पनि छन् । नेपाल प्रहरीका बहालवाला एसपीले उनलाई यहाँ एक प्रहरीसहित राखिदिएका छन् । बा उनको घरमा घरेलु कामदार रहेछन् । घरमा तालमेल नमिलेर मात्र होइन, गंगास्नान र धर्मकर्मका लागि देवघाट रोजेका कतिपय बाबुआमा अहिले युरोप-अमेरिका-अस्ट्रेलिया यात्रामा छन् ।

०६७ देखि सञ्चालित यो वृद्धाश्रम सम्हालेको डेढ वर्ष पुग्यो परमेश्वरानन्दले । लामो समय भारतको आर्य समाजमा काम गरेर केही वर्ष मात्र भयो घरबार त्यागेको । बाबुआमा र छोराछोरीबीच विचार नमिल्नुलाई उनी 'जेनेरेसन ग्याप' मान्छन् । "जुग-जमाना अनुसार छोराछोरी गलत होइनन् । बूढाबूढीको चित्त बुझाउन गाह्रो छ," उनी भन्छन्, "कोही पनि नभएको र केही पनि नभएकालाई राख्ने व्यवस्था विधानमै छैन । उनीहरूलाई सरकारी वृद्धाश्रममा पठाइदिन्छौँ ।"

सरकारी वृद्धाश्रम अर्थात् देवघाट समाजकल्याण केन्द्र (०५२) देवघाट क्षेत्रविकास समितिको छातामुनि छ । वृद्धाश्रमका ३३ जनामध्ये ६७ देखि १ सय ७ वर्षसम्मका २३ आमाहरू छन् । बसाइँसराइको कागज भए वृद्धभत्ता यतै पाउँछन् । सबेरै उठेर तीर्थस्थल जान्छन्, अरू समय भजनकीर्तनमा रमाउँछन् । गोरखा, बुंकोटका मोतीलाल जोशी गुनासो गर्दै थिए, "आफ्ना छोराछोरी भएनन्,

कन्या गुरुकुलका बालिकाको भजनकीर्तन

वटा मठमन्दिर र ५० वटा धार्मिक संस्था छन् । १ करोड ५० लाख वार्षिक बजेटलाई ६ करोड पुऱ्याउने अभियानमा क्षेत्र विकास समिति लागेको छ ।

पहिलो साधक गलेश्वर बाबा

हिन्दु धर्मका बराह पुराण, स्कन्द पुराण र भागवत्मा देवघाटको चर्चा छ । देवताहरूको प्रिय ठाउँ मानिएको छ यसलाई । पन्ध्रौं शताब्दीमा पाल्पाका राजा मणिमुकुन्द सेन वैरागी भएर देवघाटलाई १२ वर्षसम्म साधनाभूमि बनाएको इतिहास पनि छ । त्यसको साक्षीका रूपमा चक्रवर्ती मन्दिर, चक्रशिला, पाञ्चायन मन्दिरलगायत छन् ।

देवघाटका पहिलो साधक मानिएका छन्, म्याग्दी गलेश्वरमा बसेका ईश्वरानन्द ब्रह्मचारी उर्फ गलेश्वर बाबा । उनी आएपछि नै बाहिरिया भक्त र साधकको ओहोरदोहार बढ्यो । नत्र विभिन्न तिथि पर्वविशेषमा स्नान, दानादि कर्म गरी फर्कने चलन थियो, कल्पवासको चलन थिएन ।

दाजुका छोराछोरी पालें । आफूले जन्माएकाले त हेर्दा रहेनछन्, अरूले के हेर्थे ?"

नारायणी किनारामा रहेको रोटरी करुणालयमा समाजका उपेक्षित, अपहेलित, असमर्थ ३० जना वृद्धवृद्धाले आश्रय पाएका छन् । पुरुष र महिलाका लागि छुट्टाछुट्टै विश्रान्ति गृह छन् । व्यवस्थापक डिल्ली ढुंगानाका अनुसार यहाँ १९ जना आमा छन् भने ११ जना बुबा ।

चितवन रोटरी क्लबको अगुवाइमा खुलेको करुणालयमा थाहा-सदावर्त भोजन हुन्छ । बिहान-बेलुकी आउनेलाई भोजन खुला छ । नाम चलेका डाक्टर, इन्जिनियर, प्रशासकहरूका आमाबुबाहरू पनि वृद्धाश्रममा छन् । कतिपय खुलेर बोल्छन्, कतिपय खुल्दैनन् । वृद्धाश्रमको बसाइ घरभन्दा रमाइलो भएको वृद्धवृद्धाको अनुभव छ । "बुबाआमालाई महिनावारी पाँच सय तोकेका छौं," सञ्चालक रमेशकुमार पिया भन्छन्, "सक्नेले वृद्धभत्ताबाट तिर्छन्, नसक्नेसित लिएका छैनौं ।"

१ सय ७ वर्षीया लक्ष्मी ठकुरी

ज्येष्ठ नागरिक ग्राम भएको छ, देवघाट । गलेश्वर आश्रम अन्तर्गत 'मिनी वृद्धाश्रम'का रूपमा २ सय ३५ कुटी छन् । कल्पवासमा तीन सयको हाराहारीमा भक्तिनी आमाहरू छन् । कुनैमा सासू-बुहारी बसेका छन्, कुनैमा आमा-छोरी, कुनैमा सौता-सौती । "जीवनको उत्तरार्द्धमा एक विषय लागेर आएका बुबाआमा थुप्रै छन्," गलेश्वर आश्रमका कार्यालय सचिव महेन्द्रराज प्याकुरेल भन्छन्, "कतिपयलाई देवघाटमा बस्दा इज्जत जान्छ भनेर छोराछोरीले लिएर गए ।"

आश्रमको जोड पनि मेलमिलाप र पुनःस्थापनामै हुन्छ । कुटीमा बाँदर र लामखुट्टेले अचाक्ली सताउँछन् । आफू बस्ने कुटी आफैं मर्मत गर्नुपर्छ । सुदूरपश्चिमका बाहेक हरेक जिल्लाका वृद्धवृद्धा यहाँ छन् । "यहाँ दाताहरूको चापाचापै छ," प्याकुरेल कटाक्ष गर्छन्, "आफ्ना बाबुआमालाई बाँचुञ्जेल दुःख दिने, वर्षदिनमा तिनका नाममा भात खुवाउने, फलफूल बाँड्ने र फेसबुकमा फोटो टाँस्ने त फेसनै भइसक्यो ।"

गुरुकुलको केन्द्र

महेश गुरुकुलको प्रार्थना सभा

ऋषिकुल, देवकुल, पितृकुल अनेक नाम छन् गुरुकुलका । खासमा यो आफ्ना शिष्यलाई आफ्नै निरीक्षण र अधीनमा राखी शिक्षा एवं तालिम दिने प्राचीन पद्धति हो। चौबीसै घन्टा शिष्य गुरुको सान्निध्यमा हुन्छन्। गुरुकुलको नेतृत्व सन्न्यास आश्रमका साधु-सन्तले नै गर्छन्। सन्तहरू निस्पृह हुन्छन् तर पनि अलौकिक कार्य गरिरहन्छन् ।

शिक्षाका लागि काशी धाउने चलन विस्थापित गरिदिएको छ, देवघाटले । यहाँ कक्षा ६ देखि आचार्यसम्म अध्ययन-अध्यापन भइरहेको छ। खास गरी बहुदलीय व्यवस्थाको आगमनपछि देवघाट क्षेत्रमा मात्रै चार गुरुकुल पुगेका छन्। वेद वेदांग विद्यालय (०२३), परमानन्द गुरुकुल (०४७) र महेश गुरुकुल (०५२) मा छात्र मात्र पढ्छन् भने कन्या गुरुकुल (०६८) मा छात्रा मात्र ।

यी गुरुकुल गलेश्वर बाबा, परमानन्द सरस्वती र रामानन्द गिरीका आश्रमले चलाइरहेका छन् । महेश गुरुकुलमा आचार्यसम्म दुई सय, परमामन्द गुरुकुलमा शास्त्रीसम्म १ सय ५० र वेदवेदांग विद्यालयमा कक्षा १० सम्म ७० जना वटुक ब्रह्मचारी आवासीय सुविधासहित पढिरहेका छन् ।

गुरुकुलका प्रायः शिक्षक यहीँ पढेका छन् । माथिल्ला तहका विद्यार्थीले तल्ला तहमा राजीखुसीले पढाउँछन्। विद्यार्थीले भान्सामा पनि सघाउँछन् । "हामी शिक्षकमा सेवाभाव छ । यतिका वर्षसम्म एक सुका नतिरी पढियो, बसियो, खाइयो," परमानन्द गुरुकुलका मनोज भण्डारी भन्छन्, "अब हामीले शुल्क लिन मिल्छ ?"

गुरुकुलहरूका प्रधानाध्यापकदेखि प्राचार्यसम्म पीएचडीधारी छन्। महेशका गुरुप्रसाददेखि परमानन्दका प्रधानाध्यापक नवराज ब्रह्मचारी र प्राचार्य ब्रह्मचारी सुभाव चैतन्यसम्म। वनारस र देवघाटको शिक्षा मिल्दोजुल्दो छ ? नवराज भन्छन्, "वनारसमा संस्कृत मात्र पढाइ हुन्छ, हामी आधुनिक विषयसँग पनि जोडिएका छौँ ।"

महेश गुरुकुलका प्रधानाध्यापक र व्यवस्थापक केशवानन्द गिरी आफ्नो विद्यालयलाई औपचारिक धारको एक मात्र गुरुकुल ठोकुवा गर्छन् । छात्रा किन समावेश छैनन् गुरुकुलमा ? ०६३ मा बूढानीलकण्ठ मन्दिरका मठाधीश भइसकेका केशवानन्द भन्छन्, "छात्राको व्यवस्थापन संवेदनशील हुन्छ । महिला शिक्षक र छात्रावास चाहिन्छ ।"

केशवानन्दले व्यवस्थापन गाह्रो मानेको कन्या गुरुकुल सम्हालिरहेकी छन्, सावित्री टण्डनले । लोककल्याण सेवा प्रतिष्ठान अन्तर्गत रहेको रामजानकी बालिकाश्रममा १ देखि १४ वर्षसम्मका नितान्त अनाथ २८ जना बालिका छन्। उनीहरू स्थानीय सीताराम संस्कृत माविमा पढ्छन् । भजन, प्रवचन, देवीभागवत् वाचन गरेर भक्तजनको मन पगालिदिन्छन् ।

विभिन्न जिल्लामा महायज्ञ लगाउने क्रममा कन्या गुरुकुलको सोच आएको हो सावित्रीलाई । ललितपुरकी समाजसेवी भगवती घिमिरे उपाध्यायको घरमा चलेको यो आश्रममा अंगुरबाबा जोशीको संरक्षकत्व रहेको गार्गी कन्या गुरुकुलका १४ जना थपिएका छन् भर्खरै । "छोराका संरक्षक धेरै देखिए, छोरीको एउटै देखिएनन्," माताजी भनिने सावित्री भन्छिन्, "सडकमा छोरा प्रकृतिको गुणले नै संरक्षित हुन्छ, बालिकाहरू सडकमा छाडिएर कोठी या मसाजकेन्द्रमा बेचिने स्थितिका कारण आश्रम खोल्नु बाध्यता भयो ।" एनजीओ, आईएनजीओ, विदेशी सहयोग नलिईकन देशभरिका यस्ता बालिकालाई विदुषी बनाएर छाड्ने उनको संकल्प छ ।

शिक्षा मन्त्रालयको गुरुकुल आश्रम व्यवस्थापन परिषद्मा दुई कार्यकाल अध्यक्ष रहिसकेका गुरुप्रसाद सुवेदीका अनुसार सयवटा गुरुकुल दर्ता छन्, दुई सयजति दर्ता हुन बाँकी छन् । "महेश गुरुकुलमा बर्सेनि सय विद्यार्थी आउँछन् नयाँ भर्नाका लागि । त्यसमा ७५ प्रतिशतलाई फर्काउनुपर्ने स्थिति छ," सुवेदी भन्छन्, "संस्कृत मगन्ते होइन, सानसँग पढिने विद्या हो । हातोहात रोजगार छ ।"

सुरुमा गलेश्वर बाबा पनि त्रिशूली किनारको गुफा र कृष्णगण्डकीको भरत गुफातिरै रत्तिए । १९९० को आसपास उनी पहिलोपटक देवघाट आएर १२ वर्ष साधना गरेको जनश्रुति छ । दोस्रोपटक देवघाट आएछन् ०२२ तिर। गलेश्वर बाबालाई यहाँ भूपू सांसद एवं समाजसेवी मैयाँदेवी श्रेष्ठले निम्त्याएकी थिइन् । उनका पिता डिट्ठा वीरबहादुरका गुरु रहेछन् बाबा ।

"०१५ को आमचुनावमा उम्मेदवारी फिर्तापछि आत्मशान्तिको खोजीमा लागेकी थिएँ, ०२२ मा मुक्तिनाथबाट फर्किंदा बाबा बोलाएँ," मैयाँदेवी भन्छिन्, "बाबाले दाता सम्मेलन गरी पाँच लाख रुपियाँ जुटाए र वेद वेदांग विद्यालय स्थापना गरे ।" त्यो नै यहाँको सबभन्दा पुरानो गुरुकुल हो ।

त्यतिबेला त्रिशूलीमा काठे डुंगा मात्र चल्थ्यो । ०२९ मा चितवनको प्रमुख जिल्ला अधिकारी रहेका आत्माराम पौडेलका शब्दमा पारि ब्रह्मचारी डिल्लीराम बाबा देवघाटको विकासका पक्षमा उभिएका थिए भने वारि अघोरी बाबा र गलेश्वर बाबा विकासले पर्यावरण बिग्रने र मौलिक संस्कृति तहसनहस हुने चिन्तामा थिए। झोलुंगे पुल बनेको पनि गलेश्वर बाबाले त्यति रुचाएनन् ।

गलेश्वर आश्रममा केही कुटी थिए तिनताका । रामनामीले मुख छोपी गायत्री मन्त्र मात्र जपेर बस्ने गलेश्वर बाबा १ सय २५ वर्ष बाँचेको जनश्रुति छ । देवघाट क्षेत्रकै अर्का सन्त परमानन्द सरस्वती भने 'विद्यामा काशी, विकासमा हरिद्वार' बनाउने ध्याउन्नमा थिए । अहिले त्यसकै संकेत देखिएको छ ।

मैयाँदेवीको शब्द सापटी लिने हो भने बीपी कोइरालाले पनि रुचाएको ठाउँ हो, देवघाट । ०३६ मा जनमतसंग्रहताका चितवनको आमसभापछि बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालालाई आफ्नो कुटीमा ल्याएको मैयाँदेवीको भनाइ छ । "त्यतिबेला सान्दाजुले यहीं बसेर जीवनको उत्तरार्द्ध अध्ययन र लेखनमा बिताउने सोच्नुभएको थियो," उनी भन्छिन्, "गिरिजाबाबुले कोदालीले खनेको खाल्टोमा बीपीले एउटा ठूलो ढुंगा उचालेर कुटी शिलान्यास गर्नुभएको थियो ।" नेताहरू हिँडेपछि पावन तीर्थस्थलमा कांग्रेसका नेता ल्याएर बिटुल्याएको आरोप पनि खेपिन् उनले । त्यो ठाउँमा उनले वर, पीपल र समीको बिरुवा रोपेर विशाल चौतारो बनाएकी छन् ।

मेयरभन्दा महत्त्वाकांक्षी

देवघाट क्षेत्र विकास समितिमा अहिले पनि मैयाँदेवीकै प्रभाव छ । समिति अध्यक्ष टंकनाथ पौडेल उनका धर्मपुत्र हुन् भने सदस्य विष्णुप्रसाद सापकोटा 'साइराम' धर्मभाइ । अध्यक्ष पौडेल १ असोज ०६६ मा सरकारबाट स्वीकृत गुरुयोजनाको परिमार्जनमा लागेका छन् । "विद्युतीय शवदाहगृह, वाटर डान्स पोखरी, स्वीमिङ पुल, मौलाकालिका-देवघाट केबलकार, पर्यटकीय पदमार्ग निर्माण आदि योजना छन्," उनी भन्छन्, "भरतपुर महानगरपालिकाको मेयरको भन्दा महत्त्वाकांक्षी योजना छन् । तर, बजेट छैन ।"

गन्यमान्यको रोजाइमा

'देवघाटकी देवी' मैयाँदेवी श्रेष्ठ बुढ्यौलीका कारण भरतपुरमै बस्छिन् । उनको ओम शान्ति मैयाँदेवी ट्रस्ट सेवा संस्था कुरिरहेका छन्, रामप्रसाद श्रेष्ठ, ८५ । काठमाडौँका श्रेष्ठले त्यसको रेखदेख गर्न थालेको दशकौँ भयो । आश्रम बनाएर गलेश्वर बाबासँग घनिष्ट रहेका योगी नरहरिनाथ बितिसके । नरहरिनाथले १ सय ८ भन्दा बढी कोटिहोम लगाए देवघाटलाई केन्द्र बनाएर ।

आचार्य खेमराज केशवशरणले पनि देवघाटमै रहेर शरणागति आश्रम एवं राधामाधव वैदिक गुरुकुल खोले । देवघाटमै रहेका उनी अल्जाइमरपीडित छन् । पत्रकार मणिराज उपाध्याय र पूर्वसचिव आत्माराम पौडेलले यतै जीवन बिताए । चक्रबन्धु अर्याल, भगवतीप्रसाद काफ्ले पनि यहाँ आइरहनेमा पर्छन् ।

पूर्वसचिव, न्यायाधीशहरूले बाहिरी देवघाट क्षेत्रमा घर पनि बनाएका छन् । कतिपयले अतिथि भवनमा कोठा बनाएका छन् । गलेश्वर आश्रममा न्यायाधीश योगनाथ उपाध्याय, भगवती काफ्ले, प्राध्यापक भीमनाथ वियोगी आदिले तीन लाख रुपियाँ दिएर कोठा बनाएको गलेश्वर आश्रमका कार्यालय सचिव महेन्द्रराज प्याकुरेल सुनाउँछन् । "अलिअलि हुनेले नबनाए धर्मशाला कसरी बन्छ ?" प्याकुरेल भन्छन्, "नेता, मन्त्रीहरू त भात खान आउने मात्र हो ।"

प्याकुरेलका अनुसार नेताहरूको देवघाट आगमन नै प्रतिकूल हुने गरेको छ । पूर्वमन्त्री चिरञ्जीवी वाग्ले तीनवटै गुरुको दर्शन गरेको एक हप्तामै भ्रष्टाचार आरोपमा थुनामा परे । देवघाटमा कोटिहोम लगाएका अर्का पूर्वमन्त्री खुमबहादुर खड्का २१ दिनपछि पक्राउ परे । राजा वीरेन्द्र पुलबाट हिँडेर हरिहर आश्रम दर्शन गरेको केही महिनामै दरबार हत्याकाण्ड भयो ।

पूर्वप्रधानन्यायाधीश दामोदरप्रसाद शर्माले पारिपट्टि श्रीअखण्डानन्द निकेतन खोलेका छन् । उनी पनि कहिलेकाहीं मात्र झुल्किन्छन् । पूर्वसचिव रेवतीरमण पोखरेलको घर पारिपट्टि नै छ । कांग्रेसका पूर्वमन्त्री ढुण्डीराज शास्त्री पनि यतै घुमेका देखिन्छन् । उनका दुई पत्नी पनि यतै छन् । पूर्वसांसद दीनबन्धु अर्याल, पूर्वसचिव कृष्णप्रसाद अर्याल, प्रशासक राममणि रिसालले पनि देवघाटलाई नै रुचाए । एमालेका नेता मदन भण्डारीका दाजु स्वामी महिधराचार्य उपनिषद् कुटीरम् खोलेर बसेका छन् ।

"देवघाट बसाइ एउटा लहरजस्तो भयो," देवघाट क्षेत्रविकास समितिका पूर्वअध्यक्ष गुरुप्रसाद सुवेदी भन्छन्, "द्वन्द्वकालमा भेल स्वाट्ट आयो, त्यो क्रम अहिले रोकिएको छ ।"

देवघाटको संगममा ध्यानस्थ वृद्ध

यहाँका मणिमुकुन्द धार्मिक उद्यान, मौलाकालिका मन्दिर, अघोर आश्रम, हरिहर मन्दिर, विद्येश्वर मन्दिर निकै लोभलाग्दा छन् । धार्मिक पर्यटनका साथै व्यापार, व्यवसाय र मनोरञ्जन फस्टाउन भने सकेको छैन । हिमशिखरबाट बगेका ठाडा नदीमा नौका विहार लगायतका एडभेन्चर दिलाउन सकिएको छैन । क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष सुमन घिमिरे भन्छन्, "हामीले चाहेर पनि सौराहाबाट पर्यटन त्यता पठाउने स्थिति छैन । त्यसका लागि सुविधासम्पन्न होटल खोल्न क्षेत्र विकास समिति उदार हुनु आवश्यक छ ।" ◆

नाटक कि नाटकघर ?

अब्बल नाटकको खोजीभन्दा क्षणिक लाभ र लहडमा नाटकघर खोल्ने प्रवृत्ति

गोकर्ण गौतम

नौ वर्ष चलेर आरोहण गुरुकुल बन्द हुँदा राजधानीमा जम्मा एउटा नाटकघर थियो, सर्वनाम। त्यसपछि भटाभट चार नाटकघर खुले। सबैमा नियमित नाटक मञ्चन हुन थाल्यो। दर्शकको आगमन पनि बढ्यो तर दुर्भाग्य! चार नयाँमध्ये दुई नाटकघरले लामो आयु पाएनन्। लाजिम्पाटस्थित थिएटर भिलेज भत्किएको डेढ वर्ष भयो भने सुन्धारास्थित थिएटर मल जेठ दोस्रो सातादेखि बन्द छ। भन्नलाई दुवै फेरि खुल्छन् भनिएको छ। तर, कहिले र कहाँ ? टुंगो छैन। गुरुकुल भत्कँदा पनि त्यस्तै भनिएको थियो। खोइ, ६ वर्ष बित्यो। अत्तोपत्तो छैन। बरू गुरुकुलका जननी सुनील पोखरेल आफैँ नाट्यकर्मबाट बिदा हुने निष्कर्षमा पुगेका छन्। जबकि, यी तीनै नाटकघरमा दर्शकको चाप तुलनात्मक रूपमा बढोत्तरी हुँदै थियो। त्यसो भए किन टिक्न सकेनन् ? अनामनगरस्थित मण्डला थिएटरका कला निर्देशक राजन खतिवडा भन्छन्, "भिजनभन्दा भावनामा बगेर नाटकघर खुले। व्यावसायिक र दीर्घकालीन योजना बनाउन सकिएन। त्यसैले बन्द हुनु बाध्यता भइदियो।" विद्यमान तीन नाटकघर पनि हराभरा अवस्थामा छैनन्। मण्डलाको सम्झौता सकिन ६ वर्ष बाँकी छ। त्यसपछि के होला, यसै भन्न सकिने अवस्था नभएको उनी स्वीकार्छन्।

नाटक हेर्ने संस्कृति बढेकामा कसैको विमति छैन। कुनै समय पाँचवटै नाटकघर एकसाथ 'हाउसफुल' हुन्थे। तैपनि, भटाभट बन्द हुनुले एउटा सवाल पेचिलो बन्दै गइरहेको छ, अहिलेको आवश्यकता स्तरीय नाटक हो कि नाटकघर ? किनभने, हिजो गुरुकुल हुँदा नेपाली रंगमञ्च जति गतिशील थियो, त्यही अनुपातमा आज हुन नसकेको तीतो यथार्थ हो। नाटकघरको संरचना पनि गुरुकुलको भन्दा सुविधासम्पन्न र आधुनिक छैन। ६ वर्ष भयो, कुनै अन्तर्राष्ट्रिय नाट्य महोत्सव नभएको। नाटकसम्बन्धी अन्तर्क्रिया र बहसको अभ्यास हुन सकेको छैन। नाटक मञ्चन र अभिनय प्रशिक्षणमै रमाइरहेका छन् नाटकघर। भारतको नेसनल स्कुल अफ ड्रामा (एनएसडी)का पासआउट अनुप बरालको अनुभवमा नेपाली रंगकर्मीमा नाट्य चेतना र विकासका लागि आवश्यकीय पहल हुन सकेको छैन तर घर बनाउने चाहिँ लहड नै आएको छ। बौद्धिक खुराक भन्दा भौतिक संरचनामा केन्द्रित हुँदा परिणाम फलदायी हुन नसकेको हो। एक्टर्स स्टुडियोका संस्थापक अनुप भन्छन्, "नाटकघर त ओत लाग्ने ठाउँ मात्र हो। खासमा त नाटक नै स्तरीय बनाउनु पर्छ। त्यसमाथि व्यावसायिक दक्षताबिना त नाटकघर खोल्नुको अर्थ छैन।"

अनुप एनएसडीबाट फर्किएको दुई दशक बित्यो। उतिबेलाबाटै सबैले नाटकघर कहिले खोल्ने भनेर सोध्थे, उनी आफैँलाई पनि मन थियो। उनीभन्दा अगाडिका एनएसडी पास आउट सुनीलले गुरुकुल र उनीभन्दा पछिका विमल सुवेदीले थियटर भिलेज खोले। तर, अनुपले अहिलेसम्म खोलेका छैनन्। किन त ? भन्छन्, "काठमाडौँमा आफ्नो जग्गा थिएन, भाडामा लिएर खोल्दा भत्काउनुपर्छ। र, त्यसले निराशा मात्र जगाउँछ भन्ने हेक्का थियो। त्यसैले हतारिनँ।" तर, यसको मतलब अनुप निष्क्रिय रहे भन्ने होइन। एक्टर्स स्टुडियोमार्फत उनले नाटक मञ्चन गरे र दर्जनौँ कलाकार जन्माए पनि। काठमाडौँका नाटकघरमा भाडा लिएरै नाटक देखाएका छन् उनले। जस्तो : थिएटर भिलेजमा *कोर्ट मार्सल*, सर्वनाममा *ओह ! स्टार दुनियाँ* अनि शिल्पीमा *थाङला* आदि। अबचाहिँ उनी पोखरा नदीपुरस्थित आफ्नै जग्गामा नाटकघर खोल्ने

तस्बिर सौजन्य : अजय रानाभाट

नाटक: सलेदो

नाटकः १२ दुर्वासा

नाटकः अनि देउराली रुन्छ

नाटकः ज्यानमाया

गृहकार्यमा जुटेका छन्। काठमाडौँका नाटकघरका हबिगत र नाटकलाई विकेन्द्रीकरण गर्न पनि पोखरातिर लहसिएका हुन् सायद ।

हामीकहाँ विडम्बना के छ भने जति पनि नाट्य समूह र केही वर्ष काम गरेका रंगकर्मी छन्, ती सबैलाई आफ्नै नाटकघर चाहिएको छ । मण्डलाका राजनकै शब्दमा पहिचानको समस्या जस्तो भइदिएको छ। दुई वर्षलाई जग्गा भाडामा पायो र १५-२० लाख रुपियाँ बन्दोबस्त भयो भने नाटकघर खोल्ने हुटहुटी पलाइहाल्छ, दीर्घकालीन सुझबुझबिनै । शिल्पी थिएटरका संस्थापक सदस्य घिमिरे युवराज क्षणिक लाभ र लहडमा नाटकघर खोल्ने प्रवृत्ति बढ्नु दुःखद रहेको बताउँछन् किनभने नाटकघर बनाउनभन्दा चलाउन मुस्किल पर्छ । उनको अनुभवले यही भन्छ। तर, धमाधम नाटकघर बन्द हुनुले नाटक र नाट्यकर्मीको साख गुम्छ ।

धेरैले ख्याल नगरेको अर्को तथ्य के छ भने मारामार नाटक चल्दा पनि नाटकघर बचाउन गाह्रो पर्छ। जस्तो : अहिले भएका नाटकघरको सिट संख्या दुई सयको हाराहारी छ। एक महिना पूरै भरिँदा पनि दर्शक संख्या ६ हजारमा सीमित हुन्छन्। अभिनय र निर्देशनमा चिनिएका राजन भन्छन्, "अनि, त्यसमै दंग हुनुपर्छ हामी। जबकि, रिहर्सल र सो गर्दाको खाजा खर्च, हल भाडा, सेटको खर्च पनि उठ्न धौधौ पर्छ।" यथार्थ पनि यही हो कि नेपाली रंगमञ्च जति व्यावसायिक भयो भनेर प्रचार गरिएको छ, त्यति हुन सकेको छैन ।

तर, नाटकघर खोल्नेको आफ्नै व्यथा छ। थिएटर मलको बिदाइ कार्यक्रममा यसका कला निर्देशक केदार श्रेष्ठ दुखेसो पोख्दै थिए, 'हामीलाई नाटकघर खोल्ने कुनै रहर थिएन तर चाहेजस्तो काम देखाउने ठाउँ पाएनौँ। सिर्जनात्मक व्यवधानको सामना गर्नुपर्‍यो ।' जस्तो : कमलादीस्थित प्रज्ञा भवन र जमलस्थित सांस्कृतिक संस्थानमा एक त प्रतिदिनकै भाडा ४० हजार रुपियाँ छ, अर्कोतिर ती भवन नाटकमैत्री पनि छैनन्। अर्को तीतो-सत्यचाहिँ सक्रिय रहेका युवाकर्मीबीचको समन्वय र समझदारीमा खडेरी छ। अर्काको नाटकघरमा नाटक देखाउन गाह्रो मान्छन्। विधागतभन्दा प्रवृत्तिगत गुटबन्दी छ।

"अग्रजहरूले अपेक्षाकृत समन्वयकारी भूमिका खेलिरहेको अवस्था छैन । हाम्रो समकालीनबाट नेतृत्व गर्ने कोही भएनन्," आरोहण गुरुकुलबाट दीक्षित घिमिरे भन्छन्, "तर, अब हामीबीच सहकार्य नभई सुखै छैन। हिजोको प्रतिशोधको अब अन्त्य हुनुपर्छ।" त्यसका केही सकारात्मक बाछिटा भने देखा परिरहेका छन् । जस्तो : शिल्पीमा केही समयअगाडि सुनील पोखरेलले *मिडनाइट समर ड्रिम* मञ्चन गरेका थिए । त्यस्तै, यतिबेला त्यहाँ मञ्चन भइरहेको नाटक *अनि देउराली रुन्छ* सहकार्यकै प्रतिफल हो । मण्डलामै पनि बाहिरका नाट्य समूहका *ज्यानमाया, दाँतको डोब, ऊ कसको, एक बोली एक दाम, लू, जयमाया आफूमात्र लिखापानी आइपुगी* लगायतका नाटक मञ्चन भए। यी दुवै नाटकघरमा प्रति सो आठ हजार रुपियाँ भाडा तिर्नुपर्छ । ङ, एक्टर्स स्टुडियो, शैली, ज्ञ लगायतका नाट्य समूह नाटक मञ्चनमा अगाडि छन्।

पुराना रंगकर्मी अशेष मल्ल पनि नाटकघर खोल्न हतारिएर मात्र उपलब्धि नहुने धारणा राख्छन्। भन्छन्, "जस्तो ठाउँ उपलब्ध छ, त्यही अनुसार नाटक गर्न सक्नुपर्छ। नाटकघरकै कारण रोकिनु हुन्न।" उनी भारतका विख्यात नाट्यकर्मी बादल सरकारले नाटकघर नहुँदा आँगनमा नाटक गरेर छलाङ मारेको उदाहरण दिन्छन् । र, आफ्नो नाटकघर सर्वनाम सधैँ सबैका लागि खुला रहेको बताउँछन्। तर, थिएटर भिलेजका कला निर्देशक विमल सुवेदीका भनाइमा चाहिँ नाटकघर भनेको नाटक देखाउने ठाउँमा मात्र सीमित हुन्न। त्यहाँ आफ्नो समूहको सपना पनि जोडिएको हुन्छ। आफ्नो रोजाइ अनुसारका विषय र विधाका नाटक देखाउन पाइन्छ। "हो, हाम्रो नाटकघरको व्यवस्थापन बलियो हुन सकेको छैन । यसबाट पाठ सिक्ने हो," प्रयोगात्मक नाटकमा रुचि राख्ने विमल भन्छन्, "तर, नाटकघर नै नखोल्ने भन्ने होइन। किनभने, नेपाली रंगमञ्चको विकासका लागि अब्बल नाटक र सुविधासम्पन्न नाटकघर दुवै आवश्यक छ।"

नाटक कला-संस्कृतिको वाहक र समाजको प्रतिविम्ब मानिन्छ। संसारमा नाटकको विकासमा सरकार र व्यावसायिक घरानाले अनुदान दिन्छन् । दर्शकबाट उठेकै पैसाबाट रंगमञ्च कहीँ टिकेको उदाहरण छैन । तर, हामीकहाँ न राज्यले नाटकलाई गम्भीर रूपमा लिएको छ, न निजी क्षेत्रले यसको महत्त्व बुझेको छ । नेपाली रंगमञ्चले जति प्रगति गरेको छ, त्यो सबै व्यक्तिगत प्रयासकै प्रतिफल हो। त्यसैले अब अझ सशक्त सामूहिक भावनाको विकास हुनुपर्ने बेला आएको रंगकर्मीहरू बताउँछन् । शिल्पीका घिमिरे भन्छन्, "तत्कालका लागि नयाँ थिएटर बनाउनुभन्दा भइरहेका थिएटरलाई दीर्घकालीन बनाउनु जरुरी छ।" ◆

तिब्बती शरणार्थीलाई हेर्ने तेस्रो आँखा

■ मनबहादुर बस्नेत

जब अंग्रेजी क्यालेन्डरमा १० मार्च र १३ फेब्रुअरी नजिकिन्छ, तब नेपालको कान ठाडो हुन्छ। सुरक्षा सतर्कता बढाइन्छ। गुम्बाहरूमा विशेष निगरानी राखिन्छ। बौद्ध, स्वयम्भूजस्ता ठाउँमा बर्दीधारी प्रहरीको उपस्थिति अन्य बेलाभन्दा बाक्लो हुन्छ। उत्तरी नाकामा कडाइ हुन्छ। नेपालमा निर्वासित जीवन बिताइरहेका तिब्बतीहरूले 'एक चीन'विरुद्ध प्रदर्शन गर्लान् र उत्तरी छिमेकी एवं विश्व महाशक्ति बन्ने प्रयत्न गरिरहेको चीनसँगको सम्बन्ध असन्तुलित बन्ला भनेर नेपाल 'फ्रि तिब्बत'का दिन बढी नै सतर्क हुन्छ। १० मार्चलाई तिब्बत विद्रोह दिवस र १३ फेब्रुअरीलाई तिब्बत स्वतन्त्रता घोषणाको दिन मान्छन्, तिब्बतीहरू। महत्त्वपूर्ण राजनीतिक अर्थ राख्ने दिन भएकाले यस बेला नेपाल मात्रै होइन, विश्वकै ध्यान तिब्बतीहरूतिर हुन्छ। अझ सन् २०१३ मा काठमाडौंको बौद्धनाथमा एक जना २० वर्षीय भिक्षुले आत्मदाह गरेपछि यो विश्वभर 'हाइप' बन्यो।

विश्व भू-राजनीतिमा प्रायः बहसको विषय बन्ने तिब्बती शरणार्थीलाई हेर्ने मानवीय दृष्टि पस्केका छन्, श्रीभक्त खनालले *अप्ठ्यारो बाटो* पुस्तकमा। तिब्बती शरणार्थीहरू विश्वभर छरिएका भए पनि नेपालमा रहेकाहरूलाई मात्रै पुस्तकले समेटेको छ। पुस्तकमा शरणार्थीका कारुणिक कथा प्रशस्त छन्। नागरिक र अनागरिक हुनुबीचको पीडादायी भिन्नता के हुन्छ भनेर पुस्तकले प्रस्ट पार्छ। राज्य जोगाउन वा हडप्न र पहिचानका लागि यस्तै पीडादायी परिणतिका कारण विश्व भू-राजनीतिले ठूलठूला नरसंहार निम्त्याउँछन्। राज्यविहीनताको अवस्थाबाट गुज्रनुपर्दा कस्ता दुःख सहनुपर्छ भन्ने कथा त छ नै, गाँसैमा आएका अवसर कसरी हुत्तिन्छन् र जीवन अकल्पनीय अन्धकारतिर बतासिन्छ भन्ने फेहरिस्त छन्, पुस्तकमा। आफन्तजन,



अप्ठ्यारो बाटो
तिब्बती शरणार्थीको संघर्ष-कथा

लेखक	:	श्रीभक्त खनाल
प्रकाशक	:	साङ्ग्रिला बुक्स
पृष्ठ	:	२१८
मूल्य	:	३५० रुपियाँ

जीवनसंगिनी र सन्तति तिब्बतमै छुटेको, शरणार्थी श्रीमान् मातृभूमि फर्कन नसकेको र आफ्नी छोरी भोकै मरेको खबर आश्रय भूमिमै सुनेका जस्ता कुरा बिझाउने खालका मात्र छैनन्, खिलसरी गढ्ने किसिमका छन्।

तिब्बती शरणार्थीलाई हेर्ने दृष्टि एकांगी भएको पुस्तकमा लेखिएका मर्मभेद्य कुराहरूबाट थाहा पाइन्छ। दारुण अवस्थामा उनीहरूले नेपालका शरणार्थी क्याम्पहरूमा जीवन गुजारा गरेका छन्। कतिपय परिचयहीन छन्। कतिको जन्मदर्ता छैन। त्यही कारण कतिले पढ्न पाएका छैनन्। पढेकाले जागिर पाएका छैनन्। ग्युर्मीले लाखौं रुपियाँ खर्चेर एमबीबीएस पढ्छन्। तर, नागरिकता नभएकाले चिकित्सकीय अनुमतिपत्र (अस्थायी लाइसेन्स) पाउन सक्दैनन् र अन्ततः ७० कटेका बा-आमालाई लमजुङको शरणार्थी क्याम्पमै छोडेर युरोप पुग्छन् पढेको खर्च तिर्न। पहिले समेत भेटेकाले युरोप भासिएको कथा लेखकसँग भन्नुपर्ने हो, ग्युर्मीले। तर, पीडा उप्काउन चाहँदैनन्। अनिहृदयविदारक शैलीमा लेखक भन्छन्, 'पहिले मसँग कुरा गर्दा उसका आँखा टलपलाएका थिए। कुरा गर्न पाएको भए यसपालि आँसु नै झर्थ्यो होला।' कतिसम्म भने एक जना शरणार्थीले त लेखकलाई भन्छन्, 'दाइ यो फोटो तपाईं लैजानोस्। अब म ठूलो भएँ। हेर्न सक्दिनँ। पीडा हुन्छ।' परिचयविहीन शरणार्थी भूकम्पको राहत पाउनबाट नागरिकताको अभावमा वञ्चित रहे। रसुवाका भूकम्पपीडित शरणार्थीलाई राहत लिन प्रहरीले नागरिकता मागेपछि उनीहरूले एक बोरा चामलबाहेक थप सहयोग पाएनन्। बडो गहिरो विभेदको सन्देश छ, यसमा।

यस्ता कथा र पात्रहरूसँगसँगै लेखकले पाठकलाई तिब्बती शरणार्थी क्याम्पहरूतिर लैजान्छन्। संस्मरणात्मक शैलीमा लेखिएको पुस्तक पढ्दा क्याम्पमा पुगिन्छ। उनीहरूको दुःखमा एकाकार हौं जस्तो बनाउन सफल छ, पुस्तक। शरणार्थीका रूपमा नेपाल छिर्दा उनीहरूले पैसा, गरगहना होइन कि पशुधनजस्ता चल सम्पत्ति बोकेर ल्याएका थिए। बोकेर भाग्न अति कठिन गह्रौं चीज ल्याएको कुरा पुस्तकले सम्झाउँदा शरणार्थीको इतिहास आफैं बोल्छ, वस्तु विनिमय प्रणालीको समाजदेखि उनीहरू यो कालसम्म नै शरणार्थी छन्। शरणार्थीहरूको सास्तीको इतिहास कति लामो भइसकेछ भन्ने सम्झाउन यसभन्दा सटीक उदाहरण अरू हुन सक्दैन। तिब्बती शरणार्थीको आयु केलाउन औंला भाँच्नै पर्दैन।

'अमेरिकामा तालिम' शीर्षकमा गें टासीसँगको कुराकानी छ। टासीले तिब्बतविरुद्ध लड्न अमेरिकामा तालिम लिन गएको बताएका छन्। तिब्बतलाई चीनदेखि अलग्याउन अमेरिकाले चलाखीपूर्ण तवरमा तिब्बतीहरूलाई उपयोग गरेको 'ओपन सेक्रेट'

माथिको बयान हो, यो । पुस्तकमा टासी अमेरिकाको सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी (सीआईए)मा तालिम लिएर र नेपालमा बस्ने एक मात्र जीवित पात्र हुन सक्ने बताइएको छ । त्यस हिसाबले उनीसँग अझै बढी महत्त्वपूर्ण स्मरण हुन सक्थे । तर, ऐतिहासिक कुरा विस्तृतमा खोतल्न सकिएको छैन । नक्सा हेर्ने, कम्पास प्रयोग गर्ने र अत्याधुनिक हतियार चलाउन २६ जनालाई सीआईएले सिकाएको मात्र उल्लेख छ ।

अत्यावश्यक वस्तुको सहयोगका नाममा सीआईएले अत्याधुनिक हतियार तिब्बतीहरूलाई आपूर्ति गरेका महत्त्वपूर्ण तथ्यले पुस्तकलाई गहकिलो बनाएको छ । अन्तर्राष्ट्रिय सहयोग नियोगहरूले अत्यावश्यक मानवीय सामग्री सहयोगको आवरणमा युद्धका बन्दोबस्ती सामान आपूर्ति गरिएका कुरा अर्थपूर्ण छन् । अमेरिकी सहयोग नियोग (यूएसएड)ले खाद्यान्नसँगै हतियार ओसारेको बयान पढ्न पाइन्छ, पुस्तकमा । यी दूरगामी असर पार्ने विषय हुन् । सन् १९५९ देखि १९७४ सम्म भएको यो युद्धमा सीआईएले सहयोग गरेको थियो ।

प्रायः क्याम्पमा शरणार्थीको संख्या बढेको देखिए पनि ढोरपाटन, रसुवा, मुस्ताङका क्याम्पमा भने घटेको छ । अन्यत्र जनसंख्या बढ्दा यहाँ किन घट्यो ? उत्तर पुस्तकमा पाइन्न । सायद, भूगोलको कारण हो वा अवसरका खोजीमा ती शरणार्थी अन्यत्र लागे कि ? पाठकलाई अनुमान लगाउने झन्झट दिइएको छ ।

एउटा तथ्य भने उल्टो परेको छ । 'नागरिकता' शीर्षकमा कस्ता शरणार्थीले अंगीकृत नागरिकता पाए भन्ने प्रसंग छ । पुस्तकमा आर्थिक हिनामिनाको आरोपमा खम्पा विद्रोहका नेता गेँ वाङ्दीलाई नेतृत्वबाट हटाएर गेँ यासीलाई ल्याएको उल्लेख छ । तर, यासीलाई उक्त आरोपमा हटाएर वाङ्दीलाई ल्याइएको हो । त्यसपछि वाङ्दी र यासी दुईवटा समूहमा विभाजित भएका थिए, खम्पा विद्रोहीका रूपमा ।

नेपालले यो विद्रोह दबाउने योजना ल्याएपछि यासी समूहले आत्मसमर्पण गर्‍यो र उनीहरूले अंगीकृत नागरिकता पाए । तर, वाङ्दी समूहले आत्मसमर्पण गर्न मानेन । वाङ्दी मुस्ताङ, डोल्पा हुँदै भागेर भारत जान खोज्दा तत्कालीन शाही नेपाली सेनाले थापेको एम्बुसमा परी मारिएको पुस्तकमा उल्लेख छ । तर, मारिएको मिति छैन । साथै उक्त एम्बुस आत्मसमर्पण गर्न नमान्ने तिब्बती शरणार्थीलाई तह लगाउन थापिएको हो वा अन्य उद्देश्यका लागि ? यसको उत्तर पुस्तकको पछिल्लो भागमा मात्रै भेटिन्छ । क्रम नमिलाइएकाले पाठकले खम्पा विद्रोहीलाई निशस्त्र बनाउने एम्बुस थापिएको निकै ढिलो मात्र चाल पाउँछन् । पाठकलाई अलमल्याउनु राम्रो पुस्तकको गुण हुँदै होइन ।

पुस्तकको अन्तिममा पुगेपछि सन्दर्भ सामग्रीका रूपमा अरूका पुस्तकहरू बेसी नै साभार गरिएको छ, साभार गरेको खण्ड र लेखक आफैंले लेखेको खण्ड छुट्याउन मुस्किल पर्ने गरी । इन्भर्टेड कमा, छुट्टै फन्ट, बोल्ड, इटालिकको प्रयोग नगर्दा यी कुरामा पाठक अलमलिन्छन् । कतिपय ठाउँमा त सिंगो शीर्षक नै साभार भएको जस्तो लाग्छ । लेखकको मूल कुरा सिला खोजेझैं खोज्दा पनि भेटिँदैन । जस्तो 'भुइँचालो' शीर्षकमा मोहन मैनालीको डकुमेन्ट्रीबाट साभार गरिएको हो वा लेखकको भोगाइ, दृष्टिकोण पनि मिसिएको छ छुट्याउन सकिँदैन । यी प्राविधिक गल्ती मात्रै भनेर पन्छिन मिल्दैन ।

पुस्तकमा कतिपय असान्दर्भिक प्रसंग पनि परेका छन् । 'सुरक्षामा नेपाली' शीर्षकमा संखुवासभा जाँदाको प्रसंग तिब्बत प्रकरणसँग जोडिँदैन । भ्रमण विवरण दिएर किताब अनावश्यक लामो बनाइएको छ । कतिपय फुटनोट वा सन्दर्भ सामग्रीमा सीमित गर्नुपर्ने कुराहरू लेखकले मूल अंशमै राखेका छन् । 'अमेरिकी चासो' भन्ने शीर्षकले गहन कुरा आउने अनुमान लगाइन्छ । किनभने, तिब्बत मामिलामा अमेरिकाको चासो चीनलाई विश्व महाशक्ति हुनबाट रोक्ने एउटा कडीसमेत हो । तर, यसमा गुदी केही भेटिन्न ।

हुन त पुस्तक राजनीतिक विषयवस्तुप्रति केन्द्रित छैन भनेर लेखकले पेटबोलीमै भनेका छन् । तर, शक्तिकेन्द्रहरूको लडाइँका कारण कसरी सामान्यजनलाई समेत राजनीतिमा तान्छ भन्ने सन्देश पुस्तक पढेपछि पाइन्छ । राजनीतिक लडाइँकै सहउत्पादन हो, शरणार्थी समस्या । अमेरिकाले कसरी भूगोलविहीन तिब्बतीलाई आफ्नो स्वार्थ जोगाउन उचालिरहेको छ भन्ने चित्रणले तिब्बतीहरूले समेत सोच्ने दिन आएको हो कि भन्ने संकेत गर्छ ।

यो पुस्तक किन पनि अनुभवजन्य छ भने जीवनमा सजिलो खोज्दै लेखक स्वयं परदेशिएका छन् । फरक यत्ति हो, लेखक मन लागे उतै बस्न सक्छन्, नलागे आफ्नो भूमिमा फर्कन सक्छन् । उनीसँग पहिचान छ, परिचय छ । तर, शरणार्थीहरू बन्धनमा छन् । अनुभवजन्य यो तुलनाले भक्कानो फुटाउँछ, पाठकको । यति चाहिँ ठोकुवा गर्न सकिन्छ, तिब्बती शरणार्थीहरू राजनीतिक स्वार्थका लागि मात्रै प्रयोग भएका छैनन्, अवैध गतिविधिमा मात्रै संलग्न छैनन् । उनीहरूका दुःखको पर्खाल हामीले कल्पना गरेभन्दा धेरै ठूलो छ । ग्रेटवालभन्दा पनि लामो, जसको समाधान नगरिए नेपालसमेत समस्याको चंगुलमा पर्छ ।

मानिसलाई सुखी राख्ने सूत्र लेखकले आफ्ना बा र दलाई लामामा देखेका छन् । यसको सन्देश शक्तिशाली छ । सबै धर्म, जात, वर्गका मानिसमा करुणा, अरूको भलाइको भाव हुने चेत भएमा संसारमा हार्ने र जित्ने केही रहँदैन भनेर लेखकले निष्कर्ष निकालेका छन् । तर, सामान्यजन शरणार्थीको जीवन भने सधैँ हारिरहेको छ, आश्रयभूमिमा । ♦

अनुभूति  ॥ किशोर नेपाल

एक थोपा आन्दोलन

वि*वर, मछली मरी हुई, एक चादर मैली सी। दि प्लेग, थिम्स जर्नल, ओल्ड म्यान एन्ड दी सी।* काठमाडौँ गुलजार थियो साहित्यमा। मल्टिप्लेक्सहरू थिएनन्। विभिन्न राष्ट्रियताका विभिन्न खानाहरूको प्रतिनिधित्व गर्ने तमाम रेस्टुराँहरू पनि थिएनन्। झोंछें थियो। पर्यटकको एरिया। त्यो बेला ठमेल थिएन। जहाँ जे थिए, ती सीमित थिए। साहित्य आन्दोलनमा थियो। राजनीति आन्दोलनमा थियो। तन्नेरीहरूको भयरहित मनमा आन्दोलनको उफान थियो। विद्रोह थियो। समरेश वसु, राजकमल चौधरी, राजेन्द्रसिंह वेदी, ज्याँ पाल सार्त्र, अलवेयर क्यामु, ज्याँ जेने, अर्नेस्ट हेमिंगवे। मानिसहरू बाटो खोजिरहेका थिए। एन्जेला डेभिस, म्यालकम एक्स, चे ग्वेवारा। मार्क्सका स-साना संस्करणहरू। गजबको टक्कर थियो त्यतिखेर। साह्रै रमाइलो खेल हुन्थ्यो सत्तालाई जिस्क्याउनु। काठमाडौँको डाउन टाउन पीपलबोट थियो, गतिविधिको केन्द्र। आन्दोलनको जन्म पीपलबोटबाट हुन्थ्यो र त्यहीँबाट सुरु पनि हुन्थ्यो। अधिकांश आन्दोलनको टुंगो पनि त्यहीँबाट लाग्थ्यो।

कुनै जमानामा कपालमा जवाकुसुमको तेल हालेर जुल्फी लर्काएर सडकमा हिँड्दा मानिसहरू आफैँतिर आकर्षित भएझैँ लाग्थ्यो। मन्द किसिमको वास्ना हुन्थ्यो जवाकुसुमको। हेयर जेलको चलन सुरु भएको थिएन। ब्राइलक्रिम पनि बजारमा उपलब्ध थिएन। एक दिन गणेश रसिक र म भोटाहिटी रत्न पुस्तक भण्डारसँगैको कस्मेटिक पसलमा छिरेका थियौँ। रसिक पोतो र पिम्पल विरोधी साबुनको खोजीमा थिए। क्यामे साबुनको नाम यही थियो। पिम्पलका लागि क्लियरासिल नाम गरेको क्रिम पनि पाइन्थ्यो। बजारमा अत्तरहरू थिए। अहिलेको जस्तो ब्रान्डेड होइन। शुद्ध अरबी। लोमा केश काला तेलको विज्ञापनको लर्को देखिन्थ्यो। कपाल फुलेर चिन्ताएका महिलाहरू कपालमा लोमा लगाएर भूगोल पार्क घुम्न निस्किन्थे। लोमा केश काला तेल भए पनि यसको प्रयोग गर्नेहरूको कपालमा रातो मेंहदीको इफेक्ट स्पष्ट देखिन्थ्यो।

अहिले त सहरमा फेसनको तारमा झंकार बढेको छ। बानेश्वरदेखि बालुवाटारसम्म खुलेका दर्जनौँ प्लस टू शिक्षालयमा बिहानैदेखि जम्मा हुने सयौँ केटाकेटीहरूको शरीरबाट एकसाथ डेओडोरेन्टको सुवास आउँछ। शिक्षकहरूको शरीरबाट पनि त्यस्तै सुवास आउँछ। कोही पनि शिक्षक र छात्रछात्राले सफाइका लागि नुहाउनुपर्नेमा जोड दिन पाएका छैनन्। पिउने पानी छैन, नुहाउने चिन्ता। हुनेखाने पनि छन्, जो आक्वा हँड्डले नुहाउँछन्। जनतालाई मेलम्चीको पानीको आशा देखाएर सहरभरिका सडकहरू खोतलिएका छन्। पानी बग्ने सुरुङको निर्माण भइरहेको छ। सरकारको अनुमान छ, मेलम्चीको पानी आएपछि सबैले नुहाउने अवसर त पाइहाल्नेछन्। कति विशेषज्ञले अहिले नै भन्न थालेका छन्, मेलम्चीको पानी काठमाडौँको प्यास मेटाउन पर्याप्त छैन। छ कि छैन ? पानी आएपछि थाहा हुने विषय हो। अहिलेसम्म मेलम्चीको सुरुङ नै पूरा खुलेको छैन।

सहरभरि ख्याति फैलिएको रन्जना सिनेमाको कफी स्टल। एस्प्रेसो कफीको स्वादमा रमाउँथे मानिसहरू। सहरका नामुद पत्रपत्रिका वितरक कम्पनी सन्देश गृहबाट धक्कामुक्का गरेर किनेको *टाइम्स अफ इन्डिया* र *नवभारत टाइम्स* काखीमुनि च्यापेका त्यति बेलाका बुद्धिजीवीहरू एस्प्रेसो कफीका लागि रन्जनामा जम्मा हुन्थे। एस्प्रसो कफी बनाउने तरिका पनि गजबको थियो। आलम्युनियमको मगमा कफी, चिनी, दूध र पानी मिसाएर ठूलो मसिनमा जोडिएको हिटिङ रड त्यसमा डुबाएपछि एकैछिनमा त्यसबाट फिर्रफिर्र फिरफिरको आवाज आउँथ्यो। गिलासको बिटसम्म फिँज फैलिथ्यो र कफी तयार हुन्थ्यो। क्र्याभेन 'ए' सिगरेट मानिन्थ्यो, सर्वश्रेष्ठ। पाँचसय पचपन्न पनि चल्तीमा थियो।

मानिसहरूले अहिले पनि *टाइम्स अफ इन्डिया* र *नवभारत टाइम्स* पढ्न छाडेका छैनन्। कृष्णप्रसाद भट्टराई आफ्ना अनुयायी र कार्यकर्तालाई बताउनु हुन्थ्यो, 'हिन्दुस्तान र त्यहाँको सरकारलाई बुझ्न यो *टाइम्स अफ इन्डिया* पढ्नुपर्छ। यसले हिन्दुस्तान सरकारको विचारको प्रतिनिधित्व गर्छ। तिमी अंग्रेजी सिक्ने केटाकेटीहरूले *दी स्टेट्सम्यान* पढ्नुपर्छ। त्यसले पक्का अंग्रेजी सिकाउँछ।'

म सोध्थेँ, '*इन्डियन एक्सप्रेस* नि किशुनजी ?'

जतिबेला बीपी, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईहरू जेलमा हुनुहुन्थ्यो, त्यतिबेला पनि नेपालमा राष्ट्रवाद पपुलर आइटम थियो। भृकुटीमण्डपमा राष्ट्रवादकै नाममा कम्युनिस्ट र डेमोक्र्याट विद्यार्थीहरू हानाहान गर्थे। कोट वा कमिजमा माओको लकेट लाउने र नलाउनेबीच झडप हुन्थ्यो। ती झडपका खबर *दी टाइम्स अफ इन्डियामा* छापिन्थे। समाचारमा नाम क्वोट गरिएकाहरू अभिमानले फुलेर गम्भीर हुने गर्थे। राष्ट्रवादको त्यो लडाइँ लड्दालड्दै सन् १९६५ मा राजा महेन्द्रले भारतसँग सन्धि गरिसकेका रहेछन्। यो पछि मात्रै थाहा भएको अथवा चर्चामा आएको विषय थियो।

मानिसले पढ्न छाडेका छैनन्। तैपनि, पत्रिकाहरूको बिक्री घटेको

छ। समाचारप्रति मानिसको चासो घट्दै गएको छ। किनभने, मानिस अब आफैँ समाचार बनिसकेको छ। पढ्नु भनेको सधैं ज्ञान आर्जन गर्नु होइन। पढ्दापढ्दै निद्रा लाग्नु पनि ज्ञान आर्जन गरेसरह नै मानिनुपर्छ।

सहर साँघुरिँदै छ। सहरमा साँघुरा घर बढ्दै छन्। यो अवस्थामा पढ्नुका धेरै झन्झट छन्। पढिसकेका अखबार र पुस्तकहरू घरको कुन कुनामा थुप्राउनु ? उसै त काठमाडौँका घरमा स्पेस खोज्नु हुँदैन। भरेङमुनि 'बाथरुम' बनाइएको हुन्छ। देशको राजधानी सहरको पेट सधैं गड्याङगुडुङ गर्छ। सहर दिसामुक्त क्षेत्र घोषित भइसकेको छैन। घरमा स्पेस नै नभएपछि कहाँ थन्क्याउनु पुराना कागजलाई ? खाली सिसीवालालाई पुराना अखबार बेच्नु पनि घाटाको सौदा। मानिस नाफा मात्रै हेर्न थालेको छ। अखबार किन्नुभन्दा नेटको प्रयोग सस्तो परेपछि किन किन्नु अखबार ? तर, बालाई त्यही नभई हुँदैन। बा रेडियो सुनेर वा टेलिभिजन हेरेर पत्याउनै सक्दैनन्। *गोरखापत्र*ले लेखेपछि मात्रै विश्वास हुन्छ।

ऊ जमानाका लेखकहरू रोमान्टिक हुन्थे। सुप्रसिद्ध कथाकार तथा नाटककार विजय मल्लको कथा 'कालो चश्मा'ले सनसनी मच्चाएको थियो सहरमा। कथाकार मल्ल हरेक दिन बिहानै रन्जनाअगाडिको सोडा पसलमा डबल सोडा पिएर आफूलाई तरोताजा बनाउँथे। अघिल्लो साँझ जो-जो उनको साथमा हुन्थे, ती-ती बिहान पनि त्यहाँ देखिन्थे। कोही किन बरबाद होस् ? विजय आफैँले लेखेको नाटकजस्ता व्यक्तित्व थिए। कोही किन बरबाद होस् ? नजिकै मुनक्का साहूको काजु, किसमिस र मुनक्का बिस्कुटको प्रसिद्ध पसल थियो। मानिसहरू त्यहाँ काजु किन्थे। रातीको रतिक्रीडापछि काजु र दूधको सेवनले बढ्ता शक्ति दिने मान्यता काजु किन्न सक्ने वर्गका परिवारमा प्रचलित थियो। सुवर्णभष्मको सेवन शक्ति सञ्चयको चरमोत्कर्ष मानिन्थ्यो।

अहिले त्यस्तो केही छैन। सहरको सूचना केन्द्रका रूपमा स्थापित र संगठित पीपलको बोटको रूप फेरिइसकेको छ। केही अघिसम्म चौतारो खाली हुन्थ्यो। अहिले गोदाम भएको छ। बजार खुला भएपछि अखबारको बजार पनि खुला भएको छ। सन्देश गृहको एकाधिकार छैन अखबारको व्यापारमा। पार्किङ गरिएका मोटरसाइकलहरूले घेरिएको मानिसको भीड। धन्न, पीपलको रूख भएकै कारण यो रूखले समय र सम्झनाको छहारी बनेर अहिलेसम्म उभिन पाएको छ। टुँडिखेलको बीचमा रहेको ऐतिहासिक खरीको रूख, जहाँबाट ठूलठूला घोषणा भए, जस्तो नामेट भएको छैन।

समय चेतना तीव्र छ काठमाडौँ सहरमा। १२ वैशाख ०७२ को भुइँचालोमा धरहरा ढाल्यो। तर, सहरका भित्री घर र घन्टाघरलाई केही भएन। रूपान्तरित हुने चेष्टामा रहेको सहरको प्रतीक भवन काष्ठमण्डप फेदैसम्म भत्कियो। मन्दिर, गुम्बा र दरबारहरू भत्किए। अब ती भग्न भइसकेका भवनहरूको निर्माण कसरी हुने हो ? अस्ति मात्रै ढोका टोलका नरेन्द्रमान गुभाजु भन्दै थिए, "क्षमापूजा नगरी पुनःनिर्माण थाल्नै हुन्न। पूजापछि सामूहिक भोज खानैपर्छ। त्यसको व्यवस्था गुठीले गर्नुपर्छ।"

भुइँचालोभन्दा पनि डरलाग्दा बनेका छन् सहरका सडकहरू। यस्तो कहिल्यै थिएन काठमाडौँ। केही वर्षअघिसम्म सडक खाली खाली नै हुन्थे। तर, सडक जति खोलियो, सहर त्यति नै साँघुरियो। चल्तीको सडक एउटै थियो, सिनामंगल-रत्नपार्क। गौशाला-तीनधारा सडक प्रायः शून्य हुन्थ्यो। कम मानिस हिँड्थे यो बाटो। धोबीखोलाको पुल स्टिलले बनेको थियो। त्यो पुल रातो रङले सिँगारिएकाले रातो पुल नामले प्रचलित भयो। हाँडीगाउँ र चाबहिल जोड्ने पुल बनाउनेबित्तिकै भत्कियो। त्यसपछि त्यसको नाम रह्यो, भत्केको पुल। अहिले त्यो पुल बनिसकेको छ र पनि नाम उही छ, भत्केको पुल।

मानिसले पढ्न छाडेका छैनन्। तैपनि, पत्रिकाहरूको बिक्री घटेको छ। समाचारप्रति मानिसको चासो घट्दै गएको छ। किनभने, मानिस अब आफैँ समाचार बनिसकेको छ। पढ्नु भनेको सधैं ज्ञान आर्जन गर्नु होइन।

भुइँचालोपछि कम्पिटिसन सुरु भएको छ। को कति अग्लो बन्ने ? काठमाडौँ महानगरपालिकाले पुरानो बसपार्कमा भयानक अग्लो, अजंगको व्यापारिक भवन बनाउँदै छ। उता धरहरा बनाउने पनि तयारी छ। वास्तवमा किन चाहिएका हुन् यी दुई अग्ला र अजंगका भवन ? कुनै तुक देखिँदैन। व्यापारिक भवनको सबभन्दा माथिल्लो तलाबाट हेर्दा धरहरा नै पुड्को देखिनेछ। भवन जतिसुकै भव्य भए पनि थप कुरा, जस्तै बाथरुम, काठमाडौँ सहरको चलन अनुसार नै त हुने होला, 'बाथरुम सुविधाका लागि दोस्रो लिफ्ट चढेर दसौँ तलमा जानुहोला।'

सिलिगुडी-सिक्किम पहाडी राजमार्गका ठाउँठाउँमा लेखिएका भेटिन्छन्, 'अगाडि सडक साँघुरो छ, आस्ते हाँक्नु होला।' के रहेछ यो आस्ते ? माथि ग्याङटोकमा एमजी रोड पुगेपछि थाहा भयो, त्यो त आहिस्ता शब्दलाई नेपालीकरण गरिएको रहेछ, 'ओ, आस्ते है आस्ते।' सहरमा हिजोआज हर्न निषेध छ। बजाउनेले जरिवाना तिर्नुपर्छ। मारमा परेका छन्, स्कुटी चलाउने युवती। उनीहरू आस्ते त हाँक्नै जान्दैनन्। अलिकति मानिस देखे भने आत्तिन्छन्। आफू पनि लड्छन् र अरूलाई पनि लडाइदिन्छन्। त्यसपछि आफैं रुन थाल्छन्। काठमाडौँमा धनी र गरिब दुवैथरीका लागि रुनुपर्ने कारण प्रशस्त छन्। ती कारण खोजिरहनु पर्दैन। सडकको के कुरा भो र ? मानिस पार्लियामेन्टमा रोइदिन्छन्, टेलिभिजनमा रोइदिन्छन। रुनु भनेको एक प्रकारको उन्मुक्ति पनि त हो।

केही मानिसको कुरा छाडौँ। साधारण मानिसहरू कठपुतली बनेका छन्, सहरमा। अस्पतालको लाइन, शव दाहगृहको लाइन, औषधि पसलको लाइन, केमोथेरापीको लाइन, डायलासिसको लाइन। मानिस विभिन्न लाइनहरूमा विभाजित छ। एक छाक दाल-भातको लाइन छँदै छ। केटाकेटीको स्कुल। जागिर र जागिरसँगै आउने मानसिक तनाव। सहरमा एकथरी मानिस दयाको खानी बनेका छन्। उनीहरू सामान्य जनताको हितमा उपभोक्ता मञ्च चलाउँछन्। अनशन बस्छन्। पार्टी खोल्छन्। चुनाव लड्छन्। के तालका मानिस हुन् ? थाहा पाउन कसैले सक्दैन। जसरी काठमाडौँ सहरको आदि र अन्त्यको जानकारी कसैलाई छैन। कसरी बन्यो यो सहर ? के आदि पुरुषको परिकल्पना यस्तै थियो ?

बितेका कुरामा रमाउनु मानिसको आदत हो। एडिक्सन। नयाँ पाएपछि पुरानो त सम्झना मात्र हो। मानिसका सारा प्रयत्न नयाँ गतिमा, नयाँ लयमा, नयाँ सिर्जनामा केन्द्रित रहेको छ। काठमाडौँ सहर परिवर्तनको खोजीमा छ, निरन्तर। यो साह्रै राम्रो कुरा हो। भन्नैपर्छ, हाम्रो गति अझै पनि इतिहासतिर केन्द्रित छ। भविष्य नयाँ बनाउने परिकल्पना सिसिफसको कथाजस्तो भएको छ। अब त यस्तो लाग्न थालेको छ : परिवर्तनको पनि धङधडी मात्रै बाँकी छ। काठमाडौँ आन्दोलन थियो। एक थोपा भए पनि यो आन्दोलन जारी रहेको छ। ♦

रेनल्ट लोजी नेपालमा

फ्रेन्च मोटर कम्पनी रेनल्टको लोजी स्टेपवे कार नेपालमा लन्च भएको छ । एमभीपी वर्गमा पर्ने यो कारको सुरूआती मूल्य ३९ लाख ९५ हजार रूपियाँ छ ।

लोजीमा १ हजार ५ सय सीसीको इन्जिन प्रयोग भएको छ । नेपालमा लोजी दुई इन्जिन क्षमतामा उपलब्ध छ । एकले ८३.८ ब्रेक हर्सपावर अधिकतम शक्ति निकाल्छ र अर्कोले १०८.५ । ८३.८ ब्रेक हर्सपावर क्षमतामा पाँच गियर छन् र १०८.५ ब्रेक हर्सपावर क्षमता भएको गाडीमा ६ गियर छन् । रेनल्ट लोजीमा एयर ब्याग, एन्टिलक ब्रेकिङ सिस्टम, ब्रेक एसिस्ट आदि आधुनिक फिचर पनि छन् ।

चार भेरिएन्टमा उपलब्ध हुने लोजी स्टेपवे गाडी ६ फरक रङमा उपलब्ध छ ।

सामसुङ नोटबुक नाइन प्रो

सामसुङले आफ्नो नयाँ ल्यापटप नोटबुक नाइन प्रो रिलिज गरेको छ । यो नोटबुकमा सामसुङको एस पेन पनि छ । यो पेन माइक्रोसफ्टका ल्यापटपहरूमा पनि प्रयोग गर्न मिल्छ ।

यसको डिस्प्ले स्क्रिन ३ सय ६० डिग्रीमै घुमाउन मिल्छ र यो यसको मुख्य विशेषता पनि हो । यसको स्क्रिन १९२०□१०८० पिक्सेल क्षमताको छ । यो ल्यापटप १३.३ वा १५ इन्च स्क्रिनमा उपलब्ध छ । फरक स्क्रिन साइजमा यसमा र्‍याम पनि फरक क्षमताकै छन् । १३.३ इन्चमा आठ र १५ इन्चमा १६ जीबी र्‍याम छ । र, यसको हार्ड ड्राइभ २ सय ५६ जीबीको छ । आई सेभेन प्रोसेसरसहित यो ल्यापटपमा विन्डोज टेन अपरेटिङ सिस्टम छ । सामसुङले यसको मूल्य भने अझै खुलाएको छैन ।

इसेन्सियलको पहिलो स्मार्टफोन

इसेन्सियल प्रोडक्ट्सले पहिलो स्मार्टफोन बजारमा ल्याउने तयारी गर्दै छ । इसेन्सियल प्रोडक्ट्स एन्डी रूबीनको कम्पनी हो, जो पहिला गुगलमा काम गर्थे । एन्डी रूबिन एन्ड्रोइडका सह संस्थापक पनि थिए । गुगल छोडे पनि एन्डीले आफ्नै प्रोडक्ट लन्च गर्नका लागि इसेन्सियल प्रोडक्ट कम्पनी सुरू गरेका हुन् ।

इसेन्सियलले ल्याउन लागेको स्मार्टफोनमा ३६० डिग्री क्यामेरा हुने बताइएको छ । यो स्मार्टफोनमा इनबिल्ट क्यामेरा नभएर त्यसको एसेसरिज हुनेछ । अर्थात् स्मार्टफोनमा इयरफोन जोडेजस्तै गरी यो क्यामेरा जोड्न सकिन्छ । यसको इनबिल्ट क्यामेरा भने १३ र आठ मेगापिक्सेलका हुनेछन् । १३ मेगापिक्सेलको रियर क्यामेरामा डुअल क्यामेरा टेक्नोलोजी प्रयोग हुनेछ । र, यसका दुवै क्यामेराले फोर के क्वालिटीको भिडियो रेकर्ड गर्न सक्छन् ।

५.७ इन्चको एज टू एज डिस्प्ले यसको

गुगल सर्चमा पर्सनल ट्याब

*गुगल*ले प्रयोगकर्ताका हरेक सर्च रिजल्टमा पर्सनल भन्ने नयाँ ट्याब थपेको छ । यो फिचर अहिले नै सबैका लागि उपलब्ध भइसकेको छैन । तर, निकट भविष्यमा यो सबैका लागि उपलब्ध हुनेछ ।

प्रयोगकर्ताले गर्ने हरेक *गुगल* सर्चमा इमेज, भिडियो न्युज आदि ट्याब हुन्छन् । जहाँ सर्च गरिएका किवर्ड अनुसारका फोटो, भिडियो वा न्युज भेटिन्छन् । अब यही बीचमा पर्सनल ट्याब थपिन लागेको हो । यसमा हरेक गुगल सर्चमा प्रयोगकर्ताका पुराना डाटा पनि भेटिनेछन् । जस्तै : *गुगल*मा काठमाडौं भनेर सर्च गरे, पर्सनल ट्याबमा काठमाडौंसँग सम्बन्धित प्रयोगकर्ताका डाटा देखिन्छ । प्रयोगकर्ताले इमेल, *गुगल* ड्राइभ, *गुगल* फोटो आदि प्रयोग गर्दा कतै काठमाडौं भन्ने उल्लेख भएका कुराहरू देखिनेछन् ।



यो फिचर प्रयोग गर्नका लागि सर्च गर्नुअघि प्रयोगकर्ताले *गुगल* अकाउन्ट लगइन गरेको हुनुपर्छ । नत्र इमेल वा *गुगल* ड्राइभका अर्काइभमा सर्च हुँदैन । *गुगल* सर्चमा पर्सनल फिचर सधैं राम्रो हुन्छ भन्ने छैन । प्रयोगकर्ताले यसलाई डीसएबल गर्नका लागि *गुगल* अकाउन्टबाट साइन आउट गरेपछि मात्रै सर्च गर्नुपर्छ ।

अर्को राम्रो पक्ष छ । अर्थात् यसको अगाडिको भागमा पूरै डिस्प्ले स्क्रिन रहनेछ । यसमा चार जीबी र्‍याम र १ सय २८ जीबी आन्तरिक मेमोरी रहनेछ । यो स्मार्टफोन सात सय डलरमा उपलब्ध हुने बताइएको छ । ३६० डिग्री क्यामेरासहित यसको मूल्य ७ सय ५० डलर रहनेछ ।

ट्वीटरमा डीएम फिल्टर

ट्वीटरले डाइरेक्ट म्यासेज (डीएम)मा एउटा नयाँ फिल्टर थपेको छ, प्रयोगकर्ता आफूले फलो नगरेका व्यक्तिले पठाएका डीएम पहिला एक्सेप्ट गर्नुपर्ने । यस्तो फिचर *फेसबुक*मा भने पहिलादेखि नै थियो ।

अनावश्यक म्यासेजले म्यासेज बक्स भरिन नदिनका लागि यो फिल्टर निकै आवश्यक थियो । अब ट्वीटरको म्यासेज बक्समा इनबक्स र रिक्वेस्ट लेखेका दुईवटा ट्याब देखिनेछन् । इनबक्समा आफूले फलो गरेका प्रयोगकर्तासँगका म्यासेज हुनेछन् भने फलो नगरिएका प्रयोगकर्ताबाट आएका म्यासेज रिक्वेस्ट ट्याबमा रहन्छन् । यस्ता रिक्वेस्ट म्यासेज एक्सेप्ट गरिसकेपछि भने इनबक्समा जान्छ ।



तर, प्रयोगकर्ताले रिक्वेस्ट म्यासेज हेरेको वा डिलिट गरेको कुरा पठाउनेलाई थाहा हुँदैन । म्यासेजसँगै कसैले अनावश्यक फोटो वा भिडियो पठाएको भए त्यसलाई पनि सीधै डिलिट गर्न सकिन्छ र यो पनि पठाउनेलाई थाहा हुँदैन । एक पटक डिलिट गरिए पनि प्रयोगकर्ताले फेरि रिक्वेस्ट म्यासेज पठाउन भने सक्नेछन् । फलो नगरिएका प्रयोगकर्ताले कुनै म्यासेज पठाउन नमिल्ने बनाउनका लागि उसलाई ब्लक गर्नुको विकल्प छैन ।

संयोजन : ज्ञानेन्द्र आचार्य

हिमाली भरिया

■ आरके अदीप्त गिरी

हिमालको कल्पना गर्दा हाम्रो मस्तिष्कमा चौँरी स्वतः जोडिन आइपुग्छन् । यिनै चौँरीहरू देशको उपल्लो पहाडी तथा हिमाली भेगका भरपर्दा भरिया माध्यम पनि हुन् । चौँरीको सहायताले नै हिजोदेखि आजसम्म हाम्रा हिमाली क्षेत्र बजारसँगको सहज पहुँचमा छन् । तस्बिरमा देखिएका चौँरीहरू खुम्बु क्षेत्रको नाम्चे बजारबाट सगरमाथा आधार शिविरसम्मका लागि सामान ढुवानी गर्न प्रयोग गरिंदै छन् । ◆

तस्बिर : महेश प्रधान

अर्पण आउट

त्यसो त अर्पण थापालाई फिल्मको कमी छैन । तर पनि घोषणा भइसकेको फिल्मबाट निस्किनुपर्दाको पीडा पक्का पनि कम हुँदैन । यस्तै नमीठो भोगाइ सँगालेका छन्, फिल्म *रूद्रप्रिया*बाट । रेखा थापाको अभिनय र निर्माण रहने यस फिल्मका मुख्य दुई अभिनेतामध्ये अर्पण पनि एक थिए । रेखाले मिडियामै यसको खुलासा पनि गरेकी थिइन् तर दुर्भाग्य ! के भइदियो भने सुटिङको मुखैमा अर्पण 'आउट' भए । अनि, 'इन्ट्री' भयो आर्यन सिग्देलको । भन्नलाई त अर्पण *आधा लभ*को पोस्ट प्रोडक्सनमा व्यस्त रहेकाले *रूद्रप्रिया* खेल्न नसकेको भनिएको छ । तर, आर्यनको आगमनलाई यसको कारक मानिएको छ । फेरि *रूद्रप्रिया*बाट बहिर्गमनमा पर्ने अर्पण मात्र होइनन्, सुदर्शन थापाले पनि त्यस्तै नियति भोग्नुपरेको छ । ◆

न हिट, न फुर्सद

होस्टेल *रिटर्न्स*बाट डेब्यु भएकी शशी श्रेष्ठ त गुमनाम भइसकिन् । धन्न स्वस्तिमा खड्काले त्यस्तो विडम्बना भोग्नुपरेको छैन तर उनको करिअरले पनि गति लिन सकेको छैन । *लभ लभ लभ*ले पैसा र प्रशंसा दुवै नकमाएपछि भने स्वस्तिमालाई पिर परेको छ । कारण, यस फिल्मकी एकल हिरोइन हुन् उनी । हिरो सुरज पाण्डे पनि नयाँ । त्यसैले अपजसको भार आफैंले बोक्नुपर्‍यो । तैपनि, सुन्दर मुहारकी धनी स्वस्तिमा बेफुर्सदी भने छैनन् । *प्रेमगीत २* को 'मोटरसाइकल...' र *दुई रूपियाँ*को 'कुटुमा कुटु...'मा कम्मर मर्काउन पाइन् । अझ *दुई रूपियाँ*को गीतमा त पति निश्चल बस्नेतसँग नाच्ने मौका पनि पाएकी छन् । त्यति मात्र होइन, *छक्का-पन्जा*को सिक्वेलमा पनि अटाएकी छन्, स्वस्तिमा । ◆

बल्ल मुख्य भूमिका

सुरुमा *ड्रिम्स*मा मुख्य भूमिकाकै रूपमा प्रचार गरिएको थियो, सन्ध्या केसीलाई । तर, प्रचारप्रसारमा पूरै बेवास्ता गरियो । साम्राज्ञीराज्य लक्ष्मी मात्र छाइन् जतातत‍ै । हुन पनि सन्ध्या चास्नी भूमिकामै सीमित रहिछन् । त्यसैले *ड्रिम्स*को सफलताले सन्ध्यालाई कुनै फाइदा भएन । लगत्तै पीडामाथि पीडा थपियो । *सायद २* बाट निकालिइन् उनी । सुरुआती दिनमै यस्तो ठक्कर खाएपछि छायामा परेकी सन्ध्याले बल्ल प्रमुख भूमिका पाएकी छन् । फिल्म हो, *कमलेको बिहे* । प्रसन्न पौड्याल निर्देशित यस फिल्ममा सन्ध्याले अनुपविक्रम शाहीसँग स्क्रिन सेयर गरेकी छन् । फिल्मको ट्रेलरबाट उनी आधुनिक र बोल्ड युवतीको भूमिकामा रहेको छनक पाइन्छ । कमेडी जनराको यस फिल्मले सन्ध्याको साख बचाउला ? ◆

सुटिङमा अलमल

गाजलु रिलिज भएको एक वर्षपछि बल्ल सृष्टि श्रेष्ठले नयाँ फिल्म पाइन्, *रोमियो एन्ड मुना* । नरेश कुमार निर्देशित यस फिल्ममा उनले गाउँले युवती मुनाको भूमिका पाएकी छन् तर पूर्वमिस नेपालसमेत रहेकी सृष्टि *रोमियो एन्ड मुना*को सुटिङ नसक्दै अर्को फिल्ममा अनुबन्ध भएकी छन् । उक्त फिल्म हो, *लाउरे* । धरान आसपासका क्षेत्रमा रोमियो एन्ड मुनाको करिब ८० प्रतिशत छायांकन सकिएको छ । बाँकी काठमाडौँमा गर्ने सेड्युल थियो । तर, सृष्टि *लाउरे*मा व्यस्त हुने भएपछि *रोमियो एन्ड मुना*को सुटिङमा समस्या आएको हो । उसो त धरानमै सुटिङ भइरहँदा सुष्टिबाट समन्वयकारी भूमिका पाएको थिएन फिल्म युनिटले । *लाउरे*को वर्कसपका लागि भन्दै उनी काठमाडौं आएपछि सुटिङ लम्बिएको थियो । ◆

हिन्दी भर्सेज अंग्रेजी

गोकर्ण गौतम

चेतन भगतका अक्सर उपन्यासमाथि फिल्म बनेका छन् । आखिर उनको लेखन शैली आफैंमा सिनेमाको पटकथाभन्दा कम रोचक कहाँ हुन्छ र ? खास गरी नयाँ पुस्ताका प्रेम र करिअरका अन्तरकथालाई उधिन्न माहिर मानिन्छन् उनी । दुई वर्षअघि बजारमा आएको उपन्यास *हाफ गर्लफ्रेन्ड* पनि त्यस्तै हिट भयो । यही उपन्यासमाथि मोहित सुरीले फिल्म बनाएका छन् । कथा मात्र होइन, नाम पनि उपन्यासकै सापटी लिएर । भारतका भिन्न राज्यमा हुर्किएका किशोरकिशोरीको सम्बन्धमा आउने उतारचढाव हो, *हाफ गर्लफ्रेन्ड* । मुख्य भूमिकामा युवापुस्ताका ढुकढुकी मानिने अर्जुन कपुर र श्रद्धा कपुर छन् । तर, उपन्यास पढ्दा जति मज्जा आउँछ, फिल्ममा त्यसको प्यास मेटिँदैन । जबकि, चेतनका उपन्यासमाथि बनेका *थ्री इडियट्स, हेल्लो* र *टू स्टेट्स*मा पुस्तकको साख गिरेको थिएन । यसपटकचाहिँ पटकथालाई कसिलो बनाउन नसक्दा निर्देशक चिप्लिएका छन् ।

बिहारका माधव (अर्जुन)ले दिल्ली विश्वविद्यालयको सेन्ट स्टेभन्स कलेजमा पढ्ने मौका पाएका छन्, खेलकुद कोटामा । बास्केटबलमा खारिएका माधवलाई अंग्रेजी भने फिटिक्कै आउँदैन । न त हुलिया र आनीबानी नै आधुनिक छ । तर, उनी सोही कलेजमा अध्ययनरत रिया सोमानी (श्रद्धा)लाई मन पराउन थाल्छन् । जसको परिवार सम्पन्न त छ नै, अंग्रेजी पनि उस्तै । उनीहरूलाई बास्केटबलले नजिक्याउँछ । माधवले प्रेम प्रस्ताव राख्दा केवल हाफ गर्लफ्रेन्ड बन्न राजी हुन्छिन्, रिया । माधवको चित्त दुख्छ । अब के अन्तरमुखी स्वभावकी रियालाई पूर्ण प्रेमिका बनाउन माधव सफल होलान् ? फिल्मको कथा यसकै वरपर घुमेको छ ।

हाफ गर्लफ्रेन्ड मध्यान्तरअघि सुस्त र घिसिपिटी छ भने मध्यान्तरपछि अनावश्यक गम्भीर । माधवले रियालाई पट्याउने तरिका र रियाको प्रतिक्रिया नवीन लाग्दैन । उपन्यासमा छोटा र चोटिला संवादले तान्थ्यो तर पटकथामा रूपान्तरण गर्दा ती संवाद छुटाइएको छ । माधव र रियाको चरित्रलाई बलियो बनाएर दर्शकलाई आत्मसात् गराउन अल्छी गरिएको छ । एक त यसको कथामा खास ट्वीस्ट छैन, आक्कलझुक्कल फिल्म हेर्नेले पनि अनुमान लगाउन सक्छन्, त्यसमाथि ‘ट्रिटमेन्ट’ गतिलो नभए पनि फिल्म पट्यारलाग्दो हुने भइहाल्यो । समाज र परिवारका अनेक आयामलाई बेवास्ता गर्दै दुई पात्रमा मात्र अल्झिएकाले फिल्म सतही भएको छ ।

अंग्रेजी नजानेर माधवभित्रको हीनताबोध मार्मिक लाग्छ । मुख्य पात्रको नजरबाट हेर्दा यो फिल्मको मुख्य प्लट हिन्दी भर्सेज अंग्रेजी हो । बिहारी केटालाई दिल्लीमा हेर्ने दृष्टिकोणले भारतभित्रको विभेदको खाडल अनुमान लगाउन सकिन्छ । पारिवारिक बिखण्डनको चपेटामा परेकी रिया देख्दा आधुनिक लाग्छिन् तर उनको मनभित्र अरू केही कुरा खेलिरहेको हुन्छ । खासमा उनी माधवकै भलाइका लागि हाफ गर्लफ्रेन्ड बनेकी हुन्छिन् । किनभने, उनीहरूको पारिवारिक संसारमा आकाश-पातालको फरक छ । तर, आमाको आशीर्वचन ‘कहिल्यै हार नमान्नु, हारलाई हराउन सिक्नु’मा हुर्किएको माधव कहाँ पछि हट्थ्यो र !

इन्डिया गेटमाथिको दृश्यले आँखा लोभ्याउँछ । यसभन्दा आकर्षक चाहिँ न्युयोर्कमा खिचिएका कयौँ दृश्य छन् । बिहारमा बिल गेट्स फाउन्डेसनमार्फत भइरहेको विकासलाई पनि फिल्ममा देख्न पाइन्छ । माधवको चरित्र थोरै बलियो हुनुको कारण यही हो । ‘बारिस...’, ‘तु ही है...’जस्ता गीत कथा अनुरूप नै छन् । तर, अर्जुन र श्रद्धाको जोडीलाई धमाकेदार बनाउन निर्देशक चुकेका छन् । अभिनयको कोणबाट अर्जुन अब्बल लाग्छन् । उनले बिहारी केटोमा ढाल्न निकै मिहिनेत गरेको पर्दामा प्रस्ट आभास हुन्छ तर श्रद्धा कामचलाउ मात्र लाग्छिन् । सायद उस्तै शैलीको चरित्र हुनुको परिणाम हो, यो । बरू, अर्जुनको साथी बनेका शैलेश (विक्रान्त मास्से)ले सम्झनालायक काम गरेका छन् ।

उपन्यास औधि मन परेकाले फिल्म हेर्दा धीत मर्दैन तर उपन्यास नपढेका र अर्जुन-श्रद्धाका फ्यानका लागि भने समय व्यतित गर्ने मेलो हुन सक्छ, *हाफ गर्लफ्रेन्ड* । ◆

CALLING ALL FUTURE LEADERS

It's time to give the future leader inside you the right educational direction.
The Time to Act is Now.

Connect with experts from over 100 top educational institutions at one place, and give your future the right nudge toward excellence.

Date: 1-4 June, 2017 (18-21 Jestha, 2074)
Time: 10 AM to 6 PM
Venue: Bhrikuti Mandap Exhibition Hall

4th KANTIPUR HISSAN edufair 2017
JUNE 1-4

Last Day

उत्कृष्ट शिक्षा नेपालमै...

Main Sponsors:

Himalayan Whitehouse International College | Goldengate Int'l College | Global College of Management | KIST College & HS | Nobel Academy Secondary School

Sponsors:

Pentagon International College | CCRC | V.S. Niketan College "Dedicated to Excellence" | NIST Celebrating 25th Anniversary | Triton International SS/College | Little Angels' College | Trinity International College | Premier College (An ISO 9001:2008 Certified College, An initiative by CG) | KMC Educational Network | Uniglobe SS/College "Bringing the best together" | CASIO

Supported by:

Herald College Kathmandu

In Association with:

Tribhuvan University | Mid-Western University | Pokhara University | Purbanchal University | CTEVT | National Examinations Board

ORGANIZED BY:

कान्तिपुर

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल
HIGHER INSTITUTIONS AND SECONDARY SCHOOLS' ASSOCIATION NEPAL (HISSAN)
ट्रेडटावर नेपाल, थापाथली, काठमाडौं | फोन नं: ०१-५१११०५५, ५१११०४० | e-mail: hissannepal@gmail.com | www.hissan.org.np

गोकर्ण गौतम

ट्याक्सी प्रसंग– १

रातको पौने ९ बजेको छ । म दरबारमार्गमा छु, ठ्याक्कै ट्राफिक प्रहरी बिटअघिल्तिर । पुग्नुछ, वनस्थली । छेवैको ट्याक्सी ड्राइभरलाई भने, 'ब्रो, वनस्थली जाऊँ ।' उनको जवाफ ठाडो थियो, 'कति दिनुहुन्छ ?' मिटरमा जान आग्रह गरेँ । टेर्दै टेरेनन् । हतार भइसकेको थियो, विवादमा अल्झिन चाहिनँ । अर्को ट्याक्सीतिर नजर डुलाउँदै थिएँ । एक जना ट्राफिक प्रहरीले सोधे, 'त्यो ट्याक्सीले के भन्यो ?' भएको कुरा बताइदिएँ । उनले मलाई फेरि एकपटक अनुरोध गर्न भने । प्रहरीले भनेजस्तै गरेँ । 'के ल्याङल्याङ गरिरा' भन्दै ट्याक्सीवाला उल्टै बम्किए । यो सब हर्कत देखिरहेका प्रहरीले उनलाई सीधै चिट थमाइदिए, पाँच हजार रुपियाँको । ड्राइभर चुइक्क बोलेनन् । प्रहरीले मतिर फर्केर भने, 'सर ! अब जानूस् ।' जाऊँ कि नजाऊँ ? दोधारमा परेँ । ड्राइभर हेर्दा मजत्रै देखिन्थे, के गर्ला र ? भन्ने लाग्यो । ट्याक्सीभित्र छिरेँ ।

सोह्रखुट्टेको ओरालोसम्म न उनी बोले, न म । मलाई खसखस लाग्यो र मौनता तोडेँ, 'तपाईंको घर कता हो ?' मिजासिलो स्वरमा भने, 'हेटौंडा ।'

हो र ? आफ्नो ठाउँकै परेछन् । 'हेटौंडा कहाँ ?' सोधेँ । उनले भने, 'हात्तीसुँडे ।' त्यसपछि त झन् चकित । किनभने, हामी एउटै जिल्ला मात्र होइन, एउटै गाविसको परेछौं । अहिले गाउँपालिका भएको छ । हेटौंडाबाट मेरो गाउँ छतिवन कटेरै हात्तीसुँडे पुगिन्छ । बुझ्दै जाँदा हामीले एकै वर्ष एसएलसी पास गरेका रहेछौं । प्लस टूमा कलेज पनि एउटै । उनले शिक्षा संकाय पढेका रहेछन्, मैले मानविकी । हामीले 'कमन फ्रेन्ड'बारे पनि बात मार्‍यौं । दुई वर्ष दुबई बसेर फर्किएपछि किस्तामा ट्याक्सी किनेका रहेछन् साथीले ।

वनस्थली पुगियो । मैले मिटरमा उठेको भन्दा धेरै भाडा दिन चाहेँ । उनले लिनै मानेनन् । छुट्टिने बेला 'सरी' भनेँ । उनले हाँस्दै भने, 'सरी नभन्नूस्, बरू यसपालि दसैंमा रमाइलो गर्नुपर्छ ।'

ट्याक्सी प्रसंग– २

एक्कासि पेट दुखेर छटपटी भयो । बल्लतल्ल ढुंगेधारा चोक आइपुगेँ । ट्याक्सी देख्नासाथ 'मनमोहन अस्पताल जाऊँ न' भनेँ । ती ट्याक्सीवालाले मेरो अनुहारबाटै मभित्रको पीडा अन्दाज गर्न सक्थे । तैपनि, अस्पताल पुर्‍याउनु पहिल्यै 'कति दिनुहुन्छ' भनेर सोधे । मिटरमा जान अनुरोध गर्दा फिस्स हाँस्दै भने, 'खासमा म महाराजगन्ज जान थालेको । तर, तपाई बिरामीजस्तो लागेर मात्र...।' २ सय ५० नदिई नजाने भए उनी । जबकि, मिटरमा मुस्किलले सय रुपियाँ उठ्ला । आखिर उनले भनेजत्तिकै नदिई सुखै भएन । अस्पताल पुगेपछि हातमा पैसा थमाउँदै भनेँ, 'बिरामी भएका बेला पनि ठग्नुभयो । ठगेको पैसाले तपाईंको फलिफाप होस् ।'

त्यसको त्यही १० दिनजति पछि ढुंगेधारा चोकमा एक अधबैंसे हडबडाएझैं मनजिकै आएर सोधे, 'सर अलि अस्ति यहाँबाट ट्याक्सीमा मनमोहन जानुभएको थियो, हैन ?' मैले 'हो' भनेपछि उनले हतारिँदै पैसा दिन खोजे । उनी त त्यही ट्याक्सी ड्राइभर रहेछन् । मैले लिन नमानेपछि एकोहोरो बोल्न लागे, 'सरसँग पैसा लिँदैखेरि मलाई ननिको लागेको थियो । त्यहाँबाट सीतापाइला गएँ, एउटा बाइकलाई ठक्कर दिन पुगेँ । पाँच हजार रुपियाँ खर्च लाग्यो । तनाव त्यस्तै ।' त्यति मात्र होइन, त्यसको पर्सिपल्ट लैनचौरमा लेन क्रस गर्दा प्रहरीले जरिवाना तिरायो । भन्दै थिए, 'त्यसपछि त यो चोक धेरैचोटि आएँ, सरलाई भेटिन्छ कि भनेर ।' अनि त मैले पैसा फिर्ता नलिई धरै पाइनँ ।

पाप धुरीबाट कराउँछ भन्थे, यही हो त ?

ट्याक्सी प्रसंग– ३

पहिले थोरै 'फ्ल्यासब्याक'मा जाऔँ । प्रकाश अर्याल प्रहरी महानिरीक्षक बन्नुअघि ट्राफिक प्रहरी महाशाखाका प्रमुख थिए । 'मिटरमा जान नमान्ने' र 'धेरै भाडा असुल्ने' ट्याक्सी ड्राइभरलाई तह लगाउन उनी निकै सक्रिय थिए । त्यतिबेला उनले नागरिकका लागि मिडियामार्फत एउटा नम्बर बाँडेका थिए, ९८५१२९५१०० । उनी ट्राफिक प्रमुख भइन्जेल त्यो नम्बरको काम परेन । महिना दिनअघि रातको साढे आठ बजेको हुंदो हो, ट्याक्सीवाला पुतलीसडकबाट वनस्थली मिटरमा जान मानेनन् । वरपर प्रहरी देखिनँ । अनि, त्यही नम्बरमा फोन गरेँ । काटियो । त्यसपछि म्यासेज पठाएँ । तर, कुनै जवाफ पाइनँ । मसँग ट्याक्सीवालाले भनेबमोजिम पैसा बुझाएर जानुको विकल्प रहेन ।

त्यसको तीन दिनपछि उक्त नम्बरबाट 'नोटिफिकेसन' आयो । अंग्रेजीमा लेखिएको थियो, 'जब ट्याक्सी मिटरमा जान मान्दैन, तपाईंले हामीलाई गुनासो गर्न सक्नुहुन्छ । वा, १०३ मा फोन गरेर गुनासो दर्ता गराउन सक्नुहुनेछ, धन्यवाद ।'

यतिबेला ट्राफिक प्रहरी महाशाखाको कमान्ड सम्हालिरहेका छन्, डीआईजी मिङमार लामा । तर, के आफैंले चलाएको अभियानमा यति सुस्तता आएको छ भन्ने हेक्का होला त, आईजी सा'बलाई ? ♦

Industrial Exhaust Roof Fan

PURE STAINLESS STEEL

FREE FITTING SERVICE

AFTER SALES SERVICE

Kindly drop a mail for placing an order

Features of Industrial Exhaust Roof Fan:

1. No consumption of electricity.
2. Easy Installation & Maintenance.
3. Rotary stability and quietly improve the inner environment of the room.
4. Use Complete senior axis bearing, no lubrication and solid performance.
5. Corrosive resistance, acid & alkali resistance and long service life.
6. 6 months Warranty.

AMAN TRADE LINKS

Head Office: ***ROHIT 9811164400*** ***AMAN 9801021671***
Contact No.: 01-4252314, 9855021671, 9802021671, **Butwal Dealer:** 9857030704
Biratnagar Dealer: 9852021033, **Birgunj Dealer:** 051-522484, 9815240806, 9855021340
Kathmandu Dealer: 9851064619
Email: akgadia123@yahoo.com
Loharpatti, Ward No.-7, Birgunj

Visit our exclusive showroom, Kupandole, Contact: 9841810179 (Kunalji)
Sitapaila, Kathmandu, Contact: 9808559919 (Shusilaji)

You may also contact us for dealership

ENJOY LIFE'S
SIMPLE MOMENTS
ORIGINAL
APPLE
4.5%
ALCOHOL
SOMERSBY
SOMERSBY
APPLE CIDER
REFRESHINGLY CRISP TASTE
FRUITY
ORIGINAL
FLAVOUR
ALC 4.5% VOL
SERVE OVER ICE
Somersby apple cider is an easy to drink alcoholic beverage based on fermented apple juice.
The perfect drink to enjoy during the late afternoon or as a happy hour drink anytime.
#CheersResponsibly
18+